# सार्वजनिक लेखा समितिको
# पाँचौं वार्षिक प्रतिवेदन, २०८१

(प्रदेश सभाको मिति २०८१/०६/०४ गतेको बैठकबाट स्वीकृत)

कोशी प्रदेश सभा

## सार्वजनिक लेखा समिति

विराटनगर, नेपाल

सभापति

# सार्वजनिक लेखा समिति



सभापति (जेष्ठ सदस्य)

**मा. किशोरचन्द्र दुलाल**



सदस्य

**मा. गितारानी महतो**



सदस्य

**मा. दुर्गा प्रसाद चापागाई**



सदस्य

**मा. प्रेमराज थाम्सोहाङ**



सदस्य

**मा. भीम पराजुली**



सदस्य

**मा. यशोदा कायस्थ**



सदस्य

**मा. रेवती रमण भण्डारी**



सदस्य

**मा. सदानन्द मण्डल**



सदस्य

**मा. हिमाल कार्की**



सदस्य

**मा. पाँचकर्ण राई**



सदस्य

**मा. प्रदिप कुमार सुनुवार**

(मन्त्री भई जानुभएकोले हाल समितिमा नरहनुभएको)

सभापति

# मन्तब्य

**माननीय सभामुख महोदय,**

कोशी प्रदेश सार्वजनिक लेखा समितिको सभापतिको हैसियतले समितिको पाँचौं बार्षिक प्रतिवेदन, २०८१ लाई यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मलाई गौरब लागेको छ। यस प्रदेशमा सार्वजनिक लेखा समितिको गठन प्रदेश अन्तर्गतका सबै सार्वजनिक निकायको अनियमितता, स्रोत साधनको हिनामिना र दुरुपयोग तथा भ्रष्टाचार नियन्त्रण लगायत प्रदेश सरकारलाई वित्तीय अनुशासनमा राख्नका लागि भएको हो भन्ने कुरा यस सदनलाई अवगत नै छ। सोही अनुसार प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउनु, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको निगरानी र मूल्यांकन गरी आबश्यक निर्देशन वा राय सल्लाह दिनु, महालेखापरीक्षकको प्रदिवेदन उपर छलफल गरी बेरुजु फछ्र्यौट गराउनु समितिको मुख्य कार्य रहेको छ। साथै प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुको नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको मूल्यांकन गरी राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी बार्षिक अनुमान गर्ने तरीका, बार्षिक अनुमानमा निहीत नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र बार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ, सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भएको निक्यौंल गर्ने, प्रदेश सरकारद्वारा प्रचलित ऐन नियम अनुरुप भए गरेका काम कारवाही बारे अध्ययन गरी सम्बन्धित निकायलाई आबश्यक निर्देशन दिने लगायतका कार्य क्षेत्र रहेका छन्।

**माननीय सभामुख महोदय,**

सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरु उपर छलफल गरी सार्वजनिक खर्च गर्ने परिपाटीमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यतासमावेश भए नभएको, आर्थिक अनुशासन उल्लंघनकर्तालाई कानूनको दायरामा ल्याउन सकिएको छ, छैन? सुशासन अभिबृद्धि गर्ने तर्फको काम कारवाहीको स्थिति सन्तोषजनक छ, छैन? भन्ने बिषय अध्ययन गरी उल्लेखित कार्यहरुलाई दक्षतापूर्वक सञ्चालन गराउन अवलम्वन गर्नुपर्ने नीति वा कार्य प्रणाली बारे खुलाई सभामा पेश गर्ने सम्मका कार्य यस समितिको कार्यक्षेत्र भित्र पर्दछ। यस प्रतिवेदनमा बिशेष गरी बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राखी सम्पादित भएका कार्यहरुलाई समेटिएको छ।

एका तर्फ प्रदेशको बेरुजुको आकार बढ्दै गइरहेको अवस्था छ भने अर्को तर्फ समिति गठनमा ढिलाई हुनु, हालसम्म सभापतिको चयन नहुनु जस्ता कारण समितिको काम कारवाहीमा प्रभावकारीता आउन नसकी महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरु माथि पऱ्याप्त छलफल हुन सकिरहेको थिएन। मिति २०८० कार्तिक २२ मा समितिको गठन भए पश्चात उक्त कार्यलाई प्राथमिकताका साथ अघि बढाई छोटो समय मै हाल महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदन माथिको छलफल सम्पन्न गरिएको छ भने केही मन्त्रालय तथा निकायहरुको सबै प्रतिवेदन माथि छलफल गरिसकिएको छ। यसका साथै समितिले कार्यालयस्तरमा बेरुजु सम्बन्धी छलफल र केही बहुबर्षीय आयोजनाहरुको स्थलगत अनुगमन समेत गरेको छ। समितिले हालसम्म २८ वटा बैठक बसी कार्यसम्पादन गरिसकेको छ। बेरुजु फछ्र्यौट तथा सम्परीक्षणमा मन्त्रालय तथा निकायहरु र मातहत कार्यालयहरु समेतको आबश्यक सक्रियता नदेखिएको पाइएइको छ। यस कार्यमा सरोकारवालाहरुको सक्रियता हुन जरुरी

देखिन्छ। किनकि बेरुजुको चाङ् बढेको बढ्यै छ। यसलाई न्यूनिकरण गर्नैपर्दछ। आगामी दिनमा समितिले समितिको कार्यक्षेत्र भित्र परेका सार्वजनिक लेखासँग सम्बन्धित बिषयमा सरोकारवाला समेतलाई बोलाई अझ घनिभूत रुपमा छलफल अगाडी बढाउने व्यहोरा यस सम्मानित सदनमा अभिव्यक्त गर्न चाहान्छु।

**माननीय सभामुख महोदय,**

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्दै अभिभावकीय भूमिका निर्वाह गर्नुहुने माननीय सभामुखज्यू र उपसभामुखज्यू प्रति म हार्दिक आभार व्यक्त गर्दछु। समितिका क्रियाकलापमा सक्रिय सहभागिता जनाई आ-आफ्नो भूमिका निर्वाह गर्नुहने समितिका सबै माननीय सदस्यहरु, प्रदेश सभाका सचिव लगायत सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। विभिन्न बैठकमा महालेखापरीक्षकको कार्यालयबाट महालेखापरीक्षक, नायव महालेखापरीक्षक र निर्देशकहरु उपस्थित भएर आबश्यक सल्लाह, सुझाव र परामर्श प्रदान गरी सहभागिता जनाउनुभएको छ। वहाँहरु प्रति समेत म हार्दिक धन्यवाद ज्ञापन गर्दछु। समितिको प्रभावकारिता अभिवृद्धिका लागि सहयोग गर्नुहुने सञ्चार जगत तथा आफ्नो ज्ञान, अनुभव र राय सुझावका लागि बिभिन्न निकायका विज्ञहरु तथा अन्य व्यक्तित्वहरुलाई समेत हार्दिकधन्यवाद दिन चाहन्छु। समितिका हरेक क्रियाकलापमा साथमा रही सहयोग गर्नुहुने समिति सचिव र समिति सचिवालयका कर्मचारीहरुलाई बिशेष धन्यवाद दिदै प्रदेश सभा नियमावली, २०७४ को नियम १४३ बमोजिम सार्वजनिक लेखा समितिको पाचौं बार्षिक प्रतिवेदन, २०८१ यस सम्मानित सभामा स्वीकृतिका लागि पेश गर्दछु।

धन्यवाद।

भाद्र २०८१

किशोर चन्द्र दुलाल
सभापति
सार्वजनिक लेखा समिति
कोशी प्रदेश सभा

# विषय सूची


**परिच्छेद-१परिचय ........................................................................................ १**

१.१ पृष्ठभूमी ........................................................................................................१
१.२ समितिको गठन ...............................................................................................२
१.३ समितिको कार्यक्षेत्र .............................................................................................२
१.४ समितिको काम, कर्तव्य र अधिकार.........................................................................३
१.५ समितिको कार्य प्रक्रिया .......................................................................................४
१.६ समितिको सीमा.................................................................................................४
१.७ समितिको सचिवालय ..........................................................................................४

**परिच्छेद- २समितिको भूमिका ........................................................................... ५**

२.१ समितिको बैठकका निर्णयतथा निर्देशनहरु................................................................५
२.२ समितिले हालसम्म सम्पन्नगरेका मुख्य मुख्य गतिविधिहरु ........................................१५१
२.३ आर्थिक अनुशासनमा सार्वजनिक लेखा समितिको भूमिका..........................................१५१

**परिच्छेद-३समीक्षा र निष्कर्ष .............................................................................१५३**

३.१ समीक्षा.......................................................................................................१५३
३.२ निष्कर्ष.......................................................................................................१५३


**अनुसूचीहरु**

सभापति

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमी

सार्वजनिक लेखा समिति संसद्को एउटा महत्वपूर्ण विषयगत समिति हो। यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसदमा सन् १८६१ मा भएको थियो। सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो।राज्यकोषको खर्च संसद्ले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो। बेलायतमा स्थापित परम्पराअनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ। नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखिनै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो। हाल नेपालको संविधानको धारा१९३ वमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारवाट भए गरेका काम कारवाहीको अनुगमन मूल्याङकन गरी आवश्यकनिर्देशन तथा राय सल्लाह दिन समेतका लागि संघीय संरचना अनुसार कोशी प्रदेशको प्रदेशसभा नियमावली २०७४ को नियम १३१ वमोजिम वढिमा १७ सदस्य रहने गरी ७ वटा विषयगत समिति रहने ब्यवस्था रहेको छ। त्यसै अनुरुप प्रदेश सभा अन्तर्गत रहेका समितिहरु मध्ये सार्वजनिक लेखा समिति एक महत्वपूर्ण समिति हो। समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा १७ जना सदस्यहरू रहन सक्ने व्यवस्था भएता पनि ११ जना सदस्य रहेको समिति गठन भएको छ र आफ्नो कार्य क्षेत्र भित्र रही समितिले आफ्नो काम कारवाही नियमित रुपमा गर्दै आएको छ।

बिषयगत समितिले गर्ने कर्यहरु मध्ये प्रदेश सरकारका मन्त्रालय र अन्तर्गत निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको मुल्यांकन गरी राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी बार्षिक अनुमान गर्ने तरीका, बार्षिक अनुमानमा निहीत नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र बार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट सभामा समय समयमा दिएका आस्वासनहरुलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरु उठाइएका छन्, सो सम्बन्धमा बिषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको,प्रदेश सरकारद्वारा प्रचलित ऐन नियम अनुरुप भए गरेका काम कारवाही बारे अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने तथा प्रदेश सरकारद्वारा समय समयमा गठन हुने छानविन वा जाँचबुझ आयोग वा समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन, मन्त्रालयहरुबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा

प्रतिवेदन पेश गर्ने कार्य समेत समितिले गर्दछ। सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन गरी आफ्नो क्षेत्रभित्र पर्ने निकायहरुसँग छलफल, अनुगमन, मूल्यांकन गरी आवश्यक निर्देशन र राय सल्लाह दिने काम समितिले गर्ने गरेको छ।

## १.२ समितिको गठन

प्रदेश सभा नियमावली, २०७४ मा सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रदेश सभामा बिषयगत समितिहरु गठन गर्ने व्यवस्था भए अनुरुप प्रदेश सभाको दोस्रो कार्यकालका लागि २०७९ मंसिर ४ गते सम्पन्न निर्वाचन पछि २०८०कार्तिक २२ गते बसेको प्रदेश सभाको बैठकको सहमति बमोजिम माननीय सभामुखबाट समितिका सदस्यहरुको मनोनयन भई समितिको गठन भएको हो। समितिको गठन पश्चात जेष्ठ सदस्य मा. किशोरचन्द्र दुलालको अध्यक्षतामा मिति २०८० मंसिर९ गते पहिलो बैठक बसेको थियो। हाल सम्मपनि सभापतिको निर्वाचन नभएकोले जेष्ठ सदस्य कै अध्यक्षतामा बैठकहरु संचालन हुदै आएका छन्।हाल यस समितिमा ११ जना माननीय सदस्यहरु रहनु भएको छ।

**समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली**

| क्र.सं. | नाम,थर | जिल्ला | सम्वद्ध दल | कैफियत |
|---|---|---|---|---|
| १ | मा. किशोरचन्द्र दुलाल (जेष्ठ सदस्य) | तेह्रथुम | ने.क.पा. एमाले | |
| २ | मा. गितारानी महतो | मोरङ | ने.क.पा. एमाले | |
| ३ | मा. दुर्गा प्रसाद चापागाई | तेह्रथुम | ने.क.पा. (माओवादी केन्द्र) | |
| ४ | मा. पाँचकर्ण राई | खोटाङ | ने.क.पा. एमाले | हालसदस्य नरहनुभएको |
| ५ | मा. प्रदिप कुमार सुनुवार | ओखलढुंगा | नेपाली कांग्रेस | हालसदस्य नरहनुभएको |
| ६ | मा. प्रेमराज थाम्सोहाङ | पाँचथर | राष्ट्रिय प्रजातन्त्र पार्टी | |
| ७ | मा. भीम पराजुली | मोरङ | नेपाली कांग्रेस | |
| ८ | मा. यशोदा कायस्थ | सुनसरी | ने.क.पा. एमाले | |
| ९ | मा. रेवती रमण भण्डारी | सुनसरी | ने.क.पा. एमाले | |
| १० | मा. सदानन्द मण्डल | सुनसरी | नेपाली कांग्रेस | |
| ११ | मा. हिमाल कर्की | उदयपुर | नेपाली कांग्रेस | |

## १.३ समितिको कार्यक्षेत्र

यस समितिको कार्यक्षेत्र अन्तर्गत प्रदेशको सार्वजनिक लेखा, महालेखापरीक्षकको बार्षिक प्रतिवेदन र सम्वद्ध मन्त्रालय, कार्यालय तथा निकायमा भएको अनियमितता सम्बन्धी बिषय रहेको छ।

## १.४ समितिको काम, कर्तव्य र अधिकार

क) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय,विभाग, अयोग र निकायसँग सम्बन्धित विधेयकउपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने।

ख) मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यससँग सम्बन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

ग) मन्त्रालय, विभाग र अन्तर्गत निकायहरुको राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिकअनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउनसकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्नसकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव र निर्देशन दिने रआफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

घ) मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएको आश्वासनहरुलाई पुरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव र निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

ङ) विषयसँग सम्बन्धित सरकारी निकायकोसार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन,अनुगमन र मूल्याङ्कन गरीआवश्यक सुझाव र निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ,

च) प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेशगर्ने,

छ) प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

ज) मन्त्रालय, विभाग र अन्य निकायहरुबाट सम्पादन भएका कामको अनुगमन तथा मुल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक राय, सल्लाह निर्देशन दिने,

झ) बैठकले सुम्पेको अन्य काम गर्ने,

ञ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रमसञ्चालन गर्ने,

ट) माथिउल्लेखित खण्डहरु बमोजिमका कार्यहरु गर्दा समितिले सम्बन्धीत मन्त्रालयका मन्त्री, सचिव, विभागीय प्रमुख वा सम्बन्धीत अधिकारीहरु लाई समितिको बैठकमा आमन्त्रण गरी आवश्यक विषयमा प्रश्न सोध्ने, स्पष्ट हुने वा धारणा बुझ्नेकार्य गर्न सक्नेछ।

ठ) माथि उल्लेखित खण्डहरु बमोजिम कार्यसम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरु र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदान-प्रदान गर्न सक्नेछ।

ड) माथि जे सुकै कुरा लेखिएको भएता पनि कुनै मन्त्रालय विभाग वा निकायलाई निर्देशन दिनु पूर्व सम्बधित मन्त्रालय विभाग वा निकायसँग लिखित धारणा समितिले माग गर्ने र सोको अध्ययन विश्लेषणका आधारमा समितिले निर्देशन दिनुपर्दछ।

ढ) सम्बन्धित समितिले आबश्कता अनुसार कार्यवोझलाई मनन गरी उपसमिति गठन गर्न सक्नेछ।

## १.५ समितिको कार्य प्रक्रिया

समितिको सम्पूर्ण काम कारवाहीहरु समितिको बैठकको निर्णयको आधारमा सञ्चालन हुने गर्दछ। प्रदेशसभा नियमावली अनुसार समितिको बैठकको सभापतित्व सभापतिलेगर्ने व्यवस्था भए अनुसार बैठकहरु सञ्चालन हुदैआएका छन्।नियम अनुसार बैठकको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत रहने व्यवस्था छ। बैठक सञ्चालनको निम्ति सभापतिको निर्देशन पश्चात समिति सचिवालयले सम्पूर्ण सदस्यहरुलाई बैठक सञ्चालन सम्बन्धमा सचिवालयको हातामा सूचना टाँस गर्ने तथा प्रत्यक सदस्यहरुलाई SMS वा टेलिफोन मार्फत सूचना दिने गरिएको छ।

बैठकका निर्णयहरुलाई सभापतिले प्रमाणित गरी समिति सचिवालयमा लिखित अभिलेखको रुपमा राख्ने गरिएको छ। समितिको निर्णय अनुसार सम्बन्धित निकायलाई दिइने निर्देशन तथा सुझावहरुलाई तत्काल सम्बन्धित निकायमा पठाउने व्यवस्था गरिएको छ। समितिको बैठकमा छलफलको बिषयवस्तु अनुसार सम्बन्धित निकायका सरोकारवालाहरु र आवश्यक पर्दा बिशेषज्ञहरु समेतलाई आमन्त्रण गरी छलफल गर्ने गरिएको छ।

## १.६ समितिको सीमा

आबश्यकजनशक्ति, वजेट, सूचना प्रविधि, अध्ययन अनुसन्धान, अन्तर समिति समन्वय, पर्याप्त अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि, समितिले माग गरेको विवरण समयमा प्राप्त नहुनु जस्ता पक्षहरु कार्यसम्पादनको सिलसिलामा सिमाको रुपमा रहेका छन्।

## १.७ समितिको सचिवालय

| क्र.सं. | नाम,थर | पद |
|---|---|---|
| १ | श्री भवानी घिमिरे | समिति सचिव |
| २ | श्री कुमार फुयल | अधिकृत छैटौं |
| ३ | श्री आदर्श लामा | कार्यालय सहयोगी |

# परिच्छेद- २
# समितिको भूमिका

## २.१ समितिको बैठकका निर्णयतथा निर्देशनहरु

**बैठक संख्याः १**

मितिः २०८०/०८/०९ गते

**निर्णयः**

१. सार्वजनिक लेखा समितिको काम कारवाहीलाई मर्यादित र व्यवस्थित बनाउन समिति संचालन सम्बन्धी आन्तरिक कार्यविधिको मस्यौदा ७ (सात) दिन भित्र तयार गर्न माननीय रेवती रमण भण्डारी संयोजक तथा माननीय यशोदा कायस्थ सदस्य र माननीय सदानन्द मण्डल सदस्य रहने गरी तीन सदस्यीय उप समिति गठन गर्ने।

२. प्रदेशका मन्त्रालय र निकायहरुको म.ले.प. प्रतिवेदनले औंल्याएको बेरुजु र फछ्यौंटको अवस्था सम्बन्धमा प्रत्येक आ.व. गत रुपमा विवरण माग गर्ने। उक्त विवरण ७ दिन भित्र समितिमा आइपुग्ने गरी पठाउन निर्देशन समेत दिने।

**बैठक संख्याः २**

मितिः २०८०/०९/०४ गते

**निर्णयः**

१. सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधिको मस्यौदा निर्माण उप समितिका संयोजक माननीय रेवती रमण भण्डारीले पेश गर्नुभएको प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ देखि दफा २८ सम्मको समितिको आन्तरिक कार्यविधि सर्व सहमतिले पारित गर्ने।

२. सार्वजनिक लेखा समितिको आ.व. २०८०/०८१ को बार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने।

३. कोशी प्रदेशका मन्त्रालय तथा मातहत निकायबाट प्राप्त बेरुजु सम्बन्धी विवरण समितिले माग गरे बमोजिम बुँदागत रुपमा खुलाई नपठाएको देखिन आएको हुँदा मन्त्रालय तथा मातहत निकायको बेरुजु कुन प्रकृतिको हो ? त्यस्तो बेरुजु फछ्यौंटको लागि यस समितिले सहजिकरण गर्नुपर्ने भएमा सो समेतको विवरण बुँदागत रुपमा खुलाई तीन दिन भित्र पठाउन मन्त्रालय तथा मातहत निकायसँग माग गर्ने।

४. दूग्ध वितरण आयोजना, विराटनगरबाट दूग्ध उत्पादक किसानहरुको दूधको भुक्तानी नभएको भन्ने बिषय प्रदेश सभा बैठकमा उठेको हुँदा यस बिषयमा आबश्यक छलफल गर्न मिति २०८०/९/८ गते बिहान ९.०० बजे बस्ने समितिको बैठकमा दूग्ध वितरण आयोजना, विराटनगरका आयोजना प्रमुखलाई बोलाउने।

**बैठक संख्याः ३**

मितिः २०८०/०९/०८ गते

**निर्णयः**

१.मिति २०८०/०९/०४ गते बसेको यस समितिको बैठकले दूग्ध वितरण आयोजना, विराटनगरका आयोजना प्रमुखलाई दूध उत्पादक किसानले रकम भुक्तानी नपाएको भन्ने सम्बन्धमा छलफलका लागि बोलाउने निर्णय भए अनुसार आजको बैठकमा दूग्ध विकास आयोजनाका आयोजना प्रमुखसँग यस बिषयमा छलफल गरी अनुदानको बिषयमा सम्बन्धित निकायबाट जानकारी लिन आबश्यक ठानिएकोले आ.ब. २०७४/७५ देखि हालसम्म यस प्रदेशमा रहेका कुन कुन निजी तथा सरकारी स्वामित्व भएका दूग्ध विकास आयोजनाले के कति रकम अनुदान पाएका छन् सो को विवरण आ.ब. गत रुपमा छुट्टा छुट्टै पत्र पाएको मितिले ५ (पाँच) दिन भित्र यस समितिमा उपलब्ध गराउन उद्योग, कृषि तथा सहकारी मन्त्रालयसँग माग गर्ने।

२. म.ले.प. को प्रतिवेदनमा यस प्रदेशका मन्त्रालय तथा मातहत निकायको लागि औंल्याएको बेरुजुका सम्बन्धमा आबश्यक छलफल गर्न म.ले.प.को प्रतिनिधि, प्रदेश मन्त्रालय तथा मातहत निकायका सचिवहरु तथा प्रदेश लेखा नियन्त्रण कार्यालयका प्रमुखलाई आगामी बैठकमा छलफलका लागि बोलाउने।

**बैठक संख्याः ४**

मितिः २०८०/०९/१७ गते

**निर्णयः**

१. उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिवसँग सरकारी तथा निजी स्वामित्व भएका दूग्ध विकास आयोजनाहरुलाई दिएको अनुदान सम्बन्धमा छलफल हुँदा मन्त्रालयले अनुदान प्रदान गरेका ठूला संस्था सगरमाथा डेरी विशिष्टिकृत सहकारी संस्था लि. इटहरी १, सुनसरी, सूर्योदय मिल्क एण्ड वेभरेज इन्डष्ट्रिज प्रा. लि., विराटनगर १४ तथा सरकारी स्वामित्व रहेको विराटनगर दूग्ध वितरण आयोजनाको समितिबाट अनुगमन गर्ने।

**बैठक संख्याः ५**

मितिः २०८०/०९/१९ गते

**निर्णयः**

१. म.ले.प. को यस प्रदेशको बार्षिक प्रतिवेदनका सम्बन्धमा कार्यवाहक महालेखापरीक्षक महेश्वर काफ्लेले आजको यस समितिको बैठकमा ब्रिफिङ गर्नुभयो भने कार्यवाहक महालेखापरीक्षक, उपमहालेखापरीक्षक विन्दु बिष्ट, नायव महालेखापरीक्षक श्रीकुमार राई लगायत म.ले.प. को कार्यालयबाट बैठकमा उपस्थित महानुभावलाई स्वागत समितिको तर्फबाट गरियो। साथै मिति

२०८०/०९/२३ गते प्रदेशका सबै मन्त्रालयका सचिव र प्रदेश कोष नियन्त्रकलाई म.ले.प. को बार्षिक प्रतिवेदनमा छलफल गर्नका लागि बोलाउने।

**बैठक संख्याः ६**

मितिः २०८०/०९/२२ गते

**निर्णयः**

१. म.ले.प. प्रतिवेदनले यस प्रदेशका लागि औंल्याएको बेरुजुका सम्बन्धमा नायव महालेखापरीक्षक श्रीकुमार राईले राखुभएको प्रस्तुती प्रति समितिको तर्फबाट धन्यवाद दिने।

२. मिति २०८०/९/१७ गते बसेको बैठकले गरेको निर्णयानुसार उद्योग, कृषि तथा सहकारी मन्त्रालयले अनुदान प्रदान गरेका मध्ये ठूला दूग्ध आयोजनाहरु सगरमाथा डेरी विशिष्टिकृत सहकारी संस्था लि. इटहरी १, सुनसरी, सूर्योदय मिल्क एण्ड वेभरेज इन्डष्ट्रिज प्रा. लि., विराटनगर १४ तथा सरकारी स्वामित्व रहेको विराटनगर दूग्ध वितरण आयोजनाको मिति २०८०/९/२६ गतेदेखि अनुगमन गर्ने।

**बैठक संख्याः ७**

मितिः २०८०/०९/२३ गते

**निर्णयः**

१. म.ले.प. ले यस प्रदेशकालागि दिएको प्रतिवेदन सम्बन्धमा म.ले.प. कर्यालयका नायव महालेखापरीक्षक श्रीकुमार राईले आफ्नो धारणा राखुभयो भने प्रदेश मन्त्रालय तथा निकायहरुका सचिवबाट आ-आफ्नो मन्त्रालय, निकायको बेरुजु अवस्था र लगत समेतका बारेमा भएको प्रस्तुतीले बेरुजु फछ्यौंट सम्बन्धमा समितिलाई कार्ययोजना सहित अगाडी बढ्न केही हदसम्म स्पष्टता प्राप्त भएको छ। समितिबाट निकट भबिष्यमा नै मन्त्रालयगत तथा निकायगत छुट्टाछुट्टै रुपमा बेरुजुका सम्बन्त्रमा छलफल गर्ने कार्यक्रम रहेकाले लेखा उत्तरदायी अधिकारीहरुले आ-आफ्नो बेरुजुको लगत, हालसम्म फछ्यौंट विवरण लेखा समितिमा पेश गरी निर्णय लिनु पर्ने बिषयमा तहाँको धारणा समावेश भई निर्णय समेतको फायल १५ दिन भित्र यस समितिमा पेश गर्ने र १५ दिन भित्र कुनै कारणले पेश गर्न नसक्ने भए त्यसरी पेश गर्न नसक्नुको स्पष्ट पुष्ट्याई, आधार र कारण खोली थप १० दिनको म्याद मन्त्रालय तथा निकायले समिति समक्ष माग्न सकिने गरी प्रदेशका मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिने।

**बैठक संख्याः ८**

**मितिः २०८०/०९/२६ गते**

**निर्णयः**

१. सार्वजनिक लेखा समितिको मिति २०८०/९/२३ गते बसेको बैठकको निर्णय अनुसार आज मिति २०८०/९/२६ गते समितिका सभापति मा. किशोरचन्द्र दुलालको नेतृत्वमा मा. रेवती रमण भण्डारी, मा. हिमाल कार्की, मा. प्रदिप कुमार सुनुवार, मा. भिम पराजुली, मा. यशोदा कायस्थ, मा. गितारानी मेहता, मा. दुर्गा प्रसाद चापागाई सहित समितिका माननीय सदस्यहरु संलग्न भई इटहरी १, सुनसरी स्थित सगरमाथा डेरी विशिष्टिकृत सहकारी संस्था लि. को स्थलगत अनुगमन गरी संस्थाको काम कारवाही र बेरुजुका सम्बन्धमा छलफल गरियो। म.ले.प. को आ.व. ०७८/७९ को बार्षिक प्रतिवेदनले सो संस्थाको औंल्याएको बेरुजु फछ्र्यौट सम्बन्धमा यथासक्य चाँडो फछ्र्यौट गर्न समेत निर्देशन गरियो। आगामी दिनमा अन्य यस्तै प्रकृतीका बेरुजु भएका सरकारी स्वामित्व भएका तथा निजी सहकारी संस्थाहरुको समितिबाट आबश्यकता अनुसार स्थलगत अनुगमन गर्ने समेत निर्णय गरियो।

**बैठक संख्या ९**

**मितिः २०८०/१०/०८ गते**

**महालेखापरीक्षकको तेस्रो, चौथो र पाँचौं बार्षिक प्रतिवेदन उपर मन्त्रालय/निकायगत छलफल**
**(प्रदेश लोक सेवा आयोग, प्रदेश योजना आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय)**

**छलफलका निर्णयहरुः**

**मन्त्रालय/निकायःप्रदेश लोक सेवा आयोग**

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|---|
| १ | पाचौंरचौथोको१र२, तेस्रोको२ | **सेवा प्रवाहः-** आयोगले गरेको बैठक तथा निर्णयहरुको बारेमा उल्लेख गरिएको | निर्णय गर्नु नपर्ने। |
| २ | पाचौंको२ चौथोको३ | **प्रदेश दरबन्दी र पदपूर्ति -** प्रदेश तथा स्थानीय तहका सरकारी कमिचारीको रिक्त रहेको पदको अद्यावधिक विवरण तयार भएको छैन।प्रदेश लोकसेवा आयोगको वार्षिक प्रतिवेदनमा प्रदेशमा समायोजित पदमध्ये करिब ६० प्रतिशत दरबन्दी रिक्त रहेको उल्लेख छ। | प्रदेश निजामति र स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन बनिसकेकोले पदपूर्ति तथा रिक्त पदको विवरण अद्यावधिक गरी मागको आधारमा आयोगबाट छनोट गरी प्रदेश तथा स्थानीय तहका रिक्त दरबन्दी पदपूर्ति गर्न निर्देशन दिने। |
| ३ | पाँचौंको ३ | **आयोगको दरबन्दी र पदपूर्ति-** आयोगले स्वीकृत दरबन्दी भित्रका रिक्त पदहरुको पूर्ति समयमैगर्नुपर्दछ। आयोगमा ३३ दरबन्दी मध्ये ९ पद रिक्त रहेको। | आयोगमा रिक्त रहेका स्वीकृत दरबन्दी समयमै पदपूर्ति गर्न निर्देशन दिने। |
| ४ | पाचौं र चौथोको४, तेस्रोको३ | **समायोजन ग्रेड —** ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |
| ५ | ५ (पाचौं र चौथो) | **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ कोदफा ३३ को व्यवस्था अनुसार आयोगले | आन्तरिक नियन्त्रण प्रणाली तीन महिना भित्र तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| | | आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वय गर्नु पर्नेमा गरेको देखिएन। ऐनको प्रावधान पालना गर्नुपर्दछ। | |

**मन्त्रालय/निकायःप्रदेश योजना आयोग**

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|---|
| १ | पाँचौंको १, चौथो र तेस्रोको ३ | **प्रदेश विकास परिषद्ः-** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ माआयोगले तर्जुमा गरेको दीर्घकालीन तथा आवधिक विकास योजनामा मर्गदर्शन दिनको लागि प्रदेश विकास परिषद रहने व्यवस्था छ। प्रदेश परिषद् बैठकमा आयोगलेतयार गरेको प्रदेश नीति तथा योजना छलफल भएपछि परिषद्को निर्देशन अनुसार प्रदेश सरकारकोस्वीकृतिको लागि पेश गर्नुपर्ने व्यवस्था रहेको भएता पनि यो आर्थिक वर्षमा प्रदेश विकास परिषद्बैठक सञ्चालन नभएको जानकारी प्राप्त भएको छ। | निर्णय गर्नु नपर्ने। |
| २ | पाँचौंको २ | **वार्षिक विकास कार्यक्रमः-** आयोगले आ.व. २०७८/७९ मा आवधिक योजना कार्यान्वयनका लागि वार्षिक विकास कार्यक्रम तर्जुमा गरेको देखिएन। आवधिक योजनाको उद्देश्य र लक्ष्य प्राप्त गर्न प्रत्येक वर्ष वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नुपर्दछ। | आवधिक योजनाको उद्देश्य र लक्ष्य प्राप्त गर्न प्रत्येक वर्ष वार्षिक विकास कार्यक्रम तर्जुमा गर्न निर्देशन दिने। |
| ३ | पाँचौं र चौथोको ३ | **प्रदेश आवधिक योजनाको समीक्षाः-** प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) तर्जुमा गरीलागूभएको छ। उक्त योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वर्ष हाँसिल गर्नुपर्ने नतिजासूचकहरु समेत उललेख गरिएकोमा प्रगतिको समीक्षा गरेकोछैन। | आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वर्षका लागि तोकिएका सूचक बमोजिम नतिजा हाँसिल गर्न प्रगतिको समीक्षा गरी कार्ययोजना बमोजिम तोकिएको समय भित्रै क्रियाकलापहरु गर्न निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| ४ | पाँचौंको ४, र चौथोको २ | **आन्तरिक नियन्त्रण प्रणालीः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ कोदफा ३३ को व्यवस्था अनुसार आयोगले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वय गर्नु पर्नेमा गरेको देखिएन। ऐनको प्रावधान पालना गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली तीन महिना भित्र तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ५ | पाँचौं, चौथोको ५, तेस्रोको४ | **समायोजन ग्रेडः-** ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |
| ६ | तेस्रोको १ | **आवधिक योजनाः-**प्रथम आवधिक योजनामा (२०७६/७७-२०८०/८१) मा समेटिएका बिषयहरु उल्लेख गरिएको। | निर्णय गर्नु नपर्ने। |
| ७ | तेस्रोको २ | **कामको उपलब्धीः-**बिभिन्न मन्त्रालयहरुबाट प्राप्त योजना स्वीकृत गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने परियोजना बैंक स्थापनाको काम ५० प्रतिशत सम्पन्न गरेको छ। दिगो विकास लक्ष्यको आन्तरिकीकरण र मानव संसाधन प्रक्षेपण कार्यक्रम (कोभिड महामारीको कारण) संचालन भएको छैन। | • आगामी आर्थिक वर्षमा सञ्चालनका लागि बिभिन्न मन्त्रालयहरुबाट प्राप्त हुने योजनाहरु परियोजना बैंकबाट स्वीकृत गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने गरी परियोजना बैंकको स्थापना कार्य सम्पन्न गर्न निर्देशन दिने।<br>• दिगो विकास लक्ष्यको आन्तरिकीकरण र मानव संसाधन प्रक्षेपण कार्यक्रम संचालन गर्न निर्देशन दिने। |
| ८ | तेस्रोको ५ | **सुविधा भुक्तानीः-** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा उपाध्यक्ष तथा सदस्यहरुको चाडपर्व खर्च सम्बन्धी व्यवस्था वेगर चाडपर्व खर्च वापत उपाध्यक्ष र २ जना सदस्यलाई रु. १ लाख ६८ हजार भुक्तानी लिएको छ। साथै प्रदेश राजपत्र (२०७६/७/२१ गते अतिरिक्तांक ३३) अनुसार प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश दोस्रो संशोधन २०७६/७/२१ देखि प्रारम्भ भएको देखिएकोमा उपाध्यक्ष तथा सदस्यलाई सो भन्दा अघिल्लो | ऐनमा व्यवस्था बेगर उपाध्यक्ष र २ जना सदस्यलाई भुक्तानी गरेको चाडपर्व खर्च रु. १ लाख ६८ हजार र ऐन लागू हुनुभन्दा अघिल्लो अवधिको भुक्तानी भएको रकम रु. १ लाख ८६ हजार पैंतालिस दिन भित्र असुल उपर गराई समितिलाई जानकारी गराउन निर्देशन दिने। |



सभापति

| | | | |
|---|---|---|---|
| | | अवधिको रु. १ लाख ८६ हजार बढी भुक्तानी भएको छ। | |
| बेरुजु स्थिति | | आयोगको नाममा रहेको लगती बेरुजुको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने | |

**मन्त्रालय/निकायः मुख्य न्यायाधिवक्ताको कार्यालय**

| क्र. सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|---|
| १ | पाँचौं र चौथोको१, तेस्रोको२ | **बहस, पैरवी र कानुनी रायः-** कार्यालयको काम, कर्तव्य र अधिकार र कार्यालयको तर्फबाट बहस पैरवी भएका मुद्दाको अवस्था उल्लेख भएको। | निर्णय गर्नु नपर्ने। |
| २ | पाँचौको २ र चौथोको३ | **कारागारको अनुगमनः-**कार्यालयले करागारहरु अनुगमन गरी सुधारका लागि दिएका सुझावहरु कार्यान्वयनको समेत अनुगमन मुल्यांकन हुनुपर्दछ। | महालेखापरीक्षकको बार्षिक प्रतिवेदनमा दिइएको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ३ | पाँचौको ३ र चौथोको ५ | **आन्तरिक नियन्त्रण प्रणालीः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ कोदफा ३३ को व्यवस्था अनुसार आयोगले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वय गर्नु पर्नेमा गरेको देखिएन। ऐनको प्रावधान पालना गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली तीन महिना भित्र तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ४ | चौथो र तेस्रोको२ | **कार्यसम्पादनः-** कार्यालयको आ.व. २०७७/७८ को बार्षिक प्रतिवेदन बमोजिम कार्यसम्पादनको अवस्था उल्लेख भएको। | निर्णय गर्नु नपर्ने। |
| ५ | चौथोको ४ | **बाल सुधार गृहको अवस्थाः-** अपराध अनुसन्धानको सिलसिलामा प्रहरी हिरासत र मुद्दा पुर्पक्ष तथा फैसला बमोजिम कैद भुक्तानीका लागि स्थापित बालसुधार गृह, बिराटनगरको यो बर्ष कार्यालयबाट भौतिक अवस्था, बालकहरुले प्राप्त गर्ने सुविधा र समग्र व्यवस्थापनको अनुगमन निरीक्षण गरेको छ। बाल सुधार गृहको क्षमता ५० जना रहेता पनि | महालेखापरीक्षकको बार्षिक प्रतिवेदनमा दिइएको सुझाव अनुसार गर्न निर्देशन दिने। |

| | | | |
|---|---|---|---|
| | | १४१ जना बालकहरु रहेको, कोठाहरु साँगुरो रहेको, पुस्तकालय, हल, अध्ययन कक्ष नरहेको, भुई र प्यासेजमा समेत बालकहरु बस्नु परेको अवस्था रहेकोले सोमा यथोचित सुधार हुनुपर्ने सुझाव दिएको छ। सुझाव कार्यान्वयनको समेत अनुगमन मुल्यांकन हुनुपर्दछ। | |
| ६ | चौथोको ६ र तेस्रोको ३ | **समायोजन ग्रेडः-** ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |
| ७ | तेस्रोको १ | **कर्मचारी व्यवस्थापनः-** नेपालको संविधानको धारा १६० उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था छ। यस कार्यालयमा हाल कार्यरत कर्मचारी मध्ये प्रदेश सरकार मातहतका अधिकृत छैटौं ३ जना र करारका ५ जना कर्मचारी कार्यरत छन। संविधानको व्यवस्था बमोजिम महान्यायाधिवक्ताको कार्यालयले कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएतापनि प्रदेश सरकारका कर्मचारी समेतको यो बर्ष तलव, भत्तामा रु. ४० लाख ४ हजार खर्च भएको छ। प्रदेशका कर्मचारी रहने व्यवस्था सहित कर्मचारी संगठन संरचना स्वीकृत भएको पाइएन। संगठन संरचना स्वीकृत गरी तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च गर्नुपर्दछ। | कार्यालयलाई प्रदेश सरकारका कर्मचारी समेत आबश्यक पर्ने भए प्रदेश सरकारका कर्मचारी समेत रहने व्यवस्था गरी कर्मचारी संगठन संरचना बनाउन निर्देशन दिने। |
| बेरुजु स्थिति | | कार्यालयको नाममा रहेको लगती बेरुजुको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने। | |

**बैठक संख्याः १०**

**मितिः २०८०/१०/१२ गते**

**छलफल तथा निर्णयः**

१.खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको तथा अन्तर्गत निकायको आ.ब. ०७८/७९ को म.ले.प. को प्रतिवेदनले औंल्याएको बेरुजुका सम्बन्धमा दफावार छलफल सुरु गरी सो मन्त्रालयको बेरुजुका सम्बन्धमा पुनः समितिमा छलफल गर्ने गरी आगामी बैठकमा छलफलका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवलाई बोलाउने निर्णय गरियो।

**बैठक संख्याः ११**

**मितिः २०८०/१०/१५ गते**

**छलफल तथा निर्णयः**

१. भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवलाई म.ले.प. ले आ.ब. गत रुपमा औंल्याएको बेरुजुका सम्बन्धमा छलफलका लागि बोलाईएकोमा सो मन्त्रालयका निमित्त सचिवले तयारी गर्न केही समय माग्नु भएको हुँदा बेरुजुका सम्बन्धमा आबश्यक तयारी पूरा गरी यसै महिनाको अन्तसम्ममा बेरुजु सम्बन्धी छलफलमा सहभागी हुन आउन निर्देशन दिने निर्णय गरियो।

बैठक संख्याः १२

<u>मितिः २०८०/१०/२२ गते</u>

महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरु उपर छलफल

## प्रदेश सभा सचिवालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|---|
| १ | १ | **संसदीय समितिको निर्णय कार्यान्वयनः**-समितिबाट भएका बिभिन्न निर्णय तथा निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरी समितिहरुले प्रदेश सभामा प्रतिवेदन पेश गर्न बाँकी देखिएको छ। सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको बार्षिक प्रतिवेदनमा औंल्याइएका बरुजु सम्बन्धमा छलफल गरी आवश्यक निर्देशनसहित प्रतिवेदन प्रदेश सभामा पेश गरेको जानकारी प्राप्त भएन। | प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र सुझावहरु दिनुका साथै समितिले दिएका निर्देशन र सुझावहरु कार्यान्वयनको अवस्था सम्बन्धमा समेत समितिबाट अनुगमन गर्ने। |
| २ | २ | **अभिलेख व्यवस्थापनः**-प्रदेश सभा सचिवालयले प्रदेश सभाबाट प्राप्त नर्देशनको कार्यान्वयन गर्नु पर्दछ। यो कार्यको लागि सभामा प्रश्नोत्तर, संकल्प, ध्यानाकर्षण, शुन्य समय, बिशेष समय र संसदीय समितिले कार्यस्थलको अनुगमन मार्फत ऐन नियमको पालना, योजना कार्यान्वयन, वित्तीय अनुशासन, नागरिकले पाउने लाभ र सुविधामा समावेशिता, सरकारी सम्पत्तिको संरक्षण सम्बन्धमा सचिवालयबाट भएका कार्यको अभिलेख व्यवस्थित गरेको पाइएन। | सभा र संसदीय समितिबाट सम्पादित कार्यको अभिलेख व्यवस्थित गरी राख्न निर्देशन दिने। |
| ३ | ३ | **समायोजन ग्रेडः-** ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |



सभापति

## चौथो बार्षिक प्रतिवेदन २०७९

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
| --- | --- | --- | --- |
| १ | १ | **संसदीय समितिको निर्णय कार्यान्वयनः**-समितिबाट भएका बिभिन्न निर्णय तथा निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गरी समितिहरुले प्रदेश सभामा प्रतिवेदन पेश गर्न बाँकी देखिएको छ। सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको बार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजु सम्बन्धमा छलफल गरी आवश्यक निर्देशनसहित प्रतिवेदन प्रदेश सभामा पेश गरेको जानकारी प्राप्त भएन। | प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र सुझावहरु दिनुका साथै समितिले दिएका निर्देशन र सुझावहरु कार्यान्वयनको अवस्था सम्बन्धमा समेत समितिबाट अनुगमन गर्ने। |
| २ | २ | **पारिश्रमिक र सुविधाः**-प्रदेश सरकारको२०७६/४/२८मा भएको निर्णय अनुसार पारिश्रमिक र सुविधाहरु २०७६/४/१ देखि लागू हुने गरी निर्णय भएतापनि राजपत्रमा प्रकाशन भएको देखिएन। प्रदेश सभा सचिवालयले साविकको दर र सुविधा परिवर्तित अनुसूचीको आधारमा सभामुख र उपसभामुखको पारिश्रमिक तथा सुविधामा रु. २२ लाख २० हजार तथा प्रदेश सभा सदस्यको पारिश्रमिकमा रु. ७ करोड ५४ लाख ४६ हजार तथा पदाधिकारीको इन्धनमा रु. २० लाख २४ हजार खर्च भएको छ। जस मध्ये राजपत्रमा उल्लेखित अनुसूची भन्दा रु. १ करोड १६ लाख २२ हजार बढी सुविधा भुक्तानी दिएको छ। | ऐनमा भएको व्यवस्था पालना गरी सेवा सुविधा उपलब्ध गराउन निर्देशन दिने। |
| ३ | ३ | **ऐन विपरीत सुविधाः**-प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ मा प्रमुख प्रतिपक्ष दलका उपनेतालाई सुविधा दिने सम्बन्धी कुनै व्यवस्था छैन। प्रदेश सरकारको मिति २०७७/८/१५ को निर्णयबाट प्रमुख प्रतिपक्ष दलका उपनेतालाई १ हलुका सवारी चालक सहित सवारी साधन र इन्धन सुविधा उपलब्ध गराउने निर्णय भएको आधारमा २०७७/४/१ देखि लागू हुने गरी सुविधा | प्रमुख प्रतिपक्ष दलका उपनेतालाई उपलब्ध गराइएको उक्त सवारी सुविधा प्रदेश सरकारको मिति २०७७/८/१५ गतेको निर्णयबाट उपलब्ध गराएको भनी जवाफ प्राप्त भएको हुँदा उक्त १ हलुका सवारी चालकको पारिश्रमिक बापत भुक्तानी भएको रकम रु.३१२१३०/- नियमित गरी लगत कट्टा गर्न निर्देशन |



सभापति

| | | | |
|---|---|---|---|
| | | दिने निर्णय गरेको छ। जसबाट बार्षिक इन्धन रु. ३ लाख ६० हजार र पारिश्रमिक रु. ३ लाख १२ हजार खर्च भएको छ। ऐनमा नभएको सुविधा प्रदेश सरकारको निर्णयबाट दिएको नियमसम्मत भएन। त्यस्तै सत्तापक्ष संसदीय दलको उपनेतालाई दिएको सुविधाका सम्बन्धमा गत बर्षको प्रतिवेदनमा औल्याएकोमा यो बर्ष पनि रु. ६ लाख ७२ हजार खर्च भएको छ। कानुनी व्यवस्थाको पालना गरी खर्च गर्नु पर्दछ। | दिने। |
| ४ | ४ | **अभिलेख व्यवस्थापनः-**प्रदेश सभा सचिवालयले प्रदेश सभाबाट प्राप्त नर्देशनको कार्यान्वयन गर्नु पर्दछ। यो कार्यको लागि सभामा प्रश्नोत्तर, संकल्प, ध्यानाकर्षण, शुन्य समय, बिशेष समय र संसदीय समितिले कार्यस्थलको अनुगमन मार्फत ऐन नियमको पालना, योजना कार्यान्वयन, वित्तीय अनुशासन, नागरिकले पाउने लाभ र सुविधामा समावेशिता, सरकारी सम्पत्तिको संरक्षण सम्बन्धमा सचिवालयबाट भएका कार्यको अभिलेख व्यवस्थित गरेको पाइएन। | पाचौं प्रतिवेदनको दफा २ मा निर्देशन भईसकेको हुँदा थप निर्देशन दिन नपर्ने। |
| ५ | ५ | **ग्रेडः-**ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |

**बार्षिक प्रतिवेदन २०७८**

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|---|
| १ | १ | **कानुन निर्माणः-** आर्थिक वर्ष २०७६।७७ सम्म ६६ कानुन मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृतीभएको मध्ये४९विधेक प्रदेश सभामा पेश भएको छ। पेश भएको मध्ये ४२ विधेयक प्रदेशसभाबाट पारित भई प्रमाणिकरण भएका छन्। | निर्णय गर्नु नपर्ने। |

| | | | |
|---|---|---|---|
| २ | २ | **बजेट कार्यान्वयन अवस्थाः-**विनियोजन ऐन, २०७६ बमोजिमरु.३३ करोड ६० लाख ९६ हजारविनियोजन भएकोमा रकमान्तर थप समेत रु.३४ करोड ४० लाख ७४ हजार कायम भएको छ।यो बर्ष रु.२२ करोड ४ लाख २८ हजार (शुरु विनियोजनको ६५.५८प्रतिशत) खर्च भएको छ।शुरु बजेट पनि खर्च नभएकोमा रकमान्तर गरी बजेट थप गर्नु औचित्यपूर्ण देखिएन। | शतप्रतिशत वित्तीय प्रगति हाँसिल गर्ने गरी बजेट खर्च गर्ने क्षमता बढाउन र खर्चको सुनिश्चितता नभई रकमान्तर नगर्न निर्देशन दिने। |
| ३ | ३ | **आन्तरिक नियन्त्रणः-**प्रदेशआर्थिक कार्यविधि नियमावली, २०७५को नियम ९४मा प्रदेश तहकानिकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने गराउने र निर्देशिका तयार गरी एक बर्ष भित्र लागु गर्ने लेखा उत्तरदायी अधिकृतकोजिम्मेवारी हुने व्यवस्था छ। नियमावली लागू भएको २ वर्ष बितिसक्दा पनिआन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन। आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण निर्देशिका तीन महिना भित्र तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ४ | ४ | **आवास सुविधाः-**प्रदेश सभा सचिवालय ऐन, २०७६ लेसचिवलाई आवास सुविधा उपलब्ध गराएकोदेखिदैन। सचिवालयले सचिवलाई आवास व्यवस्थापनको लागि ७ कोठेघरको भाडाबापत यो बर्ष रु.५लाख ४०हजार भुक्तनी गरेको छ।कानुनमा व्यवस्थ गरेर मात्र सुविधा उपलब्ध गराउनुपर्दछ। | कानुनमा व्यवस्था नगरी कुनै पनि सुविधा उपलब्ध नगराउन निर्देशन दिने। |
| ५ | ५ | **भुतप्रभावी कानुनः-**प्रदेशआर्थिक कार्यविधि नियमावली, २०७५को नियम १२५ मा आर्थिक व्ययभार पर्ने बिषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिलिनुपर्ने व्यवस्था छ। प्रदेश सभा सचिवालय ऐन, २०७६ को परिच्छेद ५ को दफा १३(३) मा सचिवले पाउने अन्य भत्ता ऐन बमोजिम गठित समितिले तोके बमोजिम हुने, त्यसतो भत्ता स्वीकृत | आर्थिक व्ययभार पर्ने बिषयमा कानुन बनाउँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र बनाउँन र भुतप्रभावी कानुन बनाएर सुविधा उपलब्ध नगराउन निर्देशन दिने। |



सभापति

| | | | |
|---|---|---|---|
| | | कार्यविधि बमोजिम गराउनुपर्ने व्यवस्था छ। कार्यविधि स्वीकृत नगरी सचिवलाई यो बर्ष विमा, सहायक,अतिथि सत्कार, महंगी भत्तामा थप सुविधा वापत रु. ४ लाख ३२ हजार भुक्तानी गरेको छ।कानुनी आधार बेगर सुविधा भुक्तानी गरेको व्यहोरा औंल्याएकोमा भुतप्रभावी कार्यविधि २०७८/३/७ मा स्वीकृत गरी लागु गरेको छ।आर्थिक मामिला तथ योजना मन्त्रालयको सहमति बेगर कार्यविधि स्वीकृत गरी सुविधा उपलब्ध गराउन मिल्ने देखिएन। | |
| ६ | ६ | **पारिश्रमिक र सुविधाः-** पदाधिकारी तथा सदस्यहरुलाई नयाँ दररेटमा पारिश्रमिक र अन्य सुविधा उपलब्ध गराई रु. १ करोड ३७ लाख ८६ हजार खर्च गरेको छ। यसैगरी ऐनमा व्यवस्था नभएकोमा प्रदेश सरकारको निर्णयको आधारमा सत्तापक्षीय संसदीय दलका उपनेतालाई यो बर्ष रु. ७३ लाख ६५ हजारको सवारी सुविधा उपलब्ध गराएको छ। पदाधिकारी तथा सदस्यहरुलाई नयाँ दररेटमा सुविधा भुक्तानी गरेको तथा संसदीय दलका उपनेतालाई सवारी सुविधा भुक्तानी गरेकोमा संशोधित अनुसूची राजपत्रमा प्रकाशन भएको पाइएन।प्रदेश राजपत्रमा प्रकाशन गरेपछि मात्र पाउने सुविधा राजपत्रमा प्रकाशित नगरी भुक्तानी गर्न मिल्ने देखिएन। | • प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ राजपत्रमा प्रकाशन भई हाल प्रचलनमा रहेको र पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सेवा सुविधा समयानुकुल बृद्धि समेत भइसकेको तथा बृद्धि भएको दरमा नै सेवा सुविधा पाइरहेको अवस्थामा उक्त बेरुजु कायम रहिरहन उपयुक्त नदेखिएकोले लगत कट्टा गर्न निर्देशन दिने।<br>• सत्तापक्षीय संसदीय दलका उपनेतालाई उपलब्ध गराइएको सवारी सुविधा प्रदेश सरकारको मिति २०७६/५/१५ गतेको निर्णयका आधारमा उपलब्ध गराएको हुँदा उक्त बेरुजु कायम रहिरहन उपयुक्त नदेखिएकोले लगत कट्टा गर्न निर्देशन दिने। |
| ७ | ७ | **वारेन्टी अवधिको मर्मत खर्चः-** वारेन्टी अवधिभित्र सवारी साधनको मर्मतमा रु. ११ लाख ९२ हजार भुक्तानी गरेको छ। वारेन्टी अवधिको मर्मत खर्च समेत कार्यालयबाट व्यहोरेकोले खर्च लेखेलाई जिम्मेवार बनाई वारेन्टी दावी गरी उक्त रकम फिर्ता गर्नुपर्दछ। | अब आइन्दा वारेन्टी अवधिभित्रको सवारी साधनहरुको मर्मत कार्य आपूर्तिकर्तालाई नै गराउन निर्देशन दिने। |



सभापति

| | | | |
|---|---|---|---|
| ८ | ८ | **ग्रेडः-**ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |

**बैठक संख्याः १३**

**<u>मितिः २०८०/१०/२४ गते</u>**

**महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरु उपर छलफल**

## मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **नीति तथा कार्यक्रम कार्यान्वयनः-** प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानून निर्माण एवं कार्यान्वयन, कर्मचारीको अभिलेख व्यवस्थापन, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको  न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथ सेवा प्रवाहको अनुगमन, स्थानीय तहका न्यायिक समितिहरुको क्षमता विकास, सहयोग र सहकार्य जस्ता कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन। | आबश्यक जनशक्तिको व्यवस्था गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले कार्यान्वयन गर्नुपर्ने बार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएका कार्यहरु प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **शासकीय सुधारः-** मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले अन्य मन्त्रालय र मातहतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था, बिद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था, | अन्य मन्त्रालय र मातहत कार्यालयहरुको उल्लेखित बिषयहरुको अनुगमन गरी बिषयगत प्रगति तयार गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | एकद्वार सेवा प्रणाली कार्यान्वयन, सेवाको गुणस्तर लगायतको अनुगमन गरी प्रदेशको शासकीय व्यवस्था र सुशासनको लागि बिषयगत प्रगति तयार गर्नुपर्नेमा तयार नगरेको व्यहोरा गत बर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत छ। | |
| ३ | **संगठन तथा व्यवस्थापन सर्भेक्षणः-** प्रदेशमा ४ हजार ४४१ दरबन्दी स्वीकृत रहेकोमा २ हजार ३६४ पदपूर्ति भई २हजार ७७ पद रिक्त रहेको छ। रिक्त पद प्रदेश लोक स्वा आयोगमा माग गरी पदपूर्ति गर्नु पर्दछ। | आबश्यक कानुन निर्माण र संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी रिक्त पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्न निर्देशन दिने। |
| ४ | **दिगो विकासको लक्ष्य र उपलब्धिः-** दिगो विकास लक्ष्यका सूचकहरुलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा आन्तरिकीकरण गर्ने सम्बन्धी मापदण्डको मस्यौदा तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने सम्बन्धी निर्देशिका/मापदण्डको मस्यौदा तयार भइरहेको कार्यालयले जानकारी गराएको छ।प्रदेश सरकार गठन भई दोस्रो कार्यकाल शुरु भइसकेको अवस्थामा मापदण्ड तथा कार्यविधि मस्यौदाकै चरणमा रहकोले तोकिएको समयमा लक्ष्य पूरा हुने देखिदैन। | दिगो विकास लक्ष्यलाई प्रदेश योजना, कार्यक्रम तथा बजेटमा समावेश गर्ने सम्बन्धी मापदण्ड तथा निर्देशिका बनाई दिगो विकास लक्ष्यलाई आन्तरिकरण गर्न निर्देशन दिने। |
| ५ | **प्रदेश समन्वय परिषदः-** परिषद्को बैठक (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार परिषद्को बैठक एक आर्थिक बर्षमा कम्तिमा दरई पटक बस्ने उल्लेख छ। परिषद्को बैठक हालसम्म ४ पटक बसेको विवरण प्राप्त भएकोमा बैठकले गरेको निर्णय र सोको कार्यान्वयन अवस्थाको अद्यावधिक अभिलेख पेश हुन आएन। | ऐनको व्यवस्था अनुसार परिषदको बैठक बसी समन्वयात्मक कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिने। |
| ६ | **बजेट तथा कार्यक्रमको मूल्यांकनः-** राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण, सशर्त, समपुरक र बिशेष अनुदान, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ती परिचालनको यथार्थ विवरण तथा प्रदेश | ऐनमा भएको व्यवस्था अनुसार बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था र सोको मूल्यांकन गरी विवरण सार्वजनिक गर्नुपर्नेमा गरेको देखिएन। | |
| ७ | **कोरोना जनसुरक्षा कोषः-** कोरोना जनसुरक्षा कोषबाट मातहतका निकायलाई दिएको निकासाको अनुगमन गरेकोछैन। उक्त रकमबाट भएको कार्यक्रम र प्रगति प्रतिवेदन लिई अनुदान उपयोगको अनुगमन र मूल्यांकन गर्नुपर्दछ। | कोरोना जनसुरक्षा कोषबाट कुन कुन निकायलाई कति कति रकम निकासा दिएको हो, सोको विवरण र उक्त रकमबाट भएको कार्यक्रम र प्रगति विवरण पेश गर्न निर्देशन दिने। |
| ८ | **घरजग्गा लगतः-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को व्यवस्था बमोजिम घरजग्गाको लगत राखेको पाइएन। | • कार्यालयको आफ्नो स्वामित्वमा रहेको घरजग्गाको लगत राखी तोकिएको निकायमा पठाउन निर्देशन दिने।<br>• प्रदेश सरकारका मातहतका निकायहरुले प्रयोग गरिरहेका घर जगा लगायतका सम्पत्ति प्रदेश सरकार मातहत ल्याउन संघीय सरकारसँग आबश्यक पहल गर्न निर्देशन दिने। |
| ९ | **स्थानीय तह सहयोग कार्यक्रमः-** संघीय सरकारमार्फत प्राप्त अख्तियारीबाट चालु तथा पूँजीगत खर्च शिर्षकमा क्रमशः रु. २ करोड २२ लाख ७२ हजार र रु. १४ लाख ६७ हजार खर्च गरेको छ। यो बर्ष पूँजीगत बजेटबाट कार्यक्रम संचालन गर्ने कार्यालयलाई एअर कण्डिसन, फोटोकपी मेसिन, प्रोजेक्टर, प्रिन्टर, फर्निचर समेतका मेसिनरी औजार कार्यालय मालसामान खरिद गरी पठाएको आधारमा खर्च गरेको छ। यो कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमार्फत संचालन हुने उल्लेख भएतापनि बिगतका बर्षमा जस्तै कार्यक्रम सम्बन्धी सम्झौता तथा कार्यक्रमको लक्ष्य प्रगति र बार्षिक प्रतिवेदन तयार नगरेकोले खर्च यकिन हुन सकेन। | कार्यालय मातहतबाट संचालन हुने सबै कार्यक्रम तथा योजनाहरुको बार्षिक प्रगति र खर्च विवरणको प्रतिवेदन तयार गर्न निर्देशन दिने। |
| १० | **कानून तथा कार्यविधि निर्माणः-** कार्यालयले हालसम्म ५६ ऐन, २४ नियमावली, ३४ कार्यविधि र १० निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।प्रदेश | प्रदेशको एकल अधिकार र साझा अधिकारको सूचीमा रहेका बिषयहरुसँग सम्बन्धित कानूनको पहिचान गरी आबश्यक कानून |

| | | |
|---|---|---|
| | सरकारको पहिलो कार्यकाल सकिदा समेत साझा अधिकारका सूचीमा रहेका बिषयहरुसँग सम्बन्धित कानूनको पहिचान गरी आबश्यक कानूनको निर्माण गर्दै जानुपर्नेमा हालसम्म आबश्यक पर्ने ऐनको निर्क्योल भएको देखिएन। | निर्माण गर्न निर्देशन दिने। |
| ११ | **लेखापरीक्षणः-** नेपाल सरकार र दातृ सरकार वीच सम्झौता भई प्रदेशमा संचालनमा आएका कार्यक्रमको ५ करोड १० लाख ५६ हजार सोझै भुक्तानी अन्तर्गत खर्च भएको उल्लेख छ। सम्झौतामा कार्यक्रमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यहोरा गत बर्ष औंल्याएकोमा यो बर्ष समेत गराएको छैन। | महालेखापरीक्षकको प्रतिनिधि सहितको आगामी बैठकमा छलफल गरी निर्णय गर्ने। |
| १२ | **बैठक तथा निर्णय कार्यान्वयनः-** मन्त्रिपरिषद्को बैठकको निर्णय सम्बन्धी अभिलेख व्यवस्थितरुपमा राखेको छैन भने निर्णय कार्यान्वयनको अनुगमन गरी प्रतिदेदन तयार गरेको देखिएन। | मन्त्रिपरिषदको बैठकका निर्णयहरुको अभिलेख व्यवस्थित गर्ने र निर्णय कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन तयार गर्न निर्देशन दिने। |
| १३ | **सम्पर्क कार्यालयः-** काठमाण्डौंमा मुख्यमन्त्रीको सम्पर्क कार्यालय संचालन गर्न मासिक रु. २ लाख ७५ हजारका दरले भुक्तानी गर्ने गरी प्रदेश सम्पर्क कार्यालय स्थापना गरी खर्च भई रहेको व्यहोरा गत बर्षको प्रतिवेदनमा औंल्याइएकोमा यो बर्ष(२०७८ श्रावण र भदौ)घर भाडामा रु.४ लाख ९५ हजार खर्च भएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय विराटनगरमा स्थापना भई संचालन भइरहेकोमा कानूनी व्यवस्था र नीतिगत निर्णय वेगर काठमाण्डौंमा सम्पर्क कार्यालय स्थापना गरी घर भाडा वापत गरेको खर्च उपयुक्त देखिएन। | हाल बन्द भइसकेको जवाफ प्राप्त भएकाले केही भन्न नपर्ने। |
| १४ | **आन्तरिक नियन्त्रणः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वय गर्नु पर्नेमा गरेको देखिएन। ऐनको प्रावधान पालना गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली तीन महिना भित्र तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १५ | **सम्पत्ति व्यवस्थापनः-** झापा जिल्ला स्थित ग्रामीण विकास प्रशिक्षण केन्द्रका सम्पूर्ण संरचनाहरु प्रदेश सरकार मातहत हस्तान्तरण भई आएको र प्रदेश सरकारले उक्त केन्द्रलाई प्रदेश प्रशिक्षण केन्द्रको रुपमा संचालन गरिरहेको भएतापनि उक्त केन्द्रको संपत्ति तथा संरचना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बिद्युतीय जिन्सी व्यवस्थापन प्रणालीमा आवद्ध गरी एकिकृत जिन्सी अभिलेखमा समावेश गरी अभिलेखाङ्कन गरेको छैन। | गाभिएका तथा प्रदेश सरकार मातहत हस्तान्तरण भई आएका निकायहरुको सम्पत्तिको अभिलेख कानून बमोजिम व्यवस्थापन गर्न निर्देशन दिने। |
| १६ | **समायोजन ग्रेडः-**ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |
| १७ | **वित्तीय जिम्मेवारी र जवाफदेहीताः-** कार्यालय र मातहतको समेत विनियोजन रु. ६२ करोड ९५ लाख ५० हजार मध्ये ४१ करोड ४२ लाख ४३ हजार (६५.८०%) खर्च भएको देखिन्छ। खर्च मध्ये चालुतर्फ रु. ६१ करोड ९ लाख ५ हजार विनियोजन भएकोमा रु. २६ करोड ७१ लाख ८७ हजार (४३.७४%) तथा पूँजीगततर्फ १ करोड ७० लाख विनियोजन भएकोमा रु.१ करोड २९ लाख ६५ हजार (७६.२६%) खर्च गरेको देखिन्छ। विनियोजन बजेट भन्दा कम खर्च भएकोले वित्तीय जिम्मेवारी पालना भएको देखिएन। कार्यालयले जिम्मेवारी र जवाफदेहीताको पालना भएको अवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन। | ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्न र सोको अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |
| १८ | **मन्त्रालय हेरफेरः-** प्रदेश सभाको पहिलो निर्वाचन पश्चात गठन भएको प्रदेश सरकारले २०७४/११/३ मा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा २०७८/१०/१६ मा उक्त नियमावली संशोधन गरी मन्त्रालय संख्या १३ कायम गरेको छ। यसरी थप गर्दा प्रशासनिक खर्च बढ्नुका साथै मन्त्रालयको कार्यक्षेत्रमा हेरफेर हुने, जनशक्ति एवं भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने, जिम्मेवारी र जवाफदेहीता कमजोर हुने जस्ता | कार्यबोझ, कार्य प्रकृति, बजेट, कानूनी तथा संवैधानिक क्षेत्राधिकार अनुसार औचित्यताको पुष्टि वेगर मन्त्रालय विभाजन तथा हेरफेर नगर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | समस्या देखिएका छन्। यसतर्फ प्रदेश सरकारले ध्यान दिनुपर्दछ। | |

**चौथोबार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| ७ | **कोरोना उपचार अनुदानः-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४२ मा अनुदान दिंदा योजना कार्यक्रम र यथासंभव लागत समेत खुलाउनुपर्ने र अनुदान रकमको वार्षिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले अनुदान उपलब्ध गराउने निर्णयका आधारमा नेपाल पत्रकार महासंघ प्रदेश समितिलाई कोरोना उपचार खर्च वापत लागत नखुलाई एकमुष्ट रु. १० लाख अनुदान उपलब्ध गराएको छ। | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ बमोजिम उक्त अनुदान रकमबाट भएको कार्यक्रम प्रगतिको प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ११ | **लेखापरीक्षणः-** नेपाल सरकार र दातृ सरकार वीच सम्झौता भई प्रदेशसरकारको संरचनात्मक र संस्थागत क्षमता विवका, नीति निर्माण, व्यवस्थापकीय सुधार, विश्वस्नीय सेवा प्रवाह, समावेशी विकास र सुशासन गरिबी निवारणमा सहयोग गर्न नेपाल सरकारको रु. २० करोड र दातृ सरकारको १ अर्ब प्राप्त हुने तथा २०२४ को जनवरी ३१ सम्म यो कार्यक्रमको अवधि रहेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयको बार्षिक प्रतिवेदन अनुसार मार्च २०२० देखि जुन २०२१ सम्म रु. ३० करोड ५९ लाख ८८ हजार प्राप्त हुनेमध्ये यो बर्ष ३ करोड ५० लाख ५० हजार खर्च भएको उल्लेख छ। सम्झौतामा कार्यक्रमको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यहोरा गत बर्ष औंल्याएकोमा यो बर्ष समेत गराएको छैन। | महालेखापरीक्षकको प्रतिनिधि सहितको आगामी बैठकमा छलफल गरी निर्णय गर्ने। |

**बार्षिक प्रतिवेदन, २०७८ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| ६ | **सवारी साधन खरिदः-** प्रदेश सरकार, सार्वजनिक खर्चको मितव्ययीता सम्बन्धी मापदण्ड निर्देशिका, २०७५ को बुँदा नं. ११ मा मुख्यमन्त्रीलाई गाडी खरिदमा रु. १ करोड उपलब्ध गराउन सकिने व्यवस्था छ। सोही बुँदाको ११(२) मा बिशिष्ट पदाधिकारीको पदीय मर्यादा, सुरक्षा र जिम्मेवारीलाई मध्यनजर गर्दै उल्लेखित मापदण्ड भन्दा बढी मुल्यको सवारी साधन खरिद गर्न आबश्यक परेमा पुष्टयाई सहित आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ।यो बर्ष मुख्यमन्त्रीको सवारी साधन खरिदको लागि रु. २ करोड ५० लाख विनियोजन गरेकोमा रकमान्तरबाट रु.१ करोड थप गरी ३ करोड ५० लाख पुर्याएको छ। बोलपत्रको माध्यमबाट रु. ३ करोड १९ लाख ७२ हजारको गाडी खरिद गरेको छ। सवारी साधनको खरिदमा निर्देशिकाको पालना गर्नुपर्दछ। | सवारी साधन खरिद गर्दा सार्वजनिक खर्चको मितव्ययीता सम्बन्धी मापदण्ड निर्देशिका पालना गर्न निर्देशन दिने। |



सभापति

**बैठक संख्याः १४**

**मितिः २०८०/१०/२५ गते**

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल**

# आर्थिक मामिला तथा योजना मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **नीति तर्जुमा एवं कार्यान्वयनः-** मन्त्रालयबाट प्राप्त विवरण अनुसार हालसम्म ७ ऐन, ४ नियमावली, ४ निर्देशिका, ९ कार्यविधि, २ मापदण्ड र अन्य ५ समेत कुल ३१ कानून निर्माण भई कार्यान्वयनमा रहेका छन्। आबश्यक प्रदेश कानूनहरु समयमै मस्यौदा तयार गरी प्रदेश सभामा पेश गर्नुपर्ने तथा कानून कार्यान्वयन अवस्थाको बिश्लेषण गर्नुपर्दछ। | आर्थिक अनुशासन वित्तीय सुशासन कायम गर्न आर्थिक कार्यविधि सम्बन्धी आबश्यक नीति तथा कानूनको पहिचान गरी कानून निर्माण गर्न र निर्माण भएका कानून कार्यान्वयनको अवस्था बिश्लेषण गर्न निर्देशन दिने। |
| २ | **नीति तथा कार्यक्रम कार्यान्वयनः-** डिजिटल प्रदेशको सोच अनुरुप प्रदेश सरकारका सबै कार्यालयहरुलाई नेटवर्किङ मार्फत एकिकृत गरी प्रदेश सरकारका कार्यालयहरुबाट प्रवाह हुने सार्वजनिक सेवाहरु, हाजिरी लगायतका काम कारवाही बिद्युतीय प्रणालीमा आवद्ध गरिने र प्रतिवेदन प्रणालीलाई सहज, सरल बनाउन रिपोर्टिङ पोर्टलको स्थापना गर्ने, प्रदेश प्रशिक्षण केन्द्रलाई तालिम र अनुसन्धान गर्ने निकायको रुपमा विकास गर्न प्रदेश प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानको नाममा स्वतन्त्र निकायको रुपमा विकास गर्ने जस्ता कार्यक्रम पूर्णरुपमा कार्यान्वयन भएको पाइएन। | कार्यान्वयन क्षमताको आँकलन गरेर कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रम तर्जुमा गर्न र तोकिएका कार्यक्रम पूर्णरुपमा कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३ | **आय-व्ययः-** प्रदेश सरकारको २०७८/७९ को बजेट वक्तव्य अनुसार रु.३२ अर्ब ४६ करोड ९२ लाख आय-व्यय अनुमान रहेकोमा संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड, प्रदेश राजस्व र गत बर्षको बचत समेत रु. ३३ अर्ब | निर्णय गर्नु नपर्ने। |



सभापति

| | | |
|---|---|---|
| | २ करोड ५१ लाख आय भएकोमा रु. २९ अर्ब ९६ करोड ६४ लाख खर्च भई रु. ३ अर्ब ५ करोड ८७ लाख बचत भएको छ। बचत मध्ये संघीय सरकारलाई रु. १ अर्ब ४६ करोड १२ लाख अनुदान फिर्ता भएको देखिन्छ। | |
| ४ | **बजेट कार्यान्वयनः-** बजेट वक्तव्य २०७८/७९ को कार्यान्वयनको लागि माथिल्लो तहदेखि अधिकृत तहसम्म कार्यसम्पादन करार गर्ने र कर्मचारीको कार्यसम्पादन मूल्यांकन कार्यसम्पादन सम्झौताको आधारमा गरिने, आर्थिक बर्ष शुरु हुनु अगावै बजेट तथा कार्यक्रमको कार्ययोजना सबै मन्त्रालय तथा निकायहरुबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइने, मन्त्रालय तथा निकायहरुले बजेट स्वीकृत भएको १५ दिनभित्र खरिद योजना स्वीकृत गरिसक्नु पर्ने, आबश्यक पर्ने नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड संशोधन गर्नुपर्ने भए श्रावण मसान्तभित्र स्वीकृत गरिसक्नु पर्ने तथा स्वीकृत योजनाहरु समयमा नै सम्पन्न गर्न जिम्मेवार अधिकारीले पहिलो चौमासिक अवधिभित्र बोलपत्र गर्ने, मूल्यांकन गर्ने तथा खरिद सम्झौता गरिसक्नु पर्ने नीति लिएकोमा सोको कार्यान्वयन अवस्था देखिने गरी मन्त्रालयले प्रतिवेदन तयार गरेको देखिएन। | सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाई बजेट कार्यान्वयनका लागि लिइएका नीति कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिने। |
| ५ | **बजेट तथा खर्चः-** यो बर्ष प्रदेश सरकारको शुरु बजेट रु.३२ अर्ब ४६ करोड ९२ लाख रहेकोमा संघबाट सशर्त अनुदान रु. २ अर्ब २९ करोड १६ लाख ५३ हजार थप भई अन्तिम बजेट रु. ३४ अर्ब ७६ करोड ८ लाख ५३ हजार कायम भएकोमा रु.२९ अर्ब ९६ करोड ६४ लाख ३६हजार (८६.२१ प्रतिशत) खर्च भएको छ। खर्च मध्ये चालुतर्फ रु. १३ अर्ब १२ करोड ७२ लाख १५ हजार (४३.८१ प्रतिशत) र पूँजीगत खर्चतर्फ रु.१६ अर्ब ८३ करोड ९२ लाख २१ हजार (५६.१९ प्रतिशत) रहेको छ। | निर्णय गर्नु नपर्ने। |
| ६ | **आयको अवस्थाः-** यो बर्ष बार्षिक बजेटमा कुल आयको अनुमान रु.३२ अर्ब ४६ करोड ९२ लाख भएकोमा रु. ३२ अर्ब ९७ करोड ४० लाख (१०१.५५ प्रतिशत) आम्दानी प्राप्त भएको छ। जसमा कुल कर राजस्व लक्ष्य रु. १२ अर्ब | राजस्व असुलीमा बृद्धि गर्न कानूनी तथा प्रशासनिक क्षेत्रमा सुधार गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | ७ करोड ६० लाख ५९ हजार रहेकोमा रु. १२ अर्ब ६२ करोड ३४ लाख २० हजार (१०४.५३ प्रतिशत) संकलन भएको छ। | |
| ७ | **अनुदानः-** सशर्त, समपुरक र बिशेष अनुदान मध्ये खर्च नभई बाँकी रहेको रु. १ अर्ब ४६ करोड १२ लाख १३ हजार बर्षान्त मा फिर्ता नगरी २०७९/८० मा मात्र फिर्ता गरेको छ। | संघीय सरकारबाट प्राप्त सशर्त, समपुरक र बिशेष अनुदान मध्ये खर्च नभई बाँकी रहेको रकम कानूनमा तोकिएको समयभित्र फिर्ता गर्न निर्देशन दिने। |
| ८ | **स्थानीय तह अनुदान -** यो वर्ष प्रदेश सरकारले १३७ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रू.१ अर्ब, समपूरक अनुदान रू. १ अर्ब २६ करोड ८ लाख ४४ हजार र ससर्त अनुदान रू.१ अर्ब ६४ करोड ४९ लाख ७४ हजारसमेत रू.३ अर्ब ९० करोड ५८ लाख १९ हजार वित्तीय हस्तान्तरण गरेको छ। स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण अनुदानमध्ये समपूरक अनुदानको अंश ३२.२८ प्रतिशत रहेको छ। | केही भन्नु नपर्ने |
| ९ | **बजेट समर्पण -** यो वर्ष विभिन्न ११ मन्त्रालय तथा निकायले रू.१ अर्ब ९१ करोड ३७ लाख ९१ हजार बजेट समर्पण गरेका छन्। अत्यावश्यक आयोजनामा रकम खर्च गर्न बजेट समर्पण गराउने गरिएतापनि यसरी समर्पण गरिएको रकम खर्च भएको छैन। | बजेट कार्यान्वयन क्षमतामा सुधार गर्न र समर्पण भई आएको रकम अत्याबश्यक आयोजनामा खर्च गर्न निर्देशन दिने। |
| १० | **वर्षान्तमा रकमान्तर -** प्रदेश सरकारको कुल बजेट रू. ३४ अर्ब ७६ करोड ८ लाखमध्ये अर्थ विविधको रु. ३ अर्ब ७२ करोड ३५ लाख ४८ हजारसमेत रू. ४ अर्ब ९८ करोड ५८ लाख ९८ हजार रकमान्तर भएको छ। सोमध्ये आषाढ महिनामा रू.८६ करोड ९९ लाख १७ हजार रकमान्तर गरी विभिन्न शीर्षक / उपशीर्षकमा रकम थप गरेको छ। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। | बर्षान्तमा रकमान्तर गर्ने परिपाटीले वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कमजोर हुने र बर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको हुँदा संघबाट प्राप्त हुने सशर्त अनुदान बाहेक असार १० गते भन्दा पछाडि रकमान्तर नगर्न निर्देशन दिने। |
| ११ | **अर्थ विविधबाट रकमान्तर -** विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्दछ। मन्त्रालयको अर्थ विविध शीर्षकमा रू.३ अर्ब ७२ करोड ५७ हजार विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रू.४० लाख थप गरी | बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविधमा अधिक बजेट नराख्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रू.३ अर्ब ७२ करोड ४० लाख ५७ हजार कायम गरेको र सो बजेटबाट विभिन्न मन्त्रालय तथा मातहत कार्यालयको लागि रू.३ अर्ब ७२ करोड ३५ लाख ४८ हजार रकमान्तर गरेको देखिन्छ। रकमान्तरबाट आर्थिक मामिला तथा योजना मन्त्रालयमा रू. २ अर्ब ३४ लाख ८१ हजार, सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा रू.८८ करोड ८६ लाख ९६ हजार, सामाजिक विकास मन्त्रालयमा रू. ५ करोड ४५ लाख ६८ हजार, विभिन्न स्थानीय तहमा रू.८० करोड ३० लाख ९ हजार र अन्य मन्त्रालयहरूमा रू. १ करोड ९७ लाख ९४ हजार थप गरेको छ। दायित्व सिर्जना भएको योजनामा भुक्तानी गर्न, स्थानीय तहको समपूरक तथा विशेष अनुदान प्रदान गर्न, पूर्वाधार निर्माणको लागि रकम थप गर्न र संघीय सरकारको अनुदान फिर्ता गर्न र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई गत वर्षको संघीय अनुदान फिर्ता गर्न रकमान्तर थप गरेको देखिन्छ। | |
| १२ | **बहुवर्षीय आयोजनाको बाँकी दायित्व -** प्रदेश सरकारको २०७८।७९ को नीति तथा कार्यक्रममा प्राथमिकता प्राप्त आयोजनामा स्रोत सुनिश्चित गर्ने, आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तीव्रता दिने, आर्थिक सामाजिक पूर्वाधारहरूको विकास गरी प्रदेशको समृद्धिको आधार तयार गर्ने, निर्माणाधीन तथा अधुरो आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने, विस्तृत परियोजना प्रतिवेदनको आधारमा योजनाको छनोट गर्ने, प्रोजेक्ट बैङ्क तयार गरी योजनाहरूको प्राथमिकीकरण गरी उपयुक्त आयोजना छनोट गर्ने उल्लेख छ। प्रदेश सरकारको गठन पश्चात संघबाट हस्तान्तरण भएका आयोजनाहरू र प्रदेश सरकारबाट स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर सम्झौता भई रू.३७ अर्ब ८० करोड ७७ लाख ८४ हजार दायित्व सिर्जना भएको देखियो। दायित्व रकम २०७८।७९ को कुल बजेटभन्दा बढी देखिएकोले प्रदेश सरकारको योजना छनोट तथा स्रोत व्यवस्थापनमा तालमेलको स्थिति देखिएन। | बहुबर्षीय आयोजनाको श्रोत सुनिश्चित गर्न आयोजनाको प्राथमिकता, प्रकृति, बजेट, समयसीमा र सिलिङ्ग लगायतका बिषयहरु तोक्ने गरी मापदण्ड बनाउनर प्रदेश योजना बैंकमा छनोट भएका योजना तथा कार्यक्रम स्वीकृत गरी स्रोत सुनिश्चितता गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १३ | **सम्पत्तिको एकीकृत विवरण-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयले सरकारी सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य गरेको छैन। मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ। | प्रदेश स्थित सरकारी सम्पत्तिको एकिकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण गर्न तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्यका लागि कार्यविधि बनाएर प्रक्रिया अगाडि बढाउन निर्देशन दिने।<br>प्रदेश सरकारका मातहतका निकायहरुले प्रयोग गरिरहेका घर जग्गा लगायतका सम्पत्ति प्रदेश सरकार मातहत ल्याउन संघीय सरकारसँग आबश्यक पहल गर्न निर्देशन दिने। |
| १४ | **वित्तीय जिम्मेवारी र जवाफदेहिता —**ऐनमा भएको व्यवस्था बमोजिन वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फछ्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्नेदेखिन्छ।जिम्मेवारी र जवाफदेहिताको पालना भएको अवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन। ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु पर्दछ। | ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहीताको पालना गर्न र सोको अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |
| १५ | **समायोजन ग्रेडः-**ग्रेड नपाउने तहमा समायोजन भएका कर्मचारीहरुलाई समेत ग्रेड थप गरी भुक्तानी गरेकोले नपाउने ग्रेड रकम असुल हुनु पर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |
| | **प्रदेश लेखा नियन्त्रक कार्यालय** | |
| १६ | **प्रदेश सञ्चित कोष** - नेपालको संविधानको भाग १६ धारा १०४ अनुसार गुठी रकमबाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, अनुदान, ऋणलगायतको रकम प्रदेश सरकारको सञ्चित कोषमा आम्दानी बाँधिने व्यवस्था छ। प्रदेश सरकारको २०७८/७९ को सञ्चित कोषको प्राप्ति तथा भुक्तानी विवरण देहायअनुसार छ।तालिका | केही भन्नु नपर्ने |

| | | |
|---|---|---|
| १७ | **सञ्चित कोष मौज्दात-** गत वर्षसम्म सञ्चित कोषको मौज्दात रू. ४ अर्ब १० करोड ६१ लाख ११ हजार रहेकोमा यो वर्षसम्मको सञ्चित कोषको मौज्दात रू. ७ अर्ब १६ करोड ४७ लाख ५० हजार रहेको छ। उक्त रकमबाट संघीय सरकारलाई २०७९। ८० मा रू. १ अर्ब ४६ करोड १२ लाख १३ हजार फिर्ता गरेको देखिन्छ। कार्यालयले २०७७।७८ मा प्रदेश सञ्चित कोषमा रहेको वर्षान्तको मौज्दात रू.४ अर्ब १० करोड ६१ लाख ११ हजारबाट संघीय सञ्चित कोषमा फिर्ता गर्नपर्ने रू.१ अर्ब ९० करोड ६ लाख ६ हजार नेपाल सरकारलाई फिर्ता नगरी यो आर्थिक वर्ष प्रदेश सञ्चित कोषमा जिम्मेवारी सारेकोले यो वर्षको सञ्चित कोष मौज्दात यथार्थ देखिएन। | विनियोजन ऐनमा समावेश गरेर लेखांकनमा देखिने गरी फिर्ता गर्न निर्देशन दिने। |
| १७.१ | प्रदेश विनियोजन ऐन, २०७८ को दफा ११ मा प्रदेश सरकारले स्थानीय तहमा वित्तीय हस्तान्तरण गरेको रकममध्ये ससर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभइ बाँकी भएमा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहलाई पठाएको रकमबाट खर्च नभइ बाँकी रहेको रकमको अभिलेख राखेको छैन। यो वर्ष ससर्त अनुदानतर्फ रू. १ अर्ब ६४ करोड ४९ लाख ७५ हजार र समपूरक अनुदानतर्फ रू. १ अर्ब २६ करोड ८ लाख ४४ हजारसमेत कुल रू. २ अर्ब ९० करोड ५८ लाख १९ हजार निकासा गरेको रकमलाई नै खर्च कायम गरेको छ। ऐनमा भएको व्यवस्थाबमोजिम खर्च नभएको रकम यकिन गरी फिर्ता गर्नुपर्दछ। | ऐनमा व्यवस्था भए अनुसार स्थानीय तहलाई पठाएको रकमबाट खर्च नभएर बाँकी रहेको रकम यकिन गरी फिर्ता गर्न निर्देशन दिने।<br>अघिल्लो आर्थिक बर्षको बचत अनुदान फिर्ता गरेपछि मात्र अर्को आर्थिक बर्षको अनुदान पठाउन निर्देशन दिने। |
| १८ | **विभाज्य कोषको बाँडफाँट -** विभाज्य कोषमा गत वर्षको रू.११ करोड ३३ लाख ६ हजार र यो वर्ष प्राप्त रू.१ अर्ब ९८ करोड ८६ लाख ५६ हजारसमेत रू. २ अर्ब १० करोड १९ लाख ६२ हजार रहेकोमा रू.१ अर्ब ९९ करोड ६१ लाख २० हजार मात्र बाँडफाँट गरेको छ।बाँकी रू.१० करोड ५८ लाख ४२ हजार कानुनअनुसार बाँडफाँट गर्नुपर्दछ। | बाँकी रकम कानून अनुसार बाँडफाँड गर्न निर्देशन दिने। |
| १९ | **आन्तरिक लेखापरीक्षण-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम | कानूनी व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण र बेरुजु |

| | | |
|---|---|---|
| | ९७ मा प्रदेशस्थित सरकारी कार्यालयको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट लागू गरेको आन्तरिक लेखापरीक्षण निर्देशिकाअनुरुपको कार्यविधि अपनाई चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गर्दा प्रदेशअन्तर्गतका कार्यालयमा असुल गर्नुपर्ने बेरुजु रू. ३२ करोड १० लाख ७६ हजार, नियमित गर्नुपर्ने बेरुजु रू.१ अर्ब ५ करोड ९२ लाख ५२ हजार देखिएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार आन्तरिक लेखापरीक्षण हुँदा असुल गर्नुपर्ने रू. १ करोड ६८ लाख ६० हजार, नियमित गर्नुपर्ने रू.५ करोड ९० लाख ५८ हजार देखिएको छ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी तुल्याउन चौमासिक रुपमा लेखापरीक्षण गर्ने तथा बेरुजु फर्स्यौट कार्यसमेत गर्नुपर्दछ। | फछ्यौंट कार्य गर्न निर्देशन दिने। |
| २० | **सरकारी सम्पत्तिको अभिलेख**-- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८ (५) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले विभिन्न मन्त्रालय तथा निकायबाट पेश भएको एकीकृत जिन्सी प्रतिवेदन अध्ययन गरी सोही आधारमा एकीकृत जिन्सी प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले सो अनुसार एकीकृत जिन्सी प्रतिवेदन तयार गरी २०७९।०८।०८ मा पेश गरेकोले तोकिएको समयमा प्रतिवेदन पेश हुनुपर्दछ। | ऐन बमोजिम एकिकृत जिन्सी प्रतिवेदन तयार गरी तोकिएको समयमै सम्बन्धित निकायमा पेश गर्न निर्देशन दिने। |
| २१ | **बेरुजुको लगत**--तालुक निकायले आफूअन्तर्गतका निकायको बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्ने र सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकीकृत लगत तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। बेरुजुको लगत अद्यावधिक गर्नुपर्दछ। | प्रदेश लेखा नियन्त्रक कार्यालयले मन्त्रालय तथा निकायहरुबाट अद्यावधिक बेरुजु लगत मगाई बेरुजुको एकिकृत लगत तयार गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| ● | **बेरुजु स्थिति**-मन्त्रालय र मातहतसमेत ३ निकायमा यो वर्ष रू.२७ लाख ७४हजार बेरुजु बाँकी रहेको छ। यो सम्बन्धी विस्तृत विवरण अनुसूची ९ मा रहेको छ। | मन्त्रालयको नाममा रहेको लगती बेरुजुको अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने। |
| **पाँच वर्षको कार्यसम्पादन स्थिति** | | |
| १ | **बजेट तथा खर्च**-प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, संघीय नीति अनुरुप सहवित्तीयकरण, प्रदेशस्तरका सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन लगायतका कार्यहरू यस मन्त्रालयको कार्य क्षेत्र तोकिएको छ। मन्त्रालयको पाँच वर्षको बजेट कार्यान्वयन अवस्था विश्लेषण गर्दा कुल बजेट रु. १ खर्ब ५७ अर्ब ३७ करोड ४२ लाख ४९ हजार विनियोजन भएकोमध्ये रू. १ खर्ब ९ अर्ब ६० करोड ६७ लाख ५ हजार खर्च भएको छ। बजेटको तुलनामा खर्च औसतमा ६९.६४ प्रतिशत देखिन्छ। प्रदेश सरकारका मन्त्रालयको प्रशासनिक तथा संस्थागत क्षमता सुदृढ गरी कार्यसम्पादन स्थितिमा सुधार गर्नुपर्दछ। | प्रतिवेदनमा दिइएको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| २ | **राजस्वको लक्ष्य र प्रगति** -मन्त्रालयले पेश गरेको विवरणअनुसार आर्थिक वर्ष २०७४।७५ देखि २०७८।७९ सम्म राजस्व संकलनको अनुमानित लक्ष्य रू.७६ अर्ब ३७ लाख ७१ हजार रहेकोमा रू.४९ अर्ब २५ करोड २२ लाख ७९ हजार संकलन भएको छ। लक्ष्यको तुलनामा राजस्व प्राप्ति ६९.८१ प्रतिशत देखिन्छ। | राजस्व संकलनको लक्ष्य यथार्थ र विश्वसनीय बनाई लक्ष्यअनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान दिन निर्देशन दिने। |
| ३ | **वित्तीय हस्तान्तरण** - संघीय सरकारबाट २०७४।७५ देखि २०७८।७९ सम्ममा समानीकरण अनुदानमा रू.३२ अर्ब ३६ करोड ३ लाख निकासा भएकोमा उक्त अवधिमा रू.२३ अर्ब ५५ करोड ६३ लाख ९८ हजार खर्च भई प्रदेश सञ्चित | प्रदेश सरकारका मन्त्रालय र मातहतको प्रशासनिक तथा संस्थागत क्षमता सुदृढ गरी संघीय अनुदान खर्चमा अभिवृद्धि गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | कोषमा रू.८ अर्ब ८० करोड ३९ लाख २ हजार मौज्दात रहेको छ। जसअनुसार वित्तीय हस्तान्तरणबाट प्राप्त रकमको २७.२१ प्रतिशत रकम खर्च हुन सकेको देखिएन। सोही अवधिमा सशर्त,, विशेष र समपूरक अनुदानमा उल्लिखित पाँच वर्षको तथ्याङ्कका आधारमा रू.४१ अर्ब २२ करोड ७ लाख ६९ हजार निकासा भएकोमा रू.३२ अर्ब ७१ करोड ७८ लाख ४० हजार खर्च भएको छ। सो खर्चसमेत अनुदान निकासाको तुलनामा ७९.३७ प्रतिशत हुन आउँछ। | |
| ४ | **मुख्य उपलब्धि-**समयमै बजेट निर्माण, राजश्व प्राप्ति र असुलीमा सुधार, प्रदेश आर्थिक ऐनको निर्माण, बजेटको कार्यान्वयन वार्षिक, अर्धवार्षिक एवम् चौमासिक समीक्षा, बजेट कार्यान्वयन मार्गदर्शन, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ र लेखासमूहका कर्मचारीहरूको पदस्थापन तथा सरुवा सम्बन्धी मापदण्ड, २०७८ लगायत आर्थिक क्षेत्रसँग सम्वन्धित ३१ कानुन तथा कार्यविधिहरू निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ अनुसार प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमको कार्यतालिका बनाई कार्यान्वयन गर्नुपर्दछ। | प्रदेश सरकारले वार्षिक रुपमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमको कार्यतालिका बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने। |



सभापति

**बैठक संख्याः १५**

**मितिः २०८०/१०/२६ गते**

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल**

# खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर दफा १ देखि दफा १७ सम्म भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **नीति तथा कार्यक्रम कार्यान्वयनः-** सिंचाइ क्षेत्रमा ४३ हजार हेक्टर जमिन सिंचित गर्ने अभियान बमोजिम करिब ५३ प्रतिशत काम सम्पन्न भएको यो वर्ष ८ हजार हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा पुर्याउने, "प्रदेशको पानी प्रदेशकै जनताको लगानी" अनुरुप जलविद्युत उत्पादनमा निजी क्षेत्र तथा स्थानीय समुदायलाई समेत लगानी गर्न आकर्षित गर्ने जस्ता कार्यक्रमको कार्यान्वयन अवस्था देखिने विवरण तयार गरेको छैन। | नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आबश्यक पर्ने ऐन, कानून तथा कार्यविधि समयमै तयार गरी तोकिएका कार्यक्रम पूर्णरुपमा कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **जिम्मेवारी कार्यान्वयनः-**प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम यो मन्त्रालयलाई तोकिएका कार्यहरूमध्ये प्रदेशस्तरमा खानेपानी, सिंचाइ तथा ऊर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन, खानेपानी, सिंचाइ तथा ऊर्जा सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,खानेपानी, सिंचाइ तथा ऊर्जा सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन, प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन, ढल निकास तथा सरसफाइ व्यवस्थापन लगायतका कार्यहरू सम्पादन गरेको देखिएन। | साधन र स्रोतको व्यवस्थापन गरी प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ बमोजिम मन्त्रालयलाई तोकिएका कार्यहरु कार्ययोजना सहित सम्पादन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| ३ | **आवधिक योजना कार्यान्वयनः-**कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) मा गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी तथा सरसफाइ सुविधा विस्तार गर्नु, सिंचित क्षेत्रको विस्तार गर्नु, विद्यमान सिँचाइ आयोजनाको पूर्ण उपयोग गर्नु, व्यवस्थित सिँचाइ प्रणालीलाई सुदृढीकरण गर्नु तथा जल उत्पन्न प्रकोप न्यूनीकरण गर्दै नदी कटान तथा बाढी पहिरोजन्य क्षति कम गर्नु, प्रदेशमा विद्युत उत्पादन, प्रसारण र वितरण क्षमता वृद्धि गर्नु लगायतका उद्देश्य रहेको देखिन्छ। मन्त्रालयवाट प्राप्त विवरण अनुसार जलउत्पन्न प्रकोप न्यूनीकरण अन्तर्गत १ हजार ५०० हेक्टर जमिनलाई बचाऊ गर्ने लक्ष्य लिएकोमा १ हजार २५० हेक्टर जमिनलाई हालसम्म संरक्षण गरेको, नवीकरणीय ऊर्जातर्फ २.८ मेगावाट नवीकरणीय ऊर्जा थप गर्ने आवधिक लक्ष्य रहेकोमा २.६५ मेगावाट ऊर्जा थप भएको र आधारभूत खानेपानी सेवामा पहुँच रहेको जनसंख्या ९१ प्रतिशत पु-याउने आवधिक लक्ष्य रहेकोमा ९० प्रतिशत जनसंख्यालाई आधारभूत खानेपानी सेवा पुगेको देखिन्छ। लक्ष्य प्राप्तिको लागि थप पहल गर्नुपर्दछ। | लक्ष्य प्राप्तीका लागि थप पहल गर्न निर्देशन दिने। |
| ४ | **दिगो विकास लक्ष्यः-** नेपालले दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाएअनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। सञ्चालन एवं सम्पन्न गरेका सिंचाइ, खानेपानी एवं ऊर्जालगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरेतापनि कार्यक्रमगत रुपमा दिगो विकासका लक्ष्यहरू उल्लेख गरी कार्यक्रम स्वीकृत गरेको देखिएन। | मन्त्रालयले सञ्चालन गर्ने कार्यक्रमहरुमा दिगो विकासका परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्न निर्देशन दिने। |
| ५ | **केन्द्रिय एकिकृत प्रगति विवरणः-**प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २७ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृतरुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समीक्षा गर्दा सुधारका लागि | महालेखापरीक्षकको बार्षिक प्रतिवेदनमा दिइएको सुझाव अनुसार गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्ति उपर आवश्यक कारबाहीसमेत गर्नु पर्ने उल्लेख छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट विवरण लिई केन्द्रीय प्रगति विवरण तयार गरेको छ। न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरूको समीक्षा गरी सुधारका लागि आवश्यक पहल हुनुपर्दछ। | |
| ६ | **आन्तरिक नियन्त्रणः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७८ को व्यवस्था अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वय गर्नु पर्नेमा गरेको देखिएन। | आन्तरिक नियन्त्रण प्रणाली तीन महिना भित्र तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ७ | **कार्यसम्पादन करारः-**प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नुपर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना कुनै कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्यसम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्था बमोजिम कार्यालय प्रमुखले सम्बन्धित मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेको देखिएन। पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार गरिनुपर्दछ | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कानूनमा व्यवस्था भए वमोजिम कार्यसम्पादन करार गर्न गराउन निर्देशन दिने। |
| ८ | **तलबी प्रतिवेदनः-** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२)अनुसार तलबी प्रतिवेदन परित गरेर मात्र तलबमा खर्च गर्नुपर्ने व्यवस्था छ।मन्त्रालय तथा मातहत समेतका ४ कार्यालयले तलबी प्रतिवेदन पारित नगरी रु.२ करोड ५९ लाख ७७ हजार खर्च गरेको छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी | समायोजन ग्रेडको समस्या नभएका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | हुनुपर्दछ। | |
| ९ | **समायोजन ग्रेडः-** पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय र प्रथम तथा राजपत्रांङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छैन। मन्त्रालय मातहत कार्यालयहरूले ग्रेड नपाउने तहमा समायोजन भएका १४ कर्मचारीहरूलाई नपाउने ग्रेड थप गरी रू.५ लाख ११ हजार खर्च लेखेको छ। ऐन विपरीत भुक्तानी भएको ग्रेड रकम असुल गर्नुपर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |
| १० | **अनुगमन मुल्यांकनः-**मन्त्रालयबाट विभिन्न अनुगमनका कार्य गरेको भएता पनि सोको एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन। आर्थिक अनुशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनामा तदारुकता ल्याउन, सेवा प्रवाहलाई जनमुखी एवं प्रभावकारी बनाउन, पूर्वाधार क्षेत्रको विकास गर्न तथा लक्षित कार्यक्रमहरू सफलीभूत तुल्याई आम नागरिकको जीवनस्तरमा सुधार ल्याउनका निमित्त वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरू समाधान गर्नुपर्ने देखिन्छ। | महालेखापरीक्षकको प्रतिवेदनमा दिइएको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ११ | **थप ब्ययभारः-**सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ५ मा यो वर्ष थप नयाँ संगठन संरचना र दरबन्दी सिर्जना नगर्ने उल्लेख गरेको छ। प्रदेश सरकारले २०७८।१०।१६ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ लाई खारेज गरी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ लागू गरेको छ। साविकको भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यतथा जिम्मेवारीलाई विभाजन गरी खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय गठन गर्दा नयाँ मन्त्रालय व्यवस्थापनको लागि यो वर्ष सवारी साधान खरिद, मेशिनरी तथा उपकरण, कम्प्युटर, ल्यापटपसमेतका लागि रू.९८ लाख ६७ | मापदण्डको पालना गरी भइरहेका सामानको योजनाबद्ध रुपमा सदुपयोग गर्ने गरी व्यवस्थापन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | हजार खर्च भएको देखिन्छ। मन्त्रालय विभाजन गरी नयाँ मन्त्रालय स्थापना गर्दा व्यवस्थापन खर्चवापत प्रदेशलाई थप आर्थिक व्ययभार भएको देखिन्छ। | |
| १२ | **बेरुजुको लगतः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १०१ अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम भएको वेरुजु सम्बन्धित कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। तालुक निकायले आफूअन्तर्गतका निकायको वेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्ने र सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफूअन्तर्गतका निकायको एकीकृत बेरुजुको लगत खडा गरी राखेको पाइएन। | मन्त्रालयले आफू अन्तर्गतका निकायको एकिकृत बेरुजुको लगत तयार गरी तोकिएको निकायमा पठाउन निर्देशन दिने। |
| १३ | **पदपूर्ति अवस्थाः**-मन्त्रालयको स्वीकृत दरवन्दी भित्रका रिक्त पदहरूमा समयमानै पदपूर्ति गर्नुपर्दछ। यस मन्त्रालयमा २९ दरवन्दी स्वीकृत रहेकोमा १७ दरबन्दी मात्र पदपूर्ति भई प्रमुख डिभिजन इन्जिनियर-१, लेखा अधिकृत-१, कानुन अधिकृत-१, इन्जिनियर-९ लगायतका पद रिक्त रहेका छन्। यसरी मन्त्रालयमा रिक्त रहेका पदहरूमा पदपूर्ति नहुदा सेवा प्रवाहमा समेत असर पर्ने हुँदा रिक्त पदहरू पदपूर्ति गरी कार्यसञ्चालन गर्नुपर्दछ। | रिक्त रहेका पदहरु समयमै पदपूर्ति गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १४ | **सोझै खरिदः**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५.१ (क) बमोजिम सार्वजनिक निकायले रू.१० लाख सम्मको अनुदान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ। मन्त्रालयसमेतका ६ कार्यालयले रू.५ करोड ७५ लाख ९९ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा कार्यालय सामान, पाईप तथा फिटिङ्सका सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ। खानेपानी तथा सरसफाइ डिभिजन पाँचथरले मात्र एउटै उद्योगबाट रू.१ करोड ७३ लाखको पाईप तथा फिटिङ्स सोझै खरिद गरेको छ। नियमअनुसार प्रतिस्पर्धा गराई खरिद गर्नुपर्दछ। | अत्यावश्यकीय कार्यहरु तत्कालै गरी योजनामा अपेक्षित प्रगति हासिल गर्नको लागि सामाग्री खरिद गरिएको र उक्त सामाग्रीहरु सम्बन्धित आयोजना संचालन गर्ने उपभोक्ता समितिको जिम्मामा रहेको रसरकारी दररेट र नर्म्स प्रयोग गरी खरिद कार्य गरिएकोले कुनै सरकारी हानी नोक्सानी नभएको भनी जवाफ प्राप्त हुन आएको र उल्लेख भए बमोजिम उपभोक्ता समितिबाट सोझै खरिद भएको निर्माण तथा मालसामान खरिद कार्यको गोश्वारा भौचर, नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश भएको हुँदाउक्त बेरुजु लगतबाट हटाउन निर्देशन दिने। अब आइन्दा सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था बमोजिम प्रतिस्पर्धा गराई खरिद कार्य गर्न निर्देशन दिने। |
| १५ | **घरेलु सौर्य उर्जा जडानः**-मन्त्रालयले राष्ट्रिय प्रसारण लाईन नपुगेको स्थानीय तहमा ८० पिकवाट क्षमताको घरेलु सौर्य ऊर्जा जडान गर्नका लागि ३ प्याकेजमा कुल २ हजार १९४ सौर्य प्यानल जडानको नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ अनुसार ८० पिकवाट क्षमताको घरेलु सौर्य ऊर्जा खरिद तथा जडानको लागि प्रति सेट अधिकतम मूल्य रू.२३ हजार (जडान सहित) कायम गरेकोमा थप रू.१ हजार प्रति सेट जडान खर्च भनी लागत अनुमान तयार गरेको छ। बोलपत्र गर्दा बिल अफ क्वान्टिटीमा आपूर्ति र जडानको एउटै आइटम राखेपछि पुनः जडानको छुट्टै आइटम राखी सम्झौता गरेको कारण जडान वापत थप भुक्तानी भएको छ। एउटै कामलाई दोहोरो भुक्तानी हुने गरी लागत अनुमानमा आइटम समावेश गर्दा रू.९ लाख ९२ हजार थप व्ययभार परेको छ। थप व्ययभार पर्ने गरीलागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ। | एउटै काममा दोहोरो भुक्तानी नभएको पुष्टयाई पेश गरी नियमित गर्न र अब आइन्दा दोहोरो भुक्तानी हुने गरी लागत अनुमान तयार गरेमा लागत अनुमान तयार गर्नेबाट असुल उपर गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १६ | **ननफाइलरः**-मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने उल्लेख छ। मन्त्रालय र मातहतका ५ कार्यालयले १२ फर्म तथा निर्माण व्यवसायीहरूलाई रू.८९ लाख ६८ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएकोमा ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेकोले कर समायोजन भएको देखिएन। ती फर्महरूलाई भुक्तानी भएको मूल्य अभिवृद्धि करको कर समायोजन पत्र पेश हुनुपर्दछ। | भुक्तानी भएको मूल्य अभिवृद्धि करको कर समायोजन पत्र पन्ध्र दिन भित्र पेश गरी फछ्र्यौट गर्न निर्देशन दिने। |
| १७ | **वित्तीय जवाफदेहिताः**-मन्त्रालयको संस्थागत व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता पालनासम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणाली उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, एकद्वार सेवा प्रणाली कार्यान्वयनमा नआएको, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर परीक्षणको स्थिति कमजोर रहेको छ। वित्तीय व्यवस्थापनको उत्तरदायित्वस्तर सुधार गर्नुपर्दछ। | प्रतिवेदनमा दिइएको सुझाव अनुसार गर्न निर्देशन दिने। |

**बैठक संख्याः १६**

**मितिः २०८०/१०/२७ गते**

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल**

# खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर दफा १८ देखि दफा ४६ सम्म भएका छलफलका निर्णयहरुः**

**जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १८ | **नापी किताबः**-डिभिजन कार्यालय ओखलढुङ्गाले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई वितरणका लागि सोझै खरिद गरेका रू.२९ लाख १९ हजार बराबरको ग्याबियन जाली सम्बन्धित योजनामा प्रयोग गरेको नापी किताव र उपभोक्तालाई वितरण गरेको भरपाई बेगर खर्च लेखेको छ। निर्माण सामग्रीहरू सम्बन्धित योजनामा प्रयोग गरेको सुनिश्चित हुनुपर्दछ। | प्रमाणका कागजातहरु पेश गर्न निर्देशन दिने। |
| १९ | **धरौटी फिर्ताः**-डिभिजन कार्यालय ओखलढुङ्गाले २ निर्माण व्यवसायीलाई धरौटी फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर समायोजन गरेको पत्र बेगर रू.३१ लाख ४१ हजार धरौटी फिर्ता गरेको छ। कर समायोजन र आय विवरण बुझाएको आधारमा मात्र धरौटी फिर्ता गर्नुपर्दछ। | कर समायोजन र आय विवरण बुझाएको प्रमाण कागजात पेश गर्न निर्देशन दिने। |
| २० | **खर्च शिर्षकः-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम ३६ मा सार्वजनिक निकायले बजेट तथा कार्यक्रमको सिमा भित्र रही सम्बन्धित शीर्षकमा रकम खर्च pi / ४७ * ३/८७ एक शीर्षकमा अपुग भएमा अर्को शीर्षकबाट रकमान्तर गर्ने सम्बन्धी व्यवस्था समेत रहेको छ। डिभिजन कार्यालय, सुनसरीले | सम्बन्धित निकायको स्वीकृती बेगर एक क्षेत्रको कार्यक्रममा स्वीकृत भएको बजेटबाट अर्को क्षेत्रमा काम नगराउन तथा खर्च नगर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | एक क्षेत्रको नदी नियन्त्रण कार्यक्रममा स्वीकृत भएको बजेट रू.१ करोड ४ लाख २८ हजार स्वीकृतिबेगर अन्य क्षेत्रको नदी नियन्त्रणको काम गराई उपभोक्ता समितिलाई भुक्तानी दिएको छ। एक क्षेत्रको नदी नियन्त्रणको लागि आएको रकम सम्बन्धित निकायको स्वीकृतिवेगर अन्य क्षेत्रको नदी नियन्त्रणमा खर्च गर्नु उचित होइन। | |
| २१ | **पेश्की फछ्यौंट** -डिभिजन कार्यालय सुनसरीअन्तर्गत सञ्चालित कठले सिँचाइ योजनामा एक निर्माण व्यवसायीलाई उपलब्ध गराएको रू.१ करोड २६ लाख १९ हजार पेस्की बाँकी रहेको छ। सम्झौता अनुसार योजनाको म्याद थपसमेत नभएको र सम्झौताको अवधि ८० प्रतिशत समाप्त भइसकेकोले सम्झौताको सर्तअनुसार पेस्की फस्यौट गर्नुपर्दछ। | यथा शिघ्र पेश्की फछ्यौंट गर्न निर्देशन दिने। |
| २२ | **लाइनिङको रिईन्फोर्समेन्ट बार** - डिभिजन कार्यालय, पाँचथरले सिबुवा सेजेपा फेवादिन सिँचाइ योजनामा ड्रईड डिजाईनअनुसार लाइनिङको मेन वार १५ सेन्टिमिटरको फरकमा लगाउने लागत अनुमान भएकोमा पाँच हजार मिटर लाइनिङ बनाउदा औसत १६.३५ सेन्टिमिटरमा मेन बार (१० सेन्टीमिटर) को भुक्तानी दिए पनि स्थलगत अनुगमन गरी तीन ठाउँको नापी लिँदा औसत १९.३३ सेन्टीमिटरमा मेन बार राखेको देखिएकोले कुल ५ हजार मिटर लाइनिङमा ४ हजार ९२ किलोग्राम बार कम प्रयोग भएको हुँदा सम्झौताको दर प्रति किलोग्राम रू.११७ ले रू.४ लाख ७८ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ। | डिभिजन कार्यालयबाट उक्त बेरुजु रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुलउपर गरी राजश्व खातामा दाखिला भै सकेको जवाफ प्राप्त भएको हुँदा उक्त बेरुजु लगतबाट हटाउन निर्देशन दिने।<br><br>अब आइन्दा यस्ता कमजोरी हुन नदिई डिजाइन अनुसार गुणस्तर कायम हुनेगरी काम गर्न गराउन निर्देशन दिने। |
| २३ | **जडान प्रमाणित** -डिभिजन कार्यालय, झापाले ह्यूमपाइप खरिद गरी निर्माण सामग्री प्रयोग हुने स्थान यकिन नगरी रू.२५ लाख ३१ हजार खर्च गरेको छ। खरिद गरिएका ह्यूमपाइप जडान गरी स्थानसमेत खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार | खरिद गरिएका ह्यूमपाइप जडान गरी स्थानसमेत खुलाई कार्य सम्पन्न प्रतिवेदन पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | गर्नुपर्दछ। | |
| २४ | **स्पेसिफिकेशन र परीक्षण** -डिभिजन कार्यालय, झापाले सौर्य ऊर्जाका लागि पम्प खरिद कार्य उपभोक्ता समितिले नै गरी सोको विल कार्यालयमा पेश गरेको आधारमा सम्झौता बमोजिम रू.६७ लाख ५२ हजार भुक्तानी गरेको छ। उपभोक्ता समितिले खरिद गर्नुअघि स्पेसिफिकेशन स्वीकृत नगरी एक ऊर्जा कम्पनीबाट सोझै सिँचाइ सामग्रीहरू खरिद गरेको छ। खरिद गरिएका सामग्रीहरूको गुणस्तर परीक्षणसमेत नगरेकोले गुणस्तर परीक्षण गरी भुक्तानी हुनुपर्दछ। | खरिद गरिएका सामग्रीहरूको गुणस्तर परीक्षण सम्बन्धी कागजात पेश गर्न र मालसामान खरिद गर्दा कानून बमोजिम स्पेसिफिकेशन स्वीकृत गरेर मात्र खरिद गर्न निर्देशन दिने। |
| २५ | **बढी भुक्तानी** -डिभिजन कार्यालय, झापाले यो वर्ष हडिया फुलवासा र देउनिया सिँचाइ योजनाको केनल लाइनिङ र हेडवर्क्स कार्यको कार्य नै नगरी रू.१४ लाख ३६ हजार भुक्तानी दिएको स्थलगत परीक्षण गर्दा देखियो। उक्त रकम भुक्तानी दिनेलाई जवाफदेही बनाई निर्माण व्यवसायीवाट असुल गर्नुपर्दछ। | मन्त्रालयले अनुगमन गरी असुल उपर गर्न र काम नगरी भुक्तानी नगर्न निर्देशन दिने। |
| २६ | **परामर्श सेवा** -बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्दछ। डिभिजन कार्यालय, झापाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत अनुमान तयार गरी लागत अनुमानकै हाराहारीमा ६ योजनाको विस्तृत आयोजना प्रतिवेदन रू.२३ लाख ७१ हजारमा परामर्शदातावाट गराएको छ। उक्त विस्तृत आयोजना प्रतिवेदन तयार गर्न कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरेको देखिएन। कार्यालयको प्राविधिक जनशक्तिबाट कार्य गराई खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | विस्तृत आयोजना प्रतिवेदन सम्बन्धी नर्म्स बनाई सकेसम्म आफ्नै प्राविधिक जनशक्तिबाट गराउन निर्देशन दिने। |
| २७ | **उपभोक्ता समितिबाट कार्य** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम एक करोड रुपैयाभन्दा बढीको लागत अनुमान भएको कार्य उपभोक्ता समितिमार्फत गराउन नपाइनेमा डिभिजन कार्यालय, झापाले डोरामारी रामचन्द्रे | उपभोक्ता समितिमार्फत कार्य गराउदा सार्वजनिक खरिद नियमावलीको पालना गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | सिँचाइ योजना र अदुवा खोला सिँचाइ योजनाको रू.२ करोड ३९ लाख १८ हजारको कार्य उपभोक्ता समितिमार्फत गराएको छ। नियमावलीको प्रावधान विपरीत भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई उपभोक्ता समितिमार्फत कार्य गराउदा नियमावलीको पालना हुनुपर्दछ। | |
| | **खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु** | |
| २८ | **अग्रिम कर -**आयकर ऐन, २०५८ को दफा ८९ (३) (क) मा उपभोक्ता समितिसँग भएको पचास लाखभन्दा बढीको कामको भुक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। डिभिजन कार्यालय, ओखलढुङ्गाले विभिन्न ७ खानेपानी योजनाका उपभोक्ता समितिसँग सम्झौता गरी रू.५० लाख भन्दा बढी भुक्तानी गरेकोमा ऐन अनुसारको कर कट्टी नगरेकोले कर वापतको रू.१३ लाख ८० हजार उपभोक्ता समितिवाट असुल हुनुपर्दछ। | उक्त बेरुजु रकम सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गरी राजश्व खातामा दाखिला भै सकेको जवाफ प्राप्त भएको हुँदा उक्त बेरुजु लगतबाट हटाउन निर्देशन दिने।<br><br>अब आइन्दा ऐन बमोजिम अग्रिम कर कट्टी गरेर मात्र भुक्तानी गर्न निर्देशन दिने। |
| २९ | **पाइप तथा फिटिङ्गस जडान -** कार्यालयको मुल जिन्सी खाताबाट खानेपानी आयोजनामा जडानको लागि खर्च लेखिएको पाइप तथा फिटिङ्गस सम्बन्धित आयोजनामा जडान गरी सोको अभिलेख नापी कितावमा प्रविष्टि गर्नुपर्दछ। मुल जिन्सी खाताबाट खानेपानी आयोजनामा जडान गर्ने प्रयोजनका लागि डिभिजन कार्यालय धनकुटा, ओखलढुंगा, र सुनसरीले रू.१ करोड ४६ लाख २० हजार मूल्यका पाइप फिटिङ्गसहरू सम्बन्धित आयोजनामा जडान गर्न बाँकी रहेको देखियो। उक्त पाइप तथा फिटिङ्गसहरू सम्बन्धित आयोजनामा जडान गर्नुपर्दछ। | जडान गर्न बाँकी पाइप तथा फिटिङ्गसहरू सम्बन्धित आयोजनामा यथाशिघ्र जडान गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| ३० | **जडान वेगरको खपत -**खानेपानी तथा ढल व्यवस्थापन विभागको २०६३।१।३ को परिपत्र अनुसार पाइप तथा फिटिङ्गस औजार अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिएअनुसार जिन्सी खाताबाट मौज्दात घटाउनु पर्ने | • खरिद गरिएका पाइप तथा फिटिङ्गसहरु सम्बन्धित आयोजनामा जडान गरी कार्यसम्पन्न प्रतिवेदन लगायत प्रमाणका कागजातहरु पेश निर्देशन दिने। |

| | | |
|---|---|---|
| | उल्लेख छ। डिभिजन कार्यालय, ओखलढुङ्गाले जिन्सीबाट खर्च लेखेकोमध्ये विभिन्न साइजको रू.८७ लाख २६ हजार मूल्यका १ लाख ३ हजार ३८० मिटर पाइप जडान भएको देखिएन। त्यस्तै गरी डिभिजन कार्यालय, खोटाङले ६ खानेपानी आयोजनाका लागि उपभोक्ता समिति मार्फत खरिद भएको रू.४५ लाख ४८ हजार मूल्यको ३२ हजार ७२४ मिटर पाइप सम्बन्धित योजनाको नापी किताबमा चडेको पाइएन। विभागको परिपत्र अनुसार पाइप जडान गरी नापी किताबमा चढाएपछि मात्र जिन्सीबाट खर्च लेखुपर्दछ। | • बिभागको परिपत्र अनुसार पाइप तथा फिटिङ्ग्स औजार अत्यावश्यक भएमा मात्र खरिद गर्न निर्देशन दिने। |
| ३१ | **अधुरो आयोजना** -संखुवासभाको जलजला खानेपानी आयोजना निर्माणको लागि रू.४ करोड ९९ लाख ७ हजारको लागत अनुमान तयार गरी २०६६।६७ बाट निर्माण सुरु गरेकोमा हालसम्म निर्माण कार्यमा भएको प्रगतिको अवस्था नखुलाई यो वर्ष डिभिजन कार्यालय भोजपुरले रू.१४ लाख ४ हजारको पाइप खरिद गरेको छ। निर्माण सुरु भएको १२ वर्षसम्म पनि आयोजना सम्पन्न नभै अधुरो रहेकोले लाभग्राहीले सेवा सुविधा उपभोग गर्नबाट वञ्चित हुन परेकोले योजना सम्पन्न गर्न सम्बन्धित निकायले पहल गर्नुपर्दछ। | मन्त्रालयले अनुगमन गरी आयोजनाको प्रगति पेश गर्न र चाडो भन्दा चाडो सम्पन्न गर्न निर्देशन दिने। |
| ३२ | **सीमा भन्दा बढीको काम** -डिभिजन कार्यालय, भोजपुरले उपभोक्ता समितिबाट कार्य गराई यो वर्ष दुई आयोजनामा रू.३ करोड ३८ लाख ५२ हजार खर्च गरेको छ। नियमावलीले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिवाट गराउन मिल्ने देखिएन। | फछ्र्यौटको लागि प्रमाणका कागजात पेश गर्न र उपभोक्ता समितिमार्फत कार्य गराउदा सार्वजनिक खरिद नियमावलीको पालना गर्न निर्देशन दिने। |
| ३३ | **उपभोक्ता समितिमार्फत खरिद** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा वा त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको समिति वा लाभग्राही समुदायवाट गराउन सकिने र श्रममूलक प्रकृतिका काम यस्ता समिति वा समुदायवाट गराउनुपर्ने | प्रमाणका कागजातपेश गर्न र प्रतिवेदनमा दिइएको सुझाव अनुसार खरिद कार्य गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | उल्लेख छ। यो वर्ष विभिन्न खानेपानी आयोजनाको लागि आवश्यक पर्ने पाइप, फिटिङ्गस तथा विद्युतीकरणका सामग्री उपभोक्ता समिति मार्फत खरिद गरी डिभिजन कार्यालय, भोजपुरले रू.६ करोड ६३ लाख ७२ हजार, सुनसरीले रू.९५ लाख ८० हजार, ओखलढुंगाले रू.२ करोड १४ लाख ३७ हजार, धनकुटाले रू.१ करोड ९३ लाख ८३ हजार र पाँचथरले रू.१ करोड ८१ लाख १८ हजार र खोटाङले रू.७१ लाख ८५ हजार खर्च गरेका उपभोक्ता समितिले गर्न सक्ने कार्य मात्र उपभोक्ता समितिलाई दिई पाइप खरिद कार्य प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ। | |
| ३४ | **दरबन्दी र कर्मचारी नियुक्ति** -स्वीकृत दरबन्दीभित्र मात्र पदपूर्ति गरी तलव भत्ता खर्च लेखुपर्दछ। डिभिजन कार्यालय, सुनसरीले दरबन्दीभन्दा बढीका अस्थायी १३ जना र करार ४ जनासमेत १७ जनालाई यो वर्ष तलब भत्ता रू. ७४ लाख ३० हजार भुक्तानी गरी खर्च गरेको छ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी नियुक्ति गर्नेलाई जिम्मेवार बनाई दरबन्दीअनुसार कर्मचारीको तलव भत्तामा खर्च लेखुपर्दछ। | • दरबन्दी भन्दा के कति बढी कर्मचारी नियुक्ति गरेको हो कारण सहित विवरण खुलाई पठाउन निर्देशन दिने।<br>• स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्ति नगर्न र दरबन्दी अनुसार मात्र तलव भत्ता खर्च गर्न निर्देशन दिने। |
| ३५ | **निर्माण व्यवसायीबाट काम** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३ (क) मा उपभोक्ता समितिले प्राप्त गरेको काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँग सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ख सार्वजनिक अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ। डिभिजन कार्यालय, सुनसरीसँग विभिन्न कामको लागि सम्झौता गरेको उपभोक्ता समितिहरूले ट्युबवेल जडान तथा बोरिङ लगायतको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले ट्युबवेल जडान गरेको र सामान उपलब्ध गराएको उल्लेख गरी जारी गरेको बीजक कार्यालयमा पेश गरेको आधारमा | उपभोक्ता समितिले जिम्मा लिएको कार्य निर्माण व्यवसायीबाट गराउने कार्यलाई कढाईका साथ रोक्न र गराएमा सार्वजनिक खरिद नियमावली बमोजिम कारवाही गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ। यसरी नियम विपरीत विभिन्न ३ वटा योजनाहरूमा उपभोक्ता समितिले निर्माण व्यवसायीलाई काम दिई रू.४२ लाख ७६ हजार भुक्तानी दिएको छ। उपभोक्ता समितिले जिम्मा लिएको कार्य निर्माण व्यवसायीबाट गराउन मिल्दैन। | |
| ३६ | **पाइप जडान** -डिभिजन कार्यालय, सुनसरीले शनिश्चरे खानेपानी योजनामा पाइप तथा फिटिङ्ग्स खरिद गरी जडान गर्ने काम उपभोक्ता समितिलाई दिएको देखिन्छ। गत वर्ष र यो वर्षको समेत खरिद गरिएको पाइप तथा फिटिङ्ग्सहरूलाई लेयिङ र जोइन्टिङ गर्न कम्तीमा ४ हजार ५० घनमिटर खन्ने र पुर्ने काम उपभोक्ता समिति आफैले गर्ने गरी सम्झौता भएको छ।पाइप खरिदको काम सबै सम्पन्न भए पनि उक्त पाइपहरू जडान गर्ने काम १ हजार ९२७ घनमिटर मात्र भएको र बाँकी २ हजार १२३ घनमिटर खन्ने तथा पुर्ने काम भएको देखिदैन। पाइप जडान गरी खन्ने तथा पुर्ने कामसमेत सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ। | सम्पूर्ण पाइप जडानगरी खन्ने तथा पुर्ने कामसमेत सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ३७ | **मौज्दात राख्ने गरी खरिद** - निर्माण व्यवसायीलाई विल अफ क्वान्टिटीमा रहेका आइटमहरूको निर्धारित स्पेसिफिकेशन बमोजिम निर्माण कार्य सम्पन्न भएपछि मात्र नापजाँच गरी भुक्तानी गर्नुपर्दछ। निर्माण व्यवसायीले पाइप खरिद गरी निर्माण स्थलको गोदाममा पुगिसकेको हुँदा सोलाई रनिङ्ग बिलमा समावेश गरी भुक्तानी दिन निर्माण व्यवसायीले माग गरेको आधारमा डिभिजन कार्यालय, पाँचथरले प्रथम रनिङ्ग विलमा पाइपको रकम समावेश गरी भुक्तानी गरेको रू.७५ लाख १३ हजार भुक्तानी दिन नमिल्ने हुँदा सो रकमको ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ। | महालेखापरीक्षकको प्रतिनिधि सहितको बैठकमा आबश्यक छलफल गरी निर्णय गर्ने। |
| ३८ | **पेश्की खर्च** -डिभिजन कार्यालय पाँचथरले लुम्फाबुङ्ग नवमीडाँडा लिफ्टिङ्ग आयोजनाको एक निर्माण व्यवसायीलाई १० प्रतिशत मोबिलाईजेशन पेस्की रू,३४ लाख ९० हजार दिँदा पेस्की नजनाई सोझै खर्च लेखेको छ। पेस्की नजनाई सोझै | पेश्की नजनाई सोझै खर्च लेखेको उक्त खर्च रकमलाई पेश्की जनाई नियमानुसार पेश्की फछ्यौंट गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई सो खर्च रकमलाई पेस्की कायम गरी सार्वजनिक खरिद नियमावली बमोजिम पेस्की फस्यौट गर्नुपर्दछ। | |
| ३९ | **कार्य इकाई** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) (क१) बमोजिम साठी लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान खुलाई खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ। डिभिजन कार्यालय, पाँचथरले साठी लाख रुपैयाभन्दा बढीका कतिपय योजनाहरूमा पनि उपभोक्ता समितिको योगदान बेगर नै खरिद सम्झौता गरी कार्य गराएको छ। उपभोक्ता समितिसँग २८ सम्झौता गरेको मध्ये ७ सम्झौतामा मात्र उपभोक्ता समितिको योगदान रकम राखेको छ। बाँकी २१ सम्झौता मध्ये साठी लाखभन्दा बढीका १० योजनाहरूमा २० प्रतिशत उपभोक्ताको योगदान नराखी सम्झौता गर्दा रू.७८ लाख ७६ हजार बढी व्ययभार परेको छ। उपभोक्ता समितिको योगदान वेगर खरिद सम्झौता गर्ने कार्य बन्द गर्नुपर्दछ। | सार्वजनिक खरिद नियमावली बमोजिम उपभोक्ता समितिले गर्नुपर्ने योगदान खुलाई खरिद सम्झौता गर्न निर्देशन दिने। |
| ४० | **जनसहभागिता** -डिभिजन कार्यालय, पाँचथरले १० आयोजनाहरूमा उपभोक्ता समितिको योगदानसमेत राखेर सम्झौता गरे तापनि योगदानको अनुपात बमोजिम निर्माण कार्यको मूल्याङ्कित रकमबाट जनसहभागिताको योगदान कट्टा गर्ने गरेको पाइएन। सम्झौता बमोजिम जनसहभागिताको अंश घटी कट्टा गरेको र नगरेको समेत पाइएको हुँदा सम्झौताभन्दा बढी भुक्तानी रू.७१ लाख ६९ हजार असुल गर्नुपर्दछ। | महालेखापरीक्षकको प्रतिनिधि सहितको बैठकमा आबश्यक छलफल गरी निर्णय गर्ने। |
| ४१ | **परामर्श सेवा** -डिभिजन कार्यालय, पाँचथरले विभिन्न कार्यको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लागत अनुमान तयार गरे तापनि उक्त कार्यको लागि जनशक्ति र अन्य खर्च पुष्टि हुने प्रमाण संलग्न नगरी रू.१ करोड ११ लाख ३४ हजार खर्च गरी तयार गरेको विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयन भएको पाइएन। विस्तृत | उपभोक्ता समितिको माग अनुसार बजेटको व्यवस्था गर्न सकिने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गर्न र विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना कार्यान्वयनमा |



सभापति

| | | |
|---|---|---|
| | आयोजना प्रतिवेदन तयार भएका योजना कार्यान्वयन हुनुपर्दछ। | ल्याउननिर्देशन दिने। |
| ४२ | **फरक नर्म्सको प्रयोग** -डिभिजन कार्यालय, झापाले ४५० घनमिटरको १७ वटा ओभरहेड ट्याङ्की निर्माणको दर विश्लेषण गर्दा Community Based gravity flow Rural water supply schemes को नर्म्स प्रयोग गरेको छ। तराईको शहरी क्षेत्रमा कार्य गर्दा ग्रामीण क्षेत्रमा जनसहभागिताले प्रयोग गर्ने नर्म्स को प्रयोग भएकोले केही आइटमको दर विश्लेषण गर्दा विगत आर्थिक वर्षमा सञ्चालन भई यो वर्ष सम्पन्न भएको ९ योजना र यो वर्षको ८ योजना गरी १७ योजनाको लागत अनुमान नै बढीको तयार पारी सोही अनुसार ठेक्का लगाएकोले नर्म्स फरक पर्दा रू.२ करोड ९८ लाख ३० हजार व्ययभार पर्न जाने देखिन्छ। लागत अनुमान तयार गर्दा बढी परिमाण देखाएकोले सोही अनुसार भुक्तानीसमेत हुन सक्ने देखिएको हुँदा कार्यालयले छानविन गरी भुक्तानी गर्नुपर्दछ। | • नर्म्स अनुसार काम भए नभएको छानविन गरेर मात्र भुक्तानी गर्न र भुक्तानी भइसकेको रकमको पुष्ट्याईका प्रमाणहरु पेश गरी नियमित गर्न निर्देशन दिने।<br>• खानेपानी क्षेत्रको आफ्नै नर्म्स बनाउन निर्देशन दिने। |
| ४३ | **उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्य** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ बमोजिम उपभोक्ता समितिवाट हेभी इक्युपमेन्ट प्रयोग हुने जटिल प्रकृतिको कार्य गराउन नमिल्ने उल्लेख छ। डिभिजन कार्यालय, झापाले यो वर्ष डिप बोरिडको कार्य उपभोक्ता समितिवाट गराई रू.१ करोड ९० लाख २८ हजार भुक्तानी गरेकोमा जनसहभागिताको रकम र विल बीजक समेत पेश गरेको छैन। हाइड्रोलिजिस्टवाट वेल डिजाइनको ल्याव परीक्षण प्रतिवेदन पेश गर्नुपर्नेमा सो पेश गरेको छैन। जटिल प्रकृतिको कार्य ठेक्कामार्फत प्रतिस्पर्धाबाट गराउनुपर्दछ। | आबश्यक प्रमाणका कागजातहरु पेश गर्न र हेभी इक्युपमेन्ट प्रयोग हुने जटिल प्रकृतिको कार्य उपभोक्ता समितिवाट नगराई ठेक्कामार्फत प्रतिस्पर्धाबाट गराउन निर्देशन दिने। |
| ४४ | **बढी भुक्तानी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ। डिभिजन कार्यालय, झापाले १२ योजनाहरूको नापजाँच गरी भुक्तानी गर्दा आर.सी.सी. वर्क, एम. २०, | महालेखापरीक्षकको प्रतिनिधि सहितको बैठकमा आबश्यक छलफल गरी निर्णय गर्ने। |



सभापति

| | | |
|---|---|---|
| | एक्स्ट्रा वार, रि-वार, अर्थवर्क एक्जाभेसन, अर्थवर्क फिलिङ, आर.सी.सी. वर्क, रि-बार लगायतका काममा नापीभन्दा रू.१ करोड १ लाख ५९ हजार बढी भुक्तानी गरेकोले असुल हुनुपर्दछ। | |
| ४५ | **स्थलगत परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल बीजकको भुक्तानी दिँदा वास्तविक कार्यसम्पादनको आधारमा प्राविधिक नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। डिभिजन कार्यालय, झापाले पथरिया खानेपानी योजना, कचनकवलको प्राविधिकसहित स्थलगत परीक्षण गर्दा वी.ओ. क्यू.को आइटम नं.३ एअर कम्प्रेसर ७.५ एच.पी. लगायतका ५ वटा काम साइटमा निर्माण भएको नदेखिएकोले रू.६ लाख ३६ हजार असुल गर्नुपर्ने देखिन्छ। | महालेखापरीक्षकको प्रतिनिधि सहितको बैठकमा आबश्यक छलफल गरी निर्णय गर्ने। |
| ४६ | **परामर्श सेवा खर्च** -डिभिजन कार्यालय, झापाले सिलवन्दी दरभाउ माग गरी सलकपुर खानेपानी, पहरी गाउँ खानेपानी लगायत ७ आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य परामर्शदाताबाट गराई रू.१ करोड २३ लाख २७ हजार खर्च गरेको छ। कार्यालयले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिस्पर्धाको माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा कार्यालयमा कार्यरत जनशक्तिबाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्शदाताबाट सेवा खरिद गरेको देखियो लागत अनुमान र डिजाइन सम्बन्धी कार्य कार्यालयकै जनशक्तिबाट सम्पादन नहुँदा थप आर्थिक व्ययभार भएको छ। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ। | लागत अनुमान र डिजाइन सम्बन्धी कार्य संभव भएसम्म कार्यालयकै जनशक्तिबाट गर्न र कार्यालयमा कार्यरत जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र स्पष्ट कारण सहित प्रतिस्पर्धाको माध्यमबाट परामर्श सेवा खरिद गर्न निर्देशन दिने। |



सभापति

बैठक संख्याः १७

<u>मितिः २०८०/१०/२८ गते</u>

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल**

# भौतिक पूर्वाधार विकास मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर दफा १ देखि दफा १२ सम्म भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको व्यहोरा | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रदेश सरकारको केन्द्रीय सचिवालयलगायतका नयाँ संरचनाहरूको भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना तयार गर्ने, विगतमा केन्द्रीय सरकारद्धारा हस्तान्तरण भएका तर अपूरा रहेका वा सुरु नगरिएका योजनाको अभिलेख अद्यावधिक गरी चालु गर्नुपर्ने योजनाका लागि आवश्यक स्रोत व्यवस्था गरी सम्पन्न गरिने, संवैधानिक व्यवस्थाअनुसार प्रादेशिक सडक र त्यसमा बन्ने मोटरेबल पुलहरूलाई प्राथमिकतासाथ निरन्तरता दिन आवश्यक पर्ने इन्जिनियरिङ क्षेत्रका दक्ष जनशक्ति प्रवर्द्धन गर्न मनमोहन प्राविधिक विश्वविद्यालयअन्तर्गत रहने गरी एक ईन्जिनियरिङ तालिम केन्द्र स्थापना, प्राविधिक जनशक्तिको दक्षता अभिवृद्धि गर्नका साथै निर्माण सामग्री गुणस्तर प्रयोगशालाको स्थापना गर्ने, ओखलढुंगाको रुम्जाटार,भोजपुरको पान्धारे, मोरङको राजारानी, इलामको सन्दकपुर र ताप्लेजुङको घुन्सामा स्मार्ट सिटी तथा नमूना गाउँ निर्माणका लागि विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी संघ स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा स्मार्ट सिटी तथा नमूना गाउँ निर्माण गर्नेजस्ता कार्यक्रम कार्यान्वयन भएको पाइएन। वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरू प्राथमिकताको साथ कार्यान्वयन हुनुपर्दछ। | बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रमहरु प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| २ | **केन्द्रीय एकीकृत प्रगति विवरण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृतरुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समीक्षा गर्दा सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नु पर्ने उल्लेख छ। मन्त्रालयले उक्त व्यवस्थाअनुसार सबै कार्यालयबाट विवरण लिई केन्द्रीय प्रगति विवरण तयार गरेको छ। न्यून प्रगति देखिएका कार्यक्रम तथा योजनाहरूको समीक्षा गरी सुधारका लागि आवश्यक पहल गर्नुपर्दछ। | प्रतिवेदनमा दिइएको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| ३ | **इन्जिनियरिङ्ग सुविधा-** सार्वजनिक लेखा समितिको २०६९/१/८ को निर्णयले निर्माण कार्यको रेखदेख सुपरभिजन तथा अन्य कार्य गर्न बजेटमा व्यवस्था गरी स्रोत साधन व्यवस्थापन गर्ने, ठेक्काको बिल अफ क्वान्टिटीमा इन्जिनियरिङ सुविधा राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने विषयमा नियन्त्रण गर्ने उल्लेख छ। सार्वजनिक लेखा समितिको निर्णय प्रतिकूल हुने गरी ३ वटा योजनाको निर्माण कार्यको बिल अफ क्वान्टिटीमा इन्जिनियरको लागि साइट अफिस राखी एक निर्माण व्यवसायीलाई रू.५ लाख २५ हजार भुक्तानी दिएको छ। निर्माण कार्यको बिल अफ क्वान्टिटीमा इन्जिनियरिङ सुविधा समावेश गरी निर्माण व्यवसायीलाई भुक्तानी गर्दा आयोजनाको लागत बढ्ने भएकोले यस प्रकारको खर्च नियन्त्रण हुनुपर्दछ। | निर्माण कार्यको रेखदेख, सुपरभिजन तथा अन्य कार्य गर्न आबश्यक पर्ने स्रोत साधनको व्यवस्थापन बजेटमा व्यवस्था गरी गर्न निर्देशन दिने।<br><br>ठेक्काको बिल अफ क्वान्टिटीमा असम्बन्धित कुराहरु राखेर निर्माण व्यवसायीलाई भुक्तानी गर्ने कार्य नियन्त्रण गर्न निर्देशन दिने।<br><br>उक्त बेरुजु नियमित गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| ४ | **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्र्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालय र मातहतको लागि विनियोजित बजेट रू.१५ अर्ब १ करोड २९ लाख २१ हजार रहेकोमा रकमान्तरबाट थप भइ रू.१६ अर्ब १९ करोड ४ लाख ३७ हजार अन्तिम बजेट कायम भएकोमा रू.९ अर्ब ४१ करोड ९३ लाख ८० हजार (५८.१७%) खर्च भएको देखिन्छ। खर्चमध्ये चालु तर्फ रू.३० करोड २६ लाख १९ हजार विनियोजन भएकोमा रू.१९ करोड ८७ लाख १४ हजार (६५.६६%) तथा पूँजिगत तर्फ रू.१५ अर्ब ८८ करोड ७८ लाख १८ हजार विनियोजन भएकोमा रू. ९ अर्ब २२ करोड ६ लाख ६५ हजार (५८.०३) खर्च भएको छ। विनियोजित बजेटभन्दा कम खर्च भएकोले वित्तीय जिम्मेवारी पालना भएको देखिएन। मन्त्रालयले जिम्मेवारी र जवाफदेहिताको पालना भएको अवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन। ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु गर्नुपर्दछ। | ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्न र सोको अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |
| ५ | **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ। मूल्य समायोजन सम्बन्धमा देखिएको व्यहोरा | .................... |



सभापति

| | | |
|---|---|---|
| | निम्नानुसार छन्ः | |
| ५.१ | थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको अवस्थामा मन्त्रालयले सुचकाङ्क फ्रिज गरी निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिनुपर्नेमा परिवर्तित दरमा भुक्तानी दिँदा रू.१ करोड ५७ लाख २ हजार बढी भुक्तानी भएको छ। | कावु बाहिरको परिस्थिति सृजना भई वा निर्माण व्यवसायीको ढिलाईको कारण म्याद थप गरी मूल्य समायोजन भुक्तानी दिएको हो सो सम्बन्धमा आगामी बैठकमा थप छलफल गरी निर्णय गर्ने। |
| ५.२ | पूर्वाधार विकास कार्यालय, मोरङले १२ वटा योजनाका निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्दा वेस इन्डेक्स फरक गरी तथा म्याद थप पश्चात सुरु सम्झौता अवधिको इन्डेक्स फ्रिज नगरी परिवर्तित दरमा मूल्य समायोजन भुक्तानी दिई रू.६ करोड ७९ लाख बढी भुक्तानी दिएको छ। | जवाफ पठाउन निर्देशन दिने। |
| ५.३ | पूर्वाधार विकास कार्यालय ओखलढुङ्गा, शहरी विकास तथा भवन कार्यालय मोरङ र कोशी रिफ्रेस्मेन्ट सेन्टरसमेत ३ कार्यालयले फरक इन्डेक्सबाट मूल्य समायोजन गणना गरी रू.२४ लाख ७६ हजार बढी भुक्तानी गरेको छन्। | जवाफ पठाउन निर्देशन दिने। |
| ५.४ | पूर्वाधार विकास कार्यालय ओखलढुङ्गा, झापा र पाँचथरसमेत ३ कार्यालयले ९ वटा योजनाहरूको म्याद थप भएको अवस्थामा मूल्य सूचकांक फ्रिज नगरी परिवर्तित दरले मूल्य समायोजन भुक्तानी गरेकोले रू.४ करोड ७ लाख ८४ हजार बढी भुक्तानी गरेका छन्।<br><br>मन्त्रालय र मातहतसमेत ७ कार्यालयले कुल रू. १२ करोड ६८ लाख ६२ हजार मूल्य समायोजन बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ। | केही आयोजनाहरुमा बढी भुक्तानी भएको रकम असुल गर्न थालिएको जवाफ प्राप्त भएको हुँदा असुल हुन बाँकी आयोजनाको पनि असुल गरी जानकारी गराउन निर्देशन दिने। |
| ६ | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३, को नियम ८ ( २ ) मा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावलीको, २०६४ नियम ३१ अनुसार बीस लाख | • सार्वजनिक खरिद नियमावली अनुसार प्रतिस्पर्धा गराई खरिद कार्य गर्न र विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रुपैंयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद वा जुनसुकै सेवा खरिद गर्नुपर्दा बोलपत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था छ। शहरी विकास तथा भवन कार्यालय ओखलढुङ्गा र मोरङ तथा पूर्वाधार विकास कार्यालय उदयपुरसमेत ३ कार्यालयले प्रतिस्पर्धा बेगर रू. १ करोड ६६ लाख ९६ हजारको एकै प्रकृतिको मालसामान तथा निर्माण कार्य सोझै खरिद गरेका छन्। प्रचलित नियमावली विपरीत प्रतिस्पर्धा सीमित हुने गरी भएको खरिद नियमसम्मत देखिएन। नियमअनुसार प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्दछ | • उक्त बेरुजु नियमित गर्न निर्देशन दिने। |
| ७ | **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार कार्यालय पाँचथर, झापालगायत ५ कार्यालयले २२ वटा फर्मलाई मूल्य अभिवृद्धि कर रू. २ करोड २० लाख २१ हजार भुक्तानी गरेकोमा उक्त फर्महरूले कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण हुनुपर्दछ। | कर समायोजन भएको प्रमाण पेश गरी सम्परीक्षण गराउने र समितिलाई जानकारी गराउने। |
| ८ | **बिल भरपाइ -** प्रोभिजनल सममा राखिएका आईटमवाईज कार्यको बिल भरपाइ पेश भएको अवस्थामा मात्र बिल बमोजिमको रकम भुक्तानी दिनुपर्दछ। शहरी विकास तथा भवन कार्यालय ओखलढुङ्गा र मोरङ तथा पूर्वाधार विकास कार्यालय ओखलढुङ्गासमेत ३ कार्यालयले ४ वटा योजनाहरूमा सम्बन्धित निर्माण व्यवसायीले बिल बीजक पेश नगरेको अवस्थामा पनि रू.१३ लाख ६६ हजार भुक्तानी दिएका छन्। बिल बेगर भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। | तीस दिन भित्र असुल उपर गरी समितिलाई जानकारी गराउने। |



सभापति

| | | |
|---|---|---|
| ९ | **परामर्श सेवा -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्दछ। पूर्वाधार विकास कार्यालय संखुवासभा तथा उदयपुर र शहरी विकास तथा भवन कार्यालय मोरङले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार १३ वटा योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी रू.९९ लाख २० हजार खर्च गरेका छन्। कार्यालयको प्राविधिक जनशक्तिबाट हुन नसक्ने कार्य मात्र परामर्शदाताबाट गराउनुपर्नेमा सोको यकिन नगरी परामर्शदाताबाट परियोजना प्रतिवेदन तयारी गराएका छन्। यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएकोसमेत नदेखिएकोले खर्चको सार्थकता देखिएन। कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्दछ। | विस्तृत आयोजना प्रतिवेदन सम्बन्धी नर्म्स बनाई सकेसम्म आफ्नै प्राविधिक जनशक्तिबाट गराउन निर्देशन दिने। |
| १० | **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय र प्रथम तथा राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छन्। मन्त्रालय र मातहतसमेत ५ कार्यालयहरूले यो वर्ष ३० कर्मचारीलाई थप ग्रेडबापत रू. १४ लाख २८ हजार भुक्तानी दिएका छन्। उक्त रकम असुल हुनुपर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले हाल केही निर्णय गर्नु नपर्ने। |
| | **पूर्वाधार विकास कार्यालयहरू** | |
| ११ | **बढी भुक्तानी-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ (३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको बिलभरपाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय पाँचथरले शखरखण्डे यासोक सडक ठेक्कामा | मन्त्रालयले छानविन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | इम्ब्याङ्कमेन्ट, सबग्रेड र सबवेस गर्दा आयोजनाको १.२ मिटरको ड्रेनेजसहित ८ मिटरको मोटर बाटोको ड्रईङ्ग डिजाईन अनुसार अधिक्तम ६.८ मिटरमा मात्र इम्ब्याङ्कमेन्ट, सबग्रेड र सबबेस हाल्नु पर्नेमा हरेक चेनेजमा ७ मिटरको भुक्तानी दिएकोले इम्ब्याङ्कमेन्टमा १३९.१०, सबग्रेडमा १ हजार ८२९.६७ र सबबेशमा २६३.५३ घनमिटरको रू.११ लाख ४६ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। | |
| १२ | **सीमा भन्दा बढीको कार्य-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड रुपौंयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन नसकिने र उक्त प्रयोजनको लागि १ करोड रुपौंयाभित्र मूल्य अभिवृद्धि कर ओभरहेड र जनश्रमदानलाई समेत समावेश गरिने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, उदयपुरले रू. १ करोडभन्दा बढी लागत अनुमान भएको २ वटा निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराइ यो वर्ष रू. १ करोड ६६ लाख २ हजार खर्च गरेको छ। प्रचलित नियमावलीको पालना गरी उपभोक्ता समितिबाट कार्य गराउनुपर्दछ। | उपभोक्ता समिति मार्फत कार्य गराउदा सार्वजनिक खरिद नियमावलीको पालना गर्न निर्देशन दिने। |



सभापति

**बैठक संख्याः १८**

**मितिः २०८०/१०/२९ गते**

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल**

# भौतिक पूर्वाधार विकास मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर दफा १३ देखि दफा २० सम्म भएका छलफलका निर्णयहरुः**

**शहरी विकास तथा भवन कार्यालयहरू**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १३ | **सम्झौता विपरीत पेस्की-** शहरी विकास तथा भवन कार्यालय धनकुटाले ३ निर्माण व्यवसायीहरूसँग भएको सम्झौताको विशेष सर्तमा पेस्की दिन सकिने प्रावधान नराखेकोमा पनि निर्माण व्यवसायीहरूलाई रू. ५८ लाख २० हजार पेस्की भुक्तानी गरेको छ। सम्झौताका सर्त बमोजिम पेस्की भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त पेस्की फिर्ता हुनुपर्दछ। | • पेश्की कट्टी भइसकेको जवाफ प्राप्त भएको हुँदा प्रमाण पेश गरी लगत कट्टा गर्न निर्देशन दिने।<br>• अब आइन्दा ऐनको अधिनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम मात्र पेश्की दिन निर्देशन दिने। |
| १४ | **पेस्की फिर्ता गर्नुपर्ने -** शहरी विकास तथा भवन कार्यालय धनकुटाले बसन्तपुर साप्ताहिक हटिया निर्माण कार्यको निर्माण व्यवसायीसँग १८ महिनामा सम्पन्न गर्नेगरी सम्झौता गरी २०७६।३।२३ मा रू. १७ लाख ७० हजार पेस्की दिएको छ। निर्माण व्यवसायीले कुनै पनिकार्य नगरेको अवस्थामा उपलब्ध गराएको मोविलाईजेसन पेस्की निष्क्रिय रहेको छ। सम्झौता अवधि २०७७।९।२९ मा समाप्त भएको र म्याद थपसमेत भएको नदेखिएकोले खरिद सम्झौता बमोजिमको कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीले राखेको जमानत जफत गरी दिएको पेस्कीमा ब्याजसमेत असुल गर्नुपर्दछ। | खरिद सम्झौता बमोजिमको पेश्की पाएर समयमा कार्य प्रारम्भ नगर्ने निर्माण व्यवसायीले राखेको जमानत जफत गरी पेस्की असुल गर्न निर्देशन दिने। |
| १५ | **भेरिएशन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान | • बचत रकमबाट नयाँ आइटम थप गरी गरिएको |

| | | |
|---|---|---|
| | गर्न नसकिएको परिस्थिति कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्था छ। शहरी विकास तथा भवन कार्यालय इलामले यासोक बजार ढल निकास तथा कालोपत्रे सडक निर्माण कार्यमा एक निर्माण व्यवसायीसँग २०७७/३/१० मा ३० महिनाभित्र सम्पन्न गर्नुपर्ने गरी रू.१० करोड ५२ लाख ४५ हजारको सम्झौता गरेको छ। निर्माण कार्यमध्ये सडक निर्माणको पाँचौ खण्ड रानीगाउँमा उत्तर- यासोक- लुभुघाट म्याङ्गलुङ सडक खण्डको निर्माण कार्य सडक डिभिजन कार्यालय, इलामले गरिरहेको करिब ३०२ मिटर खण्ड दोहोरिने भएकोले उक्त खण्डको निर्माण कार्यको बचत हुने रकमको यसै क्षेत्रभित्र पर्ने पहिरो, भूक्षय तथा भौगोलिक विकटता भएको क्षेत्रमा प्रयोग गर्ने सिफारिस तथा प्राविधिकको प्रतिवेदनको आधारमा साबिकका विभिन्न आइटम घटाई ढुङ्गाको पर्खाल लगाउने कार्यको रू.८९ लाख ३८ हजार थपगरी प्रदेश सचिवबाट २०७८/९/५ मा रू.९९ लाख भेरिएशन आदेश स्वीकृत गरेको देखियो। ड्रइङ डिजाइनमा नभएको र काम गर्दै जाँदा बढी भएको परिमाण घटाई सो बचत रकमको नयाँ आईटम थपगरी सोझै कार्य गराउनु पूर्वानुमान गर्न नसकिएको परिस्थिति सिर्जना भएको भन्न मिल्ने देखिएन। सम्झौताअनुसारको कार्यगर्दा बचत भएको कार्य परिमाण थप गरी भेरिएशन तथा भुक्तानी दिएको नियमसम्मत देखिएन। नियमअनुसार भेरिएशन स्वीकृत गराई कार्य गराउनुपर्दछ। | उक्त कार्य ड्रइङ डिजाइनमा नभएको भएतापनि सडक सुरक्षाका दृष्टिले गर्न आबश्यक भएको र उक्त खर्च मिति २०८०/०५/२६ को सचिवस्तरीय निर्णय अनुसार समर्थन समेत भइसकेको भन्ने जवाफ प्राप्त भएको हुँदा उक्त कार्य पूर्वानुमान गर्न नसकिएको परिस्थिति सिर्जना भएको भन्न मिल्ने नदेखिए तापनि उक्त बेरुजु रकम नियम बमोजिम सम्परिक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने।<br>• अब आइन्दा भेरिएशन आदेश स्वीकृत गर्दा सार्वजनिक खरिद ऐन, नियमको पालना गर्न निर्देशन दिने। |
| १६ | **फ्लाईओभर ब्रिज निर्माण -** शहरी विकास तथा भवन कार्यालय, मोरङले रानी भन्सारको क्षेत्रभन्दा पूर्वतिर कोशी राजमार्गमा फ्लाईओभर ब्रिजसहितको स्वागतद्वार निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७९। ३। १४ भित्र निर्माण सम्पन्न गर्ने गरी रू.६ करोड २५ लाख २४ हजारको सम्झौता गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नअनुसार छन् : | ............ |
| १६.१ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (३) अनुसार सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था, साईट क्लियरेन्सको सुनिश्चितता तथा वातावरणीय अध्ययन स्वीकृत नगराई ठेक्का आह्वान गर्न | हाल सम्झौताको म्याद थप भई काम शुरु भएको देखिएको हुँदा अब आइन्दा निर्माण स्थलको |



सभापति

| | | |
|---|---|---|
| | नमिल्ने उल्लेख छ। रानी भन्सारको क्षेत्र भन्दा पूर्वतिर कोशी राजमार्गमा फ्लाईओभर ब्रिज सहितको स्वागतद्वार निर्माण गर्न सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरेकोमा उक्त निर्माणस्थल अत्यन्त संवेदनशील क्षेत्र रहेकोले निर्माण कार्य अवरुद्ध भएको देखियो। निर्माणस्थलको व्यवस्था नभई बोलपत्र आह्वान गरेको नियमसँगत देखिएन। निर्माण स्थलको सुनिश्चितता गरेर मात्र ठेक्का आह्वान गर्नुपर्दछ। | सुनिश्चितता गरेर मात्र ठेक्का आह्वान गर्न निर्देशन दिने। |
| १६.२ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ अनुसार कामको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन नहुने गरी मात्र दुवै पक्षको लिखित सहमतिमा खरिद सम्झौता संशोधन गर्न मिल्ने व्यवस्था छ। प्रस्तावित योजनाको पटक पटक गरी निर्माणस्थल परिवर्तन भएको, फ्लाईओभर र स्वागतद्वार फरक फरक स्थानमा निर्माण गर्ने गरी पुनः विस्तृत आयोजना परिवर्तन भएको देखियो। | सम्झौता परिवर्तनबाट कामको आधारभूत प्रकृतिमा परिवर्तन नहुने गरी तथा गुणस्तर कमजोर हुन नदिने गरी निर्माण कार्य गर्न गराउन निर्देशन दिने। |
| १६.३ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) अनुसार सार्वजनिक निकायले पेस्कीदिएको रकम सम्झौतामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीको प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख छ कार्यालयले निर्माण व्यवसायीलाई पटक पटक गरी मोबिलाईजेशनबापत रू.१ करोड १७ लाख २० हजार पेस्की दिएकोमा हालसम्म कार्यप्रगति शून्य देखिएको छ। उक्त निर्माण व्यवसायीले पेश गरेको बैङ्क जमानतको म्यादसमेत २०७९।६।२५ मा सकिएकोमा लेखापरीक्षण अवधिसम्म पनि जमानतको म्याद थप भएको छैन। जमानतको अवधि बाँकी हुँदै जमानत जफत नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई जोखिममा रहेको पेस्की सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ। | जमानतको अवधि बाँकी हुँदै जमानत जफत नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई सचेत गराउन निर्देशन दिने। |
| १७ | **कोभिड अस्पताल -** शहरी विकास तथा भवन कार्यालय, मोरङलाई कोरोना जनसुरक्षा कोष सञ्चालक समितिको निर्णयअनुसार कोशी कोभिड अस्पताल, विराटनगरको क्षमता विस्तार कार्य गर्न रू. ४ करोड निकासा दिएको पाइयो। अस्पताल निर्माण कार्य २०७८।७।३० मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रू.३ करोड ३८ लाख ६६ हजारको सम्झौता २०७८।३।१० मा गरेको छ। गोदाम भवनलाई अस्पताल निर्माणको क्रममा डिजाईन टोलीको सल्लाहबमोजिम उपकरण घर, एचडीयु र | • कोरोना महामारीका कारण खरिद नियम अनुसार खरिद कार्य गर्न नसकेको जवाफ प्राप्त भएको। अब आइन्दा एउटै कार्यक्षेत्र अन्तर्गतको ठेक्काको निर्माण कार्यमा एक पटक भेरिएशन गरेपश्चात थप कार्य गराउनु पर्नाको |



सभापति

| | | |
|---|---|---|
| | आईसीयुमा भुईलाई कोरा मसिनो, मोरचुवरी, वेस्ट म्यानेजमेन्ट र अक्सिजन प्लान्ट सेडमा थप काम गर्नुपरेको कारण ४.८३ प्रतिशतले थप भेरिएशन आदेश स्वीकृत भएको छ। त्यस अतिरिक्त बचत रकमबाट सोही कोभिड अस्पतालमा थप कार्य गरी रू.५१ लाख ५७ हजार खर्च गरेको छ। एउटै कार्यक्षेत्र अन्तर्गतको ठेक्काको निर्माण कार्यमा एक पटक भेरिएशन गरेपश्चात थप कार्य गराउनु पर्नाको पर्याप्त आधार, कारण र पुष्ट्याई भएमा सम्झौतामै भेरिएशन स्वीकृत गराई सम्पन्न गर्नु पर्नेमा बचत रकमको खर्च गर्दा अपनाएको खरिद प्रक्रिया नियमसम्मत देखिएन। | पर्याप्त आधार, कारण र पुष्ट्याई विना भेरिएशन स्वीकृत नगर्न र गर्नु पर्ने अवस्था भएमा लागत यकिन गरी सम्झौतामै भेरिएशन स्वीकृत गराई कानून सम्मत गर्न निर्देशन दिने।<br>• उक्त बेरुजु नियमित गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| १८ | **योजना कार्यान्वयन-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ बमोजिम वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान तयार गर्ने, योजना स्वीकृत गर्ने कार्य प्रथम त्रैमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था छ। शहरी विकास तथा भवन कार्यालय, मोरङले यो वर्ष उपभोक्ता समितिबाट रू.१ करोड ३९ लाख ६० हजारका २४ योजनाहरू असार २५ सम्म कार्यसम्पन्न गर्ने गरी असार महिनामा सम्झौता गरेको छ। वर्षान्तमा लागत अनुमान तयार गर्ने, उपभोक्ता समिति गठन गर्ने र योजना सम्झौता गरी योजना कार्यान्वयन गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | वर्षान्तमा लागत अनुमान तयार गर्ने, उपभोक्ता समिति गठन गर्ने र योजना सम्झौता गरी योजना कार्यान्वयन गर्ने परिपाटीले वित्तीय नियन्त्रण र आर्थिक अनुशासन कमजोर हुने र बर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरी नियममा भएको व्यवस्था अनुरुप समयमै निर्माण कार्य गर्न गराउन निर्देशन दिने। |
| १९ | **जनता आवास कार्यक्रम-** शहरी विकास तथा भवन कार्यालय, मोरङले जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को प्रक्रिया पूरा गरी सम्झौता भएका गत विगतदेखि यो वर्षसम्म संघतर्फ २ हजार ४४३ र प्रदेशतर्फ ५७ गरी कुल २ हजार ५०० लाभग्राहीहरूको आवास निर्माण कार्यको सम्झौता गरेकोमा यो वर्षसम्म संघतर्फ ६३० र प्रदेशतर्फ २३ समेत ६५३ आवासको मात्र निर्माण कार्य सम्पन्न भई संघतर्फ १ हजार ८१३ र प्रदेशतर्फ ३४ समेत १ हजार ८४७ आवासको निर्माण कार्य सम्पन्न हुन बाँकी रहेका छन्। गत विगतमा सम्झौता भई २०७३।७४ को २५२ र २०७४।७५ को १८९ आवास निर्माणको कार्य सम्पन्न भएको उल्लेख गरेतापनि सोको प्रमाण | • कार्यक्रमको अनुगमन, मुल्याङ्कन गरी प्रगति विवरण पेश गर्न निर्देशन दिने।<br>• समितिले पनि स्थलगत अनुगमन गर्ने। |

| | | |
|---|---|---|
| | पेशभएन। हालसम्म रू.९ करोड ५० लाख ४५ हजार भुक्तानी भएकोमा निर्माणाधीन आवासहरूको अनुगमन, मूल्याङ्कन गरी निर्माण कार्य सम्पन्न गराउनु पर्दछ। | |
| २० | **मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रम** - मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६ बमोजिम विभिन्न स्थानीय तहहरूसँग ग्रामीण सडक निर्माण र सुधार कार्यक्रमका लागि स्थानीय तहहरूबीच भएको "मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना सञ्चालनार्थ समझदारी पत्रको"दफा३माअन्तिमबिलभुक्तानीरकमकोन्यूनतम२०प्रतिशतस्थानीयतहलेसाझेदारीरकमउपलब्धगराउनुपर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन् : | ........... |
| २०.१ | पूर्वाधार विकास कार्यालय संखुवासभाले ८ वटा स्थानीय तहमा उक्त कार्यक्रमअन्तर्गत रू.३ करोड २६ लाख ३५ हजार खर्च गरेकोमा लागत सहभागिताबापतको रू.७ लाख ६९ हजार सम्बन्धित स्थानीय तहबाट प्राप्त गरेको देखिएन। उक्त रकम स्थानीय तहबाट प्राप्त गर्नुपर्दछ। | समझदारी अनुसार लागत सहभागिताबापतको स्थानीय तहबाट प्राप्त हुन बाँकी उक्त रकम सशर्त अनुदानबाट कट्टा गरी अनुदान दिन निर्देशन दिने। |
| २०.२ | पूर्वाधार विकास कार्यालय संखुवासभा र उदयपुरले १० वटा स्थानीय तहसँग कुल खर्च रू.१ करोड ४७ लाख ८८ हजारको लागत सहभागिताबापतको रकम घटाइ बाँकी रु.६ लाख ३५ हजार सम्बन्धित स्थानीय तहलाई फिर्ता नगरी कार्यसञ्चालन कोषमा राखेको छ। | उक्त रकम सम्बन्धित स्थानिय तहमा फिर्ता गरी म.ले.प. डोरबाट मिति २०८०/०३/१३ मा रुजु भईसकेको जवाफ प्राप्त भएकोले केही भन्न परेन। |

## बैठक संख्याः १९

## मितिः २०८०/१२/१४ गते

**छलफल तथा निर्णयः**

१. महालेखापरीक्षकको पाँचौं बार्षिक प्रतिवेदन २०७९ माथि मन्त्रालयगत छलफल गर्न बाँकी मन्त्रालयहरुको छलफल मिति २०८०/१२/१९ गते देखि शुरु गर्ने।

२. दश बर्ष मुनिका वालवालिकाको उपचार कार्यक्रम सम्बन्धमा देहायका बिषयमा उपयुक्त जवाफ र गरिएका निर्णय तथा सम्झौताका कागजातहरु ५ दिन भित्र पेश गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिनेः

क) उक्त कार्यक्रम कार्यान्वयनको प्रक्रिया अहिलेसम्म कहाँ पुगेको छ र सो वापत कति रकमको व्यवस्था गरिएको छ ?

ख) बाहिर अनौपचारिक रुपमा प्राप्त सूचना अनुसार सो कार्यक्रम सञ्चालनका लागि बिभिन्न अस्पतालहरुसँग सम्झौता गरी कार्यान्वयन गरिदैछ भन्ने छ। यदी हो भने ती अस्पताल कुन कुन हुन् ? र के कुन कानूनी आधारमा सम्झौता गरियो ? साथै त्यसमा खर्च गर्दा पारदर्शिताका के कस्ता आधार तयार गरियो?

ग) उक्त कार्यक्रममा खर्च गर्दा भविष्यमा बेरुजु नहुने के कस्ता प्रक्रिया अवलम्बन गरियो ?

३. शैलजा हृदयरोग केन्द्रका सम्बन्धमा देहायका बिषयमा उपयुक्त जवाफ र गरिएका निर्णयका कागजातहरु ५ दिन भित्र पेश गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिनेः

क) उक्त केन्द्र के कस्तो कानूनी आधारमा सञ्चालन गरिदैछ ? अहिलेसम्म के कति रकम खर्च भयो र आर्थिक बर्षको अन्त्यसम्ममममा केकति खर्च हुने अनुमान छ ?

ख) उक्त केन्द्रपूर्ण क्षमतामा संचालन हुँदा प्रदेश सरकारलाई प्रत्येक आ.व. मा के कति खर्चको दायित्व श्रृजना हुने अनुमान गरी संचालन हुदैछ ? बृस्तित् कार्ययोजना तथा दायित्व सम्बन्धी प्रतिवेदन समेत उपलब्ध गराउन।

ग) उक्त केन्द्र संचालन, स्वीकृती जस्ता बिषयमा के कस्ता कानूनी आधार लिइएको छ ?

घ) उक्त केन्द्र रहेको जग्गाको स्वामित्वको अवस्था के कस्तो छ? र उक्त जग्गाको कानूनी हैसियत कस्तो छ ?

ङ) उक्त केन्द्र संचालन गर्दा हुने खर्च भविष्यमा बेरुजु नहुने आधार के के छन्?

४. मिति २०८०/११/०९ गतेदेखि २०८०/११/१७ गतेसम्म संचालन भएको हात्तीमैत्री पदयात्रा कार्यक्रमका सम्बन्धमा देहायका बिषयमा उपयुक्त जवाफ र गरिएका निर्णयका कागजातहरु ५ दिन भित्र पेश गर्न पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिनेः

क)	उक्त कार्यक्रममा कुन खर्च शिर्षकबाट कति रकम खर्च गरियो ?

ख)	उक्त कार्यक्रम बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतको हो कि होइन ?

ग)	उक्त कार्यक्रममा रकम खर्च गर्दा के कस्ता कानूनी र लेखाका प्रक्रिया अवलम्बन गरियो ?

घ)	उक्त कार्यक्रममा प्रदेश संचित कोषबाट खर्च गर्दा भविष्यमा बेरुजु नहुने आधार के के छन्?

ङ)	उक्त कार्यक्रमबाट हात्ती र मानव बीचको द्वन्द न्यूनिकरणका लागि ठोस र मूर्त रुपमा के परिणाम प्राप्त हुने उद्देश्य राखियो ? र पूरा हुने आधार के के छन् ?

बैठक संख्याः २०

<u>मितिः २०८०/१२/१९ गते</u>

महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल


## आन्तरिक मामिला तथा कानून मन्त्रालय (साविकको यातयात व्यवस्था तथा संचार मन्त्रालय समेत)

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - विधिको शासन र कानूनी राज्यको प्रत्याभुतिका लागि मानव अधिकार कार्यान्वयन कार्ययोजना तर्जुमा गर्ने, किशोरीलाई नैतिक शिक्षा, लागू औषधि दुर्व्यसनको निराकरण, प्राकृतिक प्रकोप सम्बन्धी सचेतना तथा उधमशिलता अभिवृदी गर्न म अघि बढछु कार्यक्रमलाई प्रदेशका २ लाख विधार्थी परिचालन गर्ने गरी सञ्चालन र विस्तार गर्नेजस्ता कार्यक्रमको कार्यान्वयन देखिने विवरण तयार गरिएको पाईएन। प्रगतिको तुलनात्मक विवरण तयार गर्नुपर्दछ। | नीति तथा कार्यक्रममा ल्याइएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी प्रगतिको तुलनात्मक विवरण तयार गर्न निर्देशन दिने। |
| २ | **संगठन संरचना र दरबन्दी** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४५ मा कार्यालयको संगठन,व्यवस्थापन तथा कार्य विभाजन यथेष्ठ र समुचित छ र सो अनुसार कार्य सञ्चालन भएको छ भन्ने समेतको जाँच गरी गराई विश्वस्त हुनुपर्ने उल्लेख छ। मन्त्रालयले पेश गरेको वार्षिक प्रगति समिक्षामा कार्यक्रम कार्यान्वयनमा देखिएका मुख्य समस्यामा संगठन व्यवस्थापन सर्वेक्षण भई नसक्नुलाई पनि उल्लेख गरेको छ। मन्त्रालयमा विभिन्न श्रेणी र तहका कर्मचारीको दरबन्दी ३८ रहेकोमा २२ स्थायी दरबन्दी पदपूर्ति भई १६ दरबन्दी रिक्त रहेको छ। स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ। | रिक्त दरबन्दी पदपूर्तिका लागि पहल गर्न निर्देशन दिने। |
| ३ | **कार्य सम्पादन करार** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन ऐनको व्यवस्था |

| | | |
|---|---|---|
| | गरी सक्नुपर्ने वा कुनै कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्यसम्पादन करार गरी त्यस्तो कार्यसम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समायावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। ऐनको व्यवस्थाबमोजिम मन्त्रालय तथा कार्यालयले कार्यसम्पादन करार गरेको देखिएन। पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार गर्नुपर्दछ। | बमोजिम कार्यसम्पादन करार गर्न गराउन निर्देशन दिने। |
| ४ | **आन्तरिक नियन्त्रण प्रणाली-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र लेखाउत्तरदायी अधिकृतले आफै वा आफै वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यलयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरिवेक्षण गर्नु वा गराउनुपर्ने व्यवस्था छ। ऐनको व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ५ | **वार्षिक प्रतिवेदन -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ मा मन्त्रालय तथा प्रदेशस्तरका सरकारी नियकाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधि भित्र आफुले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पाद गरेको काम, त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरु समावेश गरी मन्त्रालय तथा प्रदेशस्तरका निकायले मुख्यम्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेश गरी सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले वार्षिक प्रतिवेदन तयार गरी प्रकशन गरेको देखिएन। ऐन बमोजिम वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। | ऐनमा व्यवस्था भए बमोजिम तोकिएको समयमा बार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक रुपमा प्रकाशन गर्न निर्देशन दिने। |
| ६ | **प्रादेशिक सञ्चार प्रतिष्ठान -** प्रदेशको सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धान तथा | • कुनैपनि संस्था स्थापना गर्दा संस्थाको औचित्य, आबश्यकता |





| | | |
|---|---|---|
| | पत्रकारहरुको क्षमता अभिवृदी सम्बन्धी कार्यको सञ्चालन तथा व्यवस्थापन गर्ने उदेश्यले प्रदेश स्वायत्त संस्था गठन ऐन, २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली, २०७७ बनाई २०७७।९।१ मा प्रतिष्ठान गठन गरेको देखियो। प्रतिष्ठानलाई २०७७।७८ मा रु. ५० लाख र २०७८।७९ रु. २ करोड र पत्रकार सुरक्षा कोषमा रु. ३० लाख समेत रु. २ करोड ८० लाख अनुदान निकासा दिएकोमा २०७७।७८ मा रु. २१ लाख ९९ हजार, २०७८।७९ मा रु. ७७ लाख अडतिस हजार र पत्रकार सुरक्षा कोषबाट रु. १५ लाख समेत रु. १ करोड १४ लाख ३७ हजार खर्च गरेको छ। प्रदेश मन्त्रिपरिषद्को २०७८।८।९ को बैठकले नियमावली खारेज गरी प्रतिष्ठान समेत खारेज भएको छ। प्रतिष्ठान स्थापनाको औचित्य,आवश्यकता तथा त्यसले दीर्घकालीनरुपमा पार्ने प्रभावको अध्ययन नगरी यस्ता संस्था स्थापना गर्ने कार्यले प्रदेश सरकारलाई व्ययभार बढेको छ। | तथा त्यसले दीर्घकालीन रुपमा पार्ने प्रभावको पर्याप्त अध्ययन गरेर मात्र स्थापना गर्न निर्देशन दिने।<br>• प्रतिष्ठानलाई निकासा भएको खर्च हुन बाँकी रकम प्रदेश संचित कोषमा दाखिला गर्न निर्देशन दिने। |
| ७ | **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखी ५७ मा वित्तिय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागिय मन्त्री,बेरुजु फछ्र्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उदेश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालयको एकिकृत आर्थिक विवरण अनुसार अन्तिम बजेट रु. ३८ करोड ३६ लाख ४४ हजार मध्ये रु. २९ करोड १२ लाख ८८ हजार ( ७५.९३%) खर्च भएको देखिन्छ। चालु तर्फ १५ करोड ६४ लाख ३४ हजार विनियोजन भएकोमा रु. ११ करोड ४३ लाख २२ हजार (७३.०८%) तथा पुँजिगत तर्फ रु. २२ करोड ७२ लाख १० हजार विनियोजन | ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्न र सोको अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | भएकोमा रु. १७ करोड ६९ लाख ६६ हजार(७७.८९%)खर्च गरेको देखिन्छ। विनियोजित भन्दा कम खर्च भएको देखिएकोले वित्तिय जिम्मेवारी पालना भएको देखिएन। मन्त्रालयले जिम्मेवारी र जवाफदेहिताको पालना भएको अवस्था देखिने अभिलेख अधावधिक गरेको छैन। ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ। | |
| ८ | **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन,२०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ। पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्धितीय र प्रथम तथा राजपत्रांङ्कित तृतीय र द्धितीय श्रेणीका कर्मचारीहरु प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन। तर मन्त्रालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका ११ कर्मचारीहरुलाई ग्रेड थप गरी रु. ६ लाख ५८ हजार भुक्तानी गरेकोले ऐन विपरीत भुक्तानी गरेको रकमा असुल हुनुपर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले मुद्दाको टुङ्गो लागेपछि फैसला बमोजिम गर्न निर्देशन दिने। |
| | **साविकको यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय** | |
| १ | **जिम्मेवारी कार्यन्वयन -** प्रदेश सरकारको कार्य (कार्य विभाजन) नियमावली, 2078 बमोजिम यस मन्त्रालयलाई तोकिएका कार्यहरु मध्ये चलचित्र निर्माण, सिनेमा हल संचालन तथा प्रर्दशन अनुमती र नियमन प्रदेशस्तरीय प्रेस रजिस्टार सञ्चालन, प्रदेश भित्र सूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधी पार्कको विर्माण, व्यवस्थापन, संचालन नियमन, प्रदेशस्तरमा तारयुक्त र तार रहित ब्रोडव्याण्ड पुर्वाधारको विकास, व्यवस्थापन र नियमन, प्रदेशस्तरको सूचना प्रविधि तथा विधुतिय सञ्चार माध्यम संचालन सम्वन्धी निति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमती इजाजत र नविकरण, नियमन, प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रधुषण नियन्त्रण सम्वन्धी योजना निर्णय र कार्यान्वयन, सवारी प्रदुषण अनुगमन तथा लेखा जोखाको ढाचाँ निर्माण | कार्य विभाजन नियमावली अनुसार तोकिएका कार्यहरु समयमा सम्पादन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | एवम गुनस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन, वातावरणमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्ने कार्यहरु हाल सम्म सम्पादन गरेको देखिएन। तोकिएको कार्य सम्पादन नहुनुमा योजना, वजेट तथा पुर्वाधार कमिको कारण रहेको मन्त्रालयले उल्लेख गरेको छ। कार्य जिम्मेवारी तोकिएको समयमा सम्पादन गर्नु पर्दछ। | |
| २ | **दिगो विकासको लक्ष्य -** नेपालले दिगो विकासका लक्ष्यहरुमा प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्य सहितको सूचक निर्धारण तथा आन्तरिकिकरण गरी राष्ट्रिय लक्ष्य हासिल हुने गरी कार्याक्रम संचालन गर्नुपर्दछ। मन्त्रालयले आफु सम्बद्ध दिको विकास लक्ष्यहरु, सम्बद्ध सूचकहरु र सोको प्रगती तयार गरी कार्यक्रम स्वीकृत गरेको देखिएन।मन्त्रालयले उक्त लक्ष्यहरुलाई ध्यान दिई परिमाणात्मक लक्ष्य सहित कार्यक्रममा समावेश गर्नुपर्छ। | दिगो विकासका लक्ष्य प्राप्तिका लागि लक्ष्य सहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्न निर्देशन दिने। |
| ३ | **एकीकृत प्रगती विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५को नियम२७अनुसार मन्त्रालयले मातहत कार्यालयवाट वार्षिक प्रगतीको विवरण लिई एकिकृतरुपमा केन्द्रियस्तरको प्रगती विवरण तयार गरि त्यस्को भौतिक र वित्तिय पक्षको सामुहिक समिक्षा गर्नु पर्ने व्यवस्था छ। प्रगती समिक्षा गर्दा सुधारकालिन चाल्नुपर्ने कदम र प्रगती न्युन भएको सम्वन्धमा जिम्मेवारी व्यक्तिउपर आवश्यक कार्वाही समेत गर्नु पर्ने उल्लेख छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयवाट विवरण लिई केन्द्रिय प्रगति विवरण तयार गरेको मा न्युन प्रगति देखिएका कार्यालयहरुको समिक्षा गरि सुधारका लागि आवश्यक पहल हुनुपर्दछ। | न्यून प्रगति देखिएका कार्यक्रमहरुको समीक्षा गरी सुधारका लागि आबश्यक पहल गर्न निर्देशन दिने। |
| ४ | **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय यत्तरदायित्व ऐन, २०७५ को दफा ३३ मा प्रदेश तहको सबै सरकारी कार्यालयहरुको आफ्नो र अन्तरगत कार्यालयको आन्तरिक नियन्त्रण प्रनाली तयार गरि लागु गर्नु पर्ने साथै लेखा उत्तरदायित्व अधिकृतले आफै वा आफु मातहतकोको वरिष्ठ अधिकृत मार्फत | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्वन्धमा नियमित रुपमा निरिक्षण तथा सुपरिवेक्षण गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ। मन्त्रालयले आफु र अन्तर्गतका कार्यालयमा समेत लागु हुने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन। ऐनको प्रावधान पालन गर्नुपर्दछ। | |
| ५ | **कार्यसम्पादन करार -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन ) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नुपर्ने वा कुनै कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसंग कार्यसम्पादन करारगरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयावधी र कार्यसम्पादनको गुनस्तर वा परिमाणसमेत उल्लेखगर्नुपर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्था बमोजिम प्रदेश सचिवले विभागिय मन्त्रीसंग र कार्यालय प्रमुखले मन्त्रालयको सचिवसंग कार्यसम्पादन करार गरेकोमा कार्य सम्पादनको गुनस्तर र परिमाण प्रगतीसंग आवद्ध गरेको पाईएन। पदाधिकारी जिम्मेवार र जवाफदेही बनाउन कार्य सम्पादन करारलाई प्रगती संग आवद्ध गर्नु पर्छ। | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करारलाई गुणस्तर र प्रगतिसँग आवद्ध गर्न निर्देशन दिने। |
| ६ | **अनुगमन मुल्याङ्कन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले प्रत्येक मन्त्रालयको कार्यविभाजनमा आफु र अन्तरगत निकायको समग्र कार्य संचालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था गरेको छ। मन्त्रालयवाट अनुगमन कार्य भएता पनि सोको एकिकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन। आर्थिक अनुशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनमा तदारुकता ल्याउन, सेवा प्रभावलाई जनमुखी एवं प्रभावकारी बनाउन र पूर्वाभार क्षेत्रको विकास तथा लक्षित कार्यक्रमहरु प्रभावकारी बनाउन वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्नुपर्दछ। | आफु र अन्तरगत निकायको समग्र कार्य संचालन व्यवस्था र प्रक्रियाको वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ७ | **थप व्ययवार**-सार्वजानिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड,२०७८ को दफा ५मा थप नयाँ संगठन, संरचना र दरबन्दी सिर्जना नगर्ने उल्लेख गरिएको देखिन्छ। प्रदेश सरकारले २०७८/१०/१६ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावलि, २०७४ लाई खारेज गरी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ लागु गरेको छ।साबिकको आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य तथा जिम्मेवारीलाई विभाजन गरी यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय गठन गर्दा नयाँ मन्त्रालय व्यवस्थापनका लागि यो वर्ष मेशिनरी तथा उपकरण फर्निचर, कम्प्युटर, ल्यापटपसमेतका लागि रु २३ लाख ९८ हजार खर्च भएको छ। मन्त्रालय विभाजन गरी नयाँ मन्त्रालय स्थापना गर्दा व्यवस्थापन खर्चवापत प्रदेशलाई थप आर्थिक दायित्व सिर्जना भएको छ। | मन्त्रालय विभाजन गर्दा आबश्यकता र औचित्यताका आधारमा गर्न र व्यवस्थापन गर्दा भइरहेका सामानहरु सदुपयोग गरी थप व्ययभारलाई कम गर्न निर्देशन दिने। |
| ८ | **समायोजन ग्रेड**-कर्मचारी समायोजन ऐन,२०७५को दफा ४मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ।पाँच वर्ष वा सो भन्दा बढी सेवाअवधि भएका राजपत्र अनंकित द्धितीय र प्रथम तथा राजपत्रांङ्कित तृतीय र द्धितीय श्रेणीका कर्मचारीहरु प्रदेश तथा स्थानीयतहको माथिल्लोतहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छ।मन्त्रालयले यो वर्ष ग्रेड नपाउनेतहमा समायोजन भएका ३ कर्मचारीहरुलाई ग्रेड थपगरी रु.१लाख९८हजार भुक्तानी गरेको छ।उक्त रकम असुल हुनुपर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले मुद्दाको टुङ्गो लागेपछि फैसला बमोजिम गर्न निर्देशन दिने। |
| ९ | **वित्तिय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८को दफा ५२देखी ५७मा वित्तिय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नु पर्ने व्यहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागिय मन्त्री, वेरुजु फछ्र्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित वजेट लक्षषत उदेस्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागिय मन्त्री र लेखा | ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्न र सोको अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | उत्तरदायी अधिकृतले लिनुपर्ने उल्लेख छ। मन्त्रालयले जिम्मेवारी र जवाफदेहिताको पालना भएको अवस्था देखिने अभिलेख अद्यवधिक गरेको छैन। ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु पर्दछ। | |
| १० | **अनुदान -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८को दफा २६मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुनस्तरसमेत कायम हुने गरी मित्व्ययी तरिकाले गर्नुपर्ने कुनै कार्यको भुक्तानी गर्नुपर्दा विनियोजित बजेटको सीमाभित्र रही रीत पुर्वकको कागजात प्राप्त भएपछि मात्र भुक्तानी दिनुपर्ने उल्लखछ। मन्त्रालयले कोशी प्रदेश अन्तर्गत १४जिल्लाका पत्रकार महासंघ जिल्ला शाखालाई रु ३ लाखका दरले रु. ४२लाख र प्रदेश पत्रकार महासंघ लाई रु.१० लाखसमेत रु. ५२लाख ससर्त अनुदान रकम भुक्तानी दिएकोमा सम्झौताको सर्त बमोजिम असार मसान्तसम्म कार्यसम्पन्न गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने र निर्धारित समयमा कार्यसम्पन्न गर्न नसकेमा अनुदानमध्येको बाँकी रकम श्रावण १५भित्रमा पहिलो पक्षलाई फिर्ता गर्नुपर्नेमा उक्त खर्च रकमको प्रयोजन समेत खुलाएको पाइएन। मन्त्रालयले अनुगमन गरी खर्च नभइ बाँकी रहेको रकम फिर्ता प्राप्त गर्नुपर्दछ। | • मन्त्रालयले अनुगमन गरी कार्यक्रमको प्रगति पेश गर्न र खर्च नभइ बाँकी रहेको रकम फिर्ता प्राप्त गर्न निर्देशन दिने।<br>• औचित्यहीन तथा प्रयोजन हुन नसक्ने खालका अनुदान दिने कार्य रोक्न निर्देशन दिने। |
| | **यातायात व्यवस्था कार्यालयहरू** | |
| ११ | **सेवा प्रवाहको स्थिति -** यातायात व्यवस्था कार्यालय ओखलढुंगाले कार्यालयमा दर्ता हुन आउने सवारी साधनको दर्ता, नविकरण, सवारी तालक अनुमतिपत्र, रुट परमिट, पटके दस्तुर, प्रदुषण जाँच, सवारी अनुगमन जस्ता सेवा प्रवाह गर्दै आएको छ। आर्थिक बर्ष २०७८।७९ मा सवारी दर्ता नविकरण १ हजार ५१३, सवारी साधनको नामसारी ३८७, सवारी चालक अनुमतिपत्र नविकरण १४०, सवारी रुट परमिट १२, प्रदुषण जाँचपास ६५ गरेको भएतापनि हालसम्म नयाँ सवारी दर्ता, सवारी चालक अनुमतिपत्र वितरण, सवारी प्रदुषण जाँचको हरियो स्टीकर वितरण गरेको पाइएन। | कार्यान्वयनमा आइसकेका कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र हुन बाँकी कार्य यथाशिघ्र कार्यान्वयन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १२ | **सफ्टवेयरको प्रयोग** यातायात व्यवस्था कार्यालय ओखलढुंगाले यो बर्ष भेहिकल रजिष्ट्रेशन सिस्टम र इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स रजिष्ट्रेशन सिस्टम सफ्टवेयर प्रयोग गरी राजश्व आम्दानी गरेको छ। सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण गरिएतापनि सफ्टवेयर सूचना प्रविधिसँग सम्बन्धित बिषय भएकोले सोसँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभाव परिक्षणको सीमाभन्दा बाहिर रहेको छ। सफ्टवेयरको कानुनी मान्यता, विश्वसनीयता एवं आधिकारिकताका बिषयमा कार्यालयले ध्यान दिनु पर्दछ। | सफ्टवेयरसँग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावको परीक्षण र सफ्टवेयरको कानुनी मान्यता, विश्वसनीयता एवं आधिकारिकताका बिषयमा ध्यान दिन निर्देशन दिने। |
| **बेरुजु स्थितिः** लगति बेरुजुको यथाशिघ्र सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने। | | |

**बैठक संख्याः २१**

**मितिः २०८०/१२/२० गते**

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल**

## सामाजिक विकास मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रादेशिक पाठ्यक्रम विकास केन्द्र स्थापना गरि प्रदेश विषेशको आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरिने प्रदेश शिक्षा नीतिको तर्जुमा गरिने, प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गरिने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन। तोकिएको कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ। | नीति तथा कार्यक्रममा ल्याइएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न निर्देशन दिने। |
| २ | **केन्द्रीय एकिकृत प्रगति विवरण** -प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम २७ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई | न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरुको समीक्षा गरी सुधारका लागि आवश्यक पहल गर्न |

| | | |
|---|---|---|
| | एकीकृतरुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समीक्षा गर्दा सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्ति उपर आवश्यक कारबाहीसमेत गर्नु पर्ने उल्लेख छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट विवरण लिई केन्द्रीय प्रगति विवरण तयार गरेको छ। न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरूको समीक्षा गरी सुधारका लागि आवश्यक पहल हुनुपर्दछ। | निर्देशन दिने। |
| ३ | **आवधिक योजना कार्यान्वयनको अवस्था -**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी आर्थिक वर्षमा हुने खर्च को प्रक्षेपणसहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने र आयोगले समग्र प्रदेशको मध्यमकालीन खर्च संरचना निर्माण गरी सोही अनुसार मन्त्रालयको वार्षिक बजेट तथा कार्यक्रम तय गरी आवधिक योजनाको कार्यान्वयन गर्ने व्यवस्था छ। कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) मा मन्त्रालयले लिएका विभिन्न लक्ष्यहरूको प्रगति तथा उपलब्धिको विवरण पेश नभएकोले सोको मूल्याङ्कन गर्न सकिएन। लक्ष्यसहितको प्रगति विवरण तयार गरी पेश गर्नुपर्दछ। | आवधिक योजनामा मन्त्रालयले लिएका लक्ष्यहरुको प्रगति तथा उपलब्धिको विवरण तयार गरी पेश गर्न निर्देशन दिने। |
| ४ | **कार्य सम्पादन करार -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरी सक्नुपर्ने वा कुनै कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्यसम्पादन करार गरी त्यस्तो कार्यसम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समायावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। ऐनको व्यवस्थाबमोजिम मन्त्रालय तथा कार्यालयले कार्यसम्पादन करार गरेको देखिएन। पदाधिकारीलाई जिम्मेवार र जवाफदेही | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन ऐनको व्यवस्था बमोजिम कार्यसम्पादन करार गर्न गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | बनाउन कार्यसम्पादन करार गर्नुपर्दछ। | |
| ५ | **दिगो विकास लक्ष्य -**दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी राष्ट्रिय लक्ष्य निर्धारण गर्नु पर्नेमा आफू सम्बन्द्ध दिगो विकास लक्ष्यहरू निर्धारण गरेको सम्बन्धमा मन्त्रालयसँग विवरण माग गरिएको सो सम्बन्धी विवरण प्राप्त हुन नआएकोले विश्लेषण गर्न सकिएन। मन्त्रालयले दिगो विकासका लक्ष्यहरूलाई ध्यान दिई परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्नुपर्दछ। | दिगो विकासका लक्ष्य प्राप्तीका लागि लक्ष्य सहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्न निर्देशन दिने। |
| ६ | **आन्तरिक नियन्त्रण प्रणाली-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र लेखाउत्तरदायी अधिकृतले आफै वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यलयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरिवेक्षण गर्नु वा गराउनुपर्ने उल्लेख छ।मन्त्रालयले आफू र मातहतका कार्यालयहरुलाई समेत लागू हुने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ७ | **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) अनुसार तलबी प्रतिवेदन परित गरेर मात्र तलबमा खर्च गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तलबी प्रतिवेदन सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित नगरी रु. २ करोड २४ लाख ९५ हजार खर्च गरेको छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी हुनु पर्दछ। | समायोजन ग्रेडको समस्या नभएका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्न निर्देशन दिने। |
| ८ | **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले मुद्दाको टुङ्गो लागेपछि फैसला बमोजिम |

| | | |
|---|---|---|
| | मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय र प्रथम तथा राजपत्रांङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको पाइएन। मन्त्रनलयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका १८ कर्मचारीहरूलाई ग्रेड थप गरी रू.१६ लाख ३८ हजार भुक्तानी गरेकोछ। उक्त रकम असुल हुनुपर्दछ। | गर्ननिर्देशन दिने। |
| ९ | **भ्रमण प्रतिवेदन -** मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ८ मा मन्त्रीले जिल्ला भ्रमणबाट फर्केपछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेरमात्र भ्रमण बिल भुक्तानी गरिने उल्लेख छ भने कर्मचारीहरूको हकमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले पदाधिकारी भ्रमण खर्चमा रू.११ लाख ९६ हजार र कर्मचारी भ्रमण खर्चमा रू.३५ लाख ९४ हजारसमेत रू.४७ लाख ९० हजार खर्च गरेकोमा नियमानुसार भ्रमण प्रतिवेदन पेश गरेको देखिएन। ऐन तथा नियममा भएको व्यवस्था बमोजिम भ्रमण प्रतिवेदन पेश गरेपछि भ्रमण भत्ता भुक्तानी गर्नुपर्दछ। | प्रतिवेदनको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| १० | **खेलमैदान निर्माण -** स्थानीय तहमार्फत खेलमैदान निर्माण कार्यको लागि कुल विनियोजित रकममध्ये ८० प्रतिशत अग्रिम रुपमा निकासा दिने र कार्य सम्पन्न प्रतिवेदन तथा बिलभरपाई पेश गरे पश्चात बाँकी २० प्रतिशत निकासा दिने सम्झौतामा उल्लेख छ। सम्झौताअनुसार प्रथम किस्ताबापत २ स्थानीय तहलाई रू.८ लाख निकासा दिएकोमा अन्तिम किस्ता निकासा लिएको नदेखिएकोले निकासा भएको रकम तोकिएको कार्यमा प्रयोग भए नभएको यकिन गर्न सकिएन। निकासा प्राप्त गर्ने स्थानीय तहले कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्दछ। | कार्यसम्पन्न भएको प्रमाण पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| **शिक्षा विकास निर्देशनालय धनकुटा** | | |
| ११ | **राष्ट्रिय परीक्षा वोर्ड -** एक सेवा प्रदायकलाई एस.ई.ई. परीक्षा बोर्ड कार्यक्रम सञ्चालन गर्न सर्भर खरिदको लागि रू.७ लाख विनियोजन भएकोमा रू.६ लाख ९५ हजार भुक्तानी गरेको छ।सो सफ्टवेयरको लागत अनुमान बेगर विनियोजित रकमको हाराहारीमै भुक्तानी गरेको देखिन्छ।खरिद गरिएको उक्त सफ्टवेयर प्रयोगमा नल्याई स्टोरमा नै प्याकिङ्ग गरेको अवस्थामा रहेको छ। यसरी सामान खरिद गरी प्रयोगमा नल्याउँदा खर्चको औचित्य पुष्टि हुने देखिदैन। | खरिद गरिएको सफ्टवेयर यथाशिघ्र जडान गरी प्रयोगमा ल्याउन निर्देशन दिने। |
| १२ | **उच्च शिक्षा कार्यक्रम -** प्रदेशभित्र सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरूलाई भौगोलिक विकटता, विद्यार्थी संख्या र कार्यसम्पादनसमेतका आधारमा २३ वटा क्याम्पसलाई क्षमता विकास र सुद्धढीकरणको लागि रू.८ लाखदेखि १४ लाखसम्मको दरले रू.१ करोड ९८ लाख ९५ हजार खर्च गरेको छ। उक्त क्याम्पसहरूलाई फर्निचर खरिद, अधुरो भवन निर्माण, चमेना घर निर्माण, कम्प्युटर खरिद र तलब भत्ताको लागिसमेत सम्झौता भई रकम निकासा गरेको देखिन्छ। पाथिभरा बहुमुखी क्याम्पस फुङलिङको लागि तलब भत्ताबापत रू.७ लाख, हलेसी क्याम्पसको लागि प्रोत्साहन भत्ताबापत रू.२ लाख, रौता जनता क्याम्पसको लागि तलब भत्ताबापत रू.५ लाख ५० हजार, ज्योति जनता बहुमुखी क्याम्पस उदयपुरको लागि तलब भत्ताबापत रू.३ लाख निकासा दिएको छ। यसरी सामुदायिक क्याम्पसहरूको क्षमता विकास र सुदृढीकरणको लागि दिगोपनमा आधारित रही कार्यक्रम सञ्चालन गर्नुपर्नेमा तलब भत्तासमेतको लागि रकम निकासा गर्नु मनासिव देखिएन। | सामुदायिक क्याम्पसहरुको क्षमता विकास र सुदृढीकरणको लागि दिगोपनामा आधारित रही कार्यक्रम संचालन गर्न निर्देशन दिने। |
| १३ | **बढी निकासा -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ (८) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गरी दिनुपर्नेमा सिद्धिचरण नगरपालिका ओखलढुङ्गालाई स्थानीय खेल मैदान निर्माण कार्यको लागि पहिलो किस्ताबापत रू.१४ लाख ४० हजार भुक्तानी दिएकोमा रू.९ लाखको मात्र | बढी निकासा भएको रकम फिर्ता भइसकेको जवाफ प्राप्त भएको हुँदा प्रमाण पेश गरी लगत कट्टा गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | कार्यसम्पन्न पेश भएकोले बाँकी रू.५ लाख ४० हजार फिर्ता दाखिला हुनुपर्दछ। | |
| १४ | **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रूपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ। निर्देशनालयले २ तल्ले छात्रावास निर्माण गर्नको लागि रू.२ करोड ४ लाख ८६ हजारको लागत अनुमान तयार गरी उक्त निर्माण कार्य विद्यालय व्यवस्थापन समितिद्वारा निर्माण कार्य गरेको छ। कार्यालयले निर्माण कार्य गर्नका लागि रू.१ करोड २० लाख अनुदान प्रदान गरेकोमा विद्यालयले रू.१ करोड १ लाख ७० हजारको कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ। यसरी नियमावलीको व्यवस्था विपरीत रू.१ करोडभन्दा माथिको कार्य उपभोक्ता समिति मार्फत गराएको कार्य नियमसंमत देखिएन। कानूनी व्यवस्था विपरीत रकम निकासा दिने पदाधिकारीले जिम्मेवार बनाई उपभोक्ता समितिमार्फत तोकिएको सीमाभित्रको कार्य गराउनुपर्दछ। | उपभोक्ता समिति मार्फत कार्य गराउदा सार्वजनिक खरिद नियमावलीको पालना गर्न निर्देशन दिने। |
| १५ | **बढी निकासा -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ (८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी दिनुपर्नेमा श्री पञ्चायत माध्यमिक विद्यालयलाई २ तल्ले छात्राबास निर्माण गर्नको लागि सम्झौताअनुसार प्रथम किस्ता रू.१ करोड २० लाख अनुदान प्रदान गरेकोमा बिद्यालयले रू.१ करोड १ लाख ७० हजारको कार्य सम्पन्न पेश गरेको छ। कार्य सम्पन्न भन्दा रू.१८ लाख २९ हजार बढी निकासा भएको रकम विद्यालयबाट फिर्ता हुनुपर्दछ। | बढी निकासा भएको रकम फिर्ता भइसकेको जवाफ प्राप्त भएको हुँदा प्रमाण पेश गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| १६ | **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यसम्पन्न भए पश्चात सोको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। सामाजिक विकास मन्त्रालयले बिभिन्न १४ प्रकारका कार्यक्रमका लागि रू. ३७ करोड ४५ लाख ५० हजार बजेट विनियोजन गरी ४५५ योजना स्वीकृत भएकोमा १० योजनाले सम्झौता नगरेको, ४४५ सँग सम्झौता भई रू.३४ करोड १७ लाख ७६ हजार खर्च भएको छ। विद्यालय भवन, पुस्तकालय, क्याम्पस, खेलमैदानको सुदृढीकरण, | कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | शैक्षिक उपकरण तथा औजार खरिदलगायतको कार्यको लागि निर्देशनालयले पहिलो किस्ताबापत ८० प्रतिशत र कार्यसम्पादन पश्चात् बिलभरपाई पेश गरेपछि अन्तिम किस्ता २० प्रतिशत निकासा हुने गरी सम्झौता गरेको छ। सम्झौताअनुसार विभिन्न २० संस्थाहरूलाई पहिलो किस्ताबापत दिएको रू.१ करोड ९६ लाख ६४ हजारको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको हुँदा काम भएको पुष्टि हुने देखिँदैन। निर्माण कार्य सम्पन्न गरी अन्तिम किस्ता भुक्तानी गर्नुपर्दछ। | |
| | **संगठित संस्थातर्फ** | |
| | **मनमोहन प्राविधिक विश्वविद्यालय** | |
| १७ | **स्थापना र उद्देश्य -** नेपाल सरकार, भारत सरकार र मनमोहन स्मृति प्रतिष्ठानबीच विक्रम सम्वत २०६० मा भएको त्रिपक्षीय संझौता पश्चात भारत सरकारको सहयोगमा निर्माण कार्य सुरु भई २०६५ देखि सञ्चालनमा आएको मनमोहन स्मृति पोलिटेक्निकलाई कोशी प्रदेश सरकारले मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ जारी गरी २०७६ साल असोज १६ गते मनमोहन प्राविधिक विश्वविद्यालय स्थापना गरेको छ। मुलुकको सर्वाङ्गिण विकासकोलागि आवश्यक पर्ने उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, बहु प्राविधिक विश्वविद्यालयको अवधारणा अनुरुप प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त, उपलब्धिमूलक र अन्तर्राष्ट्रिय विकास क्रमसँग आवद्ध गर्न सक्ने मानव संसाधन विकास गर्न र विज्ञान प्रविधि तथा व्यावसायिक क्षेत्रको ज्ञान र सान्दर्भिक अनुसन्धानलाई व्यापक एवं व्यवहारिक र समय सापेक्ष बनाउने यो विश्वविद्यालयको उद्देश्य रहेको छ। | केही भन्न नपर्ने। |
| १८ | **सभाको बैठक -** मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा ८ ले सभाको बैठक बर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था गरेता पनि विश्वविद्यालय स्थापना भएको २ वर्षमा मात्र पहिलो सभा सम्पन्न भएकोले सभाको कार्यक्षेत्रका काम र अधिकारको समयमै प्रयोग नहुँदा विश्वविद्यालयले गति लिन सकेको देखिएन। ऐनले तोके अनुसारको बैठक बसी आवश्यक निर्णय गर्नुपर्दछ। | ऐनको व्यवस्था वमोजिम बैठक बसी आबश्यक निर्णय गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १९ | **योजना निर्माण** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १५ अनुसार कार्यकारी परिषदले योजना निर्माण गरी बोर्ड अफ गभर्नर्समा पेश गरी सभाबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्नेमा हालसम्म परिषदले योजना निर्माण गरी सभामा पेश गरेको छैन। दीर्घकालीन योजना वेगर गन्तव्य निर्धारण नहुने हुँदा ऐनले तोके अनुसार योजना तयार हुनुपर्छ। | ऐनले तोके वमोजिम योजना तयार गरी कार्यान्वयनमा ल्याउन निर्देशन दिने। |
| २० | **कानून निर्माण** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा ५३ मा नियमावली बनाउने र दफा ५४ मा निर्देशिका कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था गरेको छ। विश्वविद्यालयले हालसम्म ८ वटा नियमावली तथा १ वटा निर्देशिका तयार गरी लागू गरेको छ। विश्वविद्यालयस्तरका शैक्षिक क्रियाकलाप सञ्चालनसँग सम्बन्धित थप आवश्यक नियमावलीहरू तथा सेवा सुविधा तथा गुणस्तरसम्बन्धी कार्यविधि तथा मापदण्डले पूर्णता पाएको छैन। ऐनले तोके अनुसारको नियमावली तथा निर्देशिका तयार हुनुपर्दछ। | ऐनले तोके अनुसार शैक्षिक क्रियाकलापसँग सम्बन्धित आबश्यक नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड तयार गर्न निर्देशन दिने। |
| २१ | **पाठ्यक्रम निर्माण तथा स्वीकृति** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १५ अनुसार विश्वविद्यालयको अध्ययन अध्यापन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम निर्माण तथा स्वीकृत गर्ने काम प्राज्ञिक परिषद्लाई तोकेको छ। स्थापनाको ३ वर्ष व्यतीत भईसक्दा पनि विश्वविद्यालयले आफूले सञ्चालन गर्ने विषयको पाठ्यक्रम पूर्ण रुपमा तयार गर्न सकेको छैन। यसबाट थप हुने नयाँ विषयको कक्षा सञ्चालनमा ढिलाइ भएको देखिंदा पाठ्यक्रम निर्माण गरी अध्यापन कार्यलाई तीव्रता प्रदान गर्नुपर्दछ। | विश्वविद्यालयले संचालन गर्ने बिषयका पाठ्यक्रम पूर्ण रुपमा तयार गरी कक्षा संचालन गर्न निर्देशन दिने। |
| २२ | **जनशक्ति व्यवस्थापन** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १५ अनुसार विश्वविद्यालयको शिक्षक तथा कर्मचारीहरूको नियुक्ति तथा बढुवाको सिफारिसका लागि सेवा आयोगको गठन गर्नुपर्ने व्यवस्था छ। ऐनको उक्त प्रावधान अनुसार २०७७।११।२३ मा ३ सदस्यीय सेवा आयोग गठन गरेकोमा सेवा | स्वीकृत दरबन्दी अनुसार आबश्यक जनशक्तिको समयमै व्यवस्थापन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यसञ्चालन प्रक्रिया सम्बन्धमा विश्वविद्यालयले मनमोहन प्राविधिक विश्वविद्यालय सेवा आयोग सम्बन्धी नियमावली, २०७८ पारित भईसकेको छ। सेवा आयोग गठन गरी सेवा आयोग सम्बन्धी नियमावलीसमेत पारित भईसकेको अवस्था रहेतापनि शिक्षक तथा कर्मचारी नियुक्तिका कामकारबाही प्रभावकारी रुपमा हुन नसक्दा शिक्षक तथा कर्मचारी अभाव रहेको देखिन्छ। आवश्यक जनशक्तिको समयमै सिफारिस तथा नियुक्ति हुनु पर्दछ। | |
| २३ | **कोषको स्थापना -** मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा ३८ ले विश्वविद्यालयको आफ्नो छुट्टै कोष रहने र त्यसमा सबै प्रकारको आम्दानी एकीकृत गरी विनियोजन ऐन अनुसार खर्च गर्ने व्यवस्था रहेता पनि विश्वविद्यालयले हालसम्म साबिक शिक्षालयकैरुपमा विभिन्न शीर्षकमा आम्दानी जनाई आर्थिक कारोबार सञ्चालन गरेको ऐनको व्यवस्था अनुरुप कोष खडागरी कोषको परिचालन हुनुपर्दछ। | ऐनको व्यवस्था वमोजिम कोष स्थापना गरी कोषको परिचालन गर्न निर्देशन दिने। |
| २४ | **आन्तरिक नियन्त्रण प्रणाली-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने साथै लेखाउत्तरदायी अधिकृतले आफै वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यलयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरिवेक्षण गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ।प्रचलित कानून बमोजिम सम्पादन गर्नु पर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा विश्वविद्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको पाइएन। | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| | **आर्थिक बर्ष २०७८/७९** | |
| २५ | **आर्थिक कारोवार -** विश्वविद्यालयले पेश गरेको आय व्यय विवरणअनुसार गत वर्षको जिम्मवारी रू.११ करोड ३७ लाख ७६ हजार, चालु आर्थिक वर्षको निकासा रू.१५ | केही भन्न नपर्ने। |

| | | |
|---|---|---|
| | करोड ४१ लाख ९५ हजार, आम्दानी रू.६ करोड ४२ लाख ५२ हजार र आन्तरिक श्रोतको आम्दानी रू.३ करोड ९५ लाख ९७ हजारसमेत जम्मा आय रू.३७ करोड १८ लाख २० रहेको छ। उक्त आयमध्ये विश्वविद्यालयले यो वर्ष रू.२२ करोड ९२ लाख खर्चगरी रू.१४ करोड २६ लाख २० हजार मौज्दात रहेको छ। | |
| २६ | **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली,२०६४को नियम ८५ मा रू.१० लाखसम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिदगर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ। विश्वविद्यालयले यो वर्ष रू.४० लाख ८३ हजारका ल्याब सामग्री तथा मेडिकल पुस्तकहरू पटक पटक गरी एउटै फर्मसँग सीमाभन्दा बढीको सोझै खरिद गरेको छ। नियम विपरीत एउटै निर्माण कार्य वा मालसामान पटक पटक गरी सीमाभन्दा बढीको सोझै खरिद गर्ने कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई त्यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ। | खरिद कार्य गर्दा सार्वजनिक खरिद नियमावलीको पालना गर्न निर्देशन दिने। |
| २७ | **मूल्य समायोजन भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा निर्माण व्यवसायीलाई मूल्य समायोजन सूत्र तथा सम्बद्ध मूल्य सूचीका आधारमा मूल्यवृद्धि भुक्तानी गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीसँग भएको सम्झौताको सामान्य सर्तमा उल्लेख भएअनुसार बेस ईन्डेक्सको हकमा बोलपत्र खोल्नुभन्दा एक महिना अगाडिको तथा चालु ईन्डेक्सको हकमा बिल पेश गरेको अबधिभन्दा एक महिना अगाडिको सूचकांक लिनुपर्ने व्यवस्था छ। विश्वविद्यालयले भवन निर्माणबापत एक निर्माण व्यवसायीलाई बिल पेशभन्दा एक महिना पहिलेको ईन्डेक्सको दरबाट भुक्तानी गर्नुपर्नेमा बिल पेश भएको अवधिकै दरले भुक्तानी गर्दा मूल्य समायोजनबापत रू.६ लाख २७ बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ। | असुल उपर भएको जवाफ प्राप्त भएको हुँदा प्रमाण पेश गरी लगत कट्टा गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २८ | **पाठ्यक्रम निर्माण** - मनमोहनप्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १५ अनुसार विश्वविद्यालयको अध्ययनअध्यापन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम निर्माण तथा स्वीकृतगर्ने काम प्राज्ञिक परिषदलाई तोकेको छ। विश्वविद्यालयले पाठ्यक्रम निर्माणगर्न सोझै विज्ञ नियुक्त गरी यो वर्ष प्रति विषय रू.५ हजारदेखि रू.४५ हजारसम्मकोसम्झौता गराई पाठ्यक्रम निर्माणमा मात्र रू.७३ लाख ११ हजार खर्च गरेको छ। विश्वविद्यालयले आफ्नो नर्म्स नवनाएको अवस्थामा पुल्चोक इन्जिनियरिङ्गक्याम्पसको नर्सलाई आधार लिई उक्त खर्च गरिएको छलफलको क्रममा जानकारी गराएको छ। विश्वविद्यालयले पाठ्यक्रम निर्माणको नर्म्स तयार गरी खरिद कानुनको अधिनमा रहीमितव्ययी रुपमा खर्च गर्नुपर्दछ। | पाठ्यक्रम निर्माणको नर्म्स तयार गरी खरिद कानून अनुसार खर्च गर्न निर्देशन दिने। |
| | **आर्थिक बर्ष २०७७/७८** | |
| २९ | **आर्थिक कारोवार** - विश्वविद्यालयले पेश गरेको आय व्यय विवरण अनुसार गत वर्षको जिम्मवारी रू.९ करोड ४३ लाख ५४ हजार चालु आर्थिक वर्षको निकासा रू.१८ करोड ५१ लाख ७४ हजार र आन्तरिक आम्दानी रू.५ करोड ४० लाख ७५ हजारसमेत जम्मा आय रू.३३ करोड ३६ लाख ३ हजार रहेको छ। विश्वविद्यालयले यो वर्ष रू.२१ करोड ९८ लाख २७ हजार खर्च गरी रू.११ करोड ३७ लाख ७६ हजार मौज्दात रहेको छ। | केही भन्न नपर्ने। |
| ३० | **घटी जिम्मेवारी** - विश्वविद्यालयले सबै खाताहरूको गत वर्षको कुल मौज्दात यो वर्ष आम्दानी जनाउनुपर्दछ। विश्वविद्यालयको २०७६।७७ को वर्षान्तको मौज्दात रू.९ करोड ४८ लाख ८८ हजार रहेकोमा यो रू.९ करोड ४३ लाख ५४ हजार मात्र जिम्मेवारी सारी घटी जिम्मेवारी सारेको सम्बन्धमा छानविन गरी मौज्दात यकिन गर्नुपर्दछ। | मौज्दात यकिन हुने प्रमाण पेश गर्न निर्देशन दिने। |
| ३१ | **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू.५ लाखसम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न | खरिद कार्य गर्दा सार्वजनिक खरिद नियमावलीको पालना गर्न |



सभापति

| | | |
|---|---|---|
| | सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ। विश्वविद्यालयले यो वर्ष रू.६० लाख ५२ हजारका आविश्कार केन्द्रको सामान पटक पटक गरी विभिन्न तथा एउटै फर्मसँग सिमाभन्दा बढीको मालसामान सोझै खरिद गरेको छ। ऐन नियममा भएको व्यवस्था विपरीत एउटै मालसामान पटक पटक गरी सीमाभन्दा बढीको सोझै खरिद गरेको खरिद कार्य नियमित देखिएन। | निर्देशन दिने। |
| ३२ | **अनुसन्धान केन्द्र सञ्चालन -** मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १७ मा विश्वविद्यालयका अंगहरूमध्ये अनुसन्धान केन्द्र पनि एक रहेन उल्लेख छ। विश्वविद्यालयले इन्जिनियरिङ्ग, चिकित्साशास्त्र, विज्ञान प्रविधि तथा अन्य व्यवसायिक विषयमा अनुसन्धान गर्नका लागि एक अनुसन्धान केन्द्रको स्थापना गर्ने र यसको काम, कर्तव्य र अधिकार तथा सञ्चालन विधि तोकिए बमोजिम हुने व्यवस्था गरेको छ। सोही व्यवस्था बमोजिम कोशी प्रदेशमा अनुसन्धान केन्द्र र आविष्कार केन्द्र स्थापना गर्न विश्वविद्यालयलाई २०७७।७८ मा प्रदेश सरकारबाट रू.२ करोड अनुदान प्राप्त भएको छ। विश्वविद्यालयले २०७७।७८ मा प्राप्त अनुदानबाट अनुसन्धान केन्द्र र आविष्कार केन्द्रका लागि रू.१ करोड ७८ लाख ७१ हजार बराबरको विभिन्न ल्याब सामग्रीहरू खरिद गरेको छ। लेखापरीक्षणको क्रममा अवलोकन गर्दा विश्वविद्यालयले उक्त ल्याब सामग्रीहरू जडान गरी आविष्कार तथा अनुसन्धान केन्द्र सञ्चालनमा आएको देखिएन। स्नातक तहको इन्जिनियरिङ्ग विधाको पाठ्यक्रम तयारी भई प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना भएको, दोस्रो सेमेस्टरको भर्ना तथा अध्यापन कार्य सुरु भईरहेको र सोमा अध्ययनरत तथा तत्पश्चातका सेमेस्टरहरूमा तथा अन्य प्राविधिक विधामा अध्यापनको कार्य सुरु गरिने कार्यक्रम रहेकोले सोको पूर्व तयारी स्वरुप व्यवहारिक ज्ञान दिनलाई उक्त उपकरणहरू खरिद गरेको विश्वविद्यालयले जनाएको छ। विश्वविद्यालयले अनुसन्धान तथा आविष्कार केन्द्र सञ्चालन कार्यविधि तयार तथा कार्यान्वयन गरी खरिद | हाल सबै सामाग्रीहरु जडान गरी सञ्चालनमा आएको जवाफ प्राप्त भएको हुँदा लक्षित उद्देश्य प्राप्त हुने गरी उपयोगमा ल्याउन निर्देशन दिने। |

| | | |
|---|---|---|
| | भएको ल्याब सामग्रीहरू जडान तथा सञ्चालन गरी लक्षित उद्देश्य प्राप्त हुनेगरी उपयोगमा ल्याउनुपर्दछ। | |
| ३३ | **प्रदेश फिर्ता -** प्रदेश बिनियोजन ऐन, २०७७ दफा ४(११) अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका ससर्त, समपूरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित कार्यालयले त्यस्तो रकम प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। विश्वविद्यालयले २०७७।७८ मा प्रदेश सरकारबाट हस्तान्तरित ससर्त अनुदान रू.११ करोड ६० लाखमध्ये आर्थिक वर्षको अन्त्यसम्म रू.११ करोड ४५ लाख ८६ हजार खर्च गरेको छ। खर्च नभई बाँकी रहेको रू.१४ लाख १४ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। | फिर्ता भइसकेको जवाफ प्राप्त भएको हुँदा प्रमाण पेश गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| **बेरुजु स्थितिः** लगति बेरुजुको यथाशिघ्र सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने। | | |

**बैठक संख्याः २२**

**मितिः २०८०/१२/२१ गते**

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनहरु उपर छलफल**

## स्वास्थ्य मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **नीति तथा कार्यक्रम कार्यान्वयन** - कोभिड विरुद्धको खोपमा सबै प्रदेश वासिहरुको सरल र सहज पहुँचलाई सुनिश्चित गर्न डिजिटल स्वास्थ्य डिजिटल प्रदेश कार्यक्रम कार्यान्वयनमा ल्याईने रकार्यान्वयनको सुरुवात गरिने, मेची अस्पताललाई २०० शैया, | नीति तथा कार्यक्रम बजेटसँग तादात्म्यता हुने गरी बनाउन तथा सम्भाव्यता अध्ययन गरेर कार्यान्वयन गर्न सक्ने कार्यक्रम मात्र ल्याई प्रभावकारी रुपमा कार्यान्वयन गरी कार्यान्वयन |



सभापति

| | | |
|---|---|---|
| | धनकुटार पाँचथर अस्पताललाई१००/१०० शैंया र अन्य जिल्ला अस्पताललाई न्यूनतम ५० शैंयामा स्तरउन्नती गरिने, पूर्वाञ्चल आयूर्वेद चिकित्सालयलाई प्रादेशिक अस्पतालको रुपमा विकास गरी सेवा विस्तार गरिने र जिल्लाआयूर्वेद स्वास्थ्य केन्द्र तथा औषधालयलाई क्रमिकरुपमा आयूर्वेद अस्पतालमा रुपान्तरण गरिनेतथा आमाको गर्भ सुरक्षित हुँदा एउटा युग सुरक्षित हुन्छ भन्ने नाराका साथ प्रदेश सरकारकोअनुदानमा पूर्ण तयारी पौष्टिक आहार कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा कार्यान्वयन अवस्थादेखिने विवरण तयार गरेको छैन। प्रगति विवरण तयार गरी मूल्यांकन हुनुपर्दछ | अवस्थादेखिने प्रगति विवरण तयार गर्न निर्देशन दिने। |
| २ | **जिम्मेवारी कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम योमन्त्रालयलाई तोकिएका कार्य मध्ये स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक रपेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथास्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्यबीमालगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन र औषधि निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्म जीवननिरोधक प्रतिरोध न्यूनीकरण लगायतका कार्य सम्पादनगरेको देखिएन। तोकिएको समयमा कार्य सम्पादन नहुनुमा मन्त्रालय र मातहतका कार्यालयमाजनशक्तिको अभाव, अस्पतालबाट हुने खरिद प्रकृयाको कामलाई सहजीकरण गर्न प्राविधिककर्मचारीको कमी, संघबाट आर्थिक वर्षको अन्त्यमा बजेट पठाउँदा कार्यान्वयनमा समस्या र स्थानीय तहबाट कार्यान्वयन हुनेगरी वित्तीय हस्तान्तरण गरिएका कार्यक्रमको समय मैप्रगति प्रतिवेदन प्राप्तनहुनेलगायतका कारण मन्त्रालयलेउल्लेख गरेकोलेसम्बद्ध पक्षबाट आफ्नो कार्य समयमा सम्पादनगरी नियमावलीले तोकिएका कार्य कार्ययोजनासहित तोकिएको समयमा सम्पादन गर्नुपर्दछ। | कार्यविभाजन नियमावली अनुसार तोकिएका कार्यहरु कार्ययोजना सहित तोकिएको समयमा सम्पादन गर्न निर्देशन दिने। |
| ३ | **आवधिक योजना कार्यान्वयनको अवस्था-** कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) मा सबैवर्ग, क्षेत्र र समदुायका नागरिकको आधारभत | आवधिक योजनामा लिइएका लक्ष्य अनुरुप प्रगति हुनेगरी |



सभापति

| | | |
|---|---|---|
| | तथा गुणस्तरीय स्वास्थ्य तथापोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गरि, विशिष्टिकृत तथा रिफरल सेवा विस्तार गर्नुर आयूर्वेदलगायत वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नु यो मन्त्रालयको उद्देश्य रहेको देखिन्छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार जन्म हुँदाको अपेक्षित आयु७३.१ लक्ष्य निर्धारण गरेकोमा ७१.५वर्ष, पाँचवर्ष मुनिको बाल मृत्युदर प्रतिहजार जीवित जन्म २२ लक्ष्य निर्धारण गरेकोमा ३२, शिशुमृत्युदर प्रतिहजार जीवित जन्म २० लक्ष्य निर्धारण गरेकोमा २९ रहेको छ। त्यसैगरी, नवजातशिशुमृत्युदर प्रतिहजार जीवित जन्म १७ लक्ष्य निर्धारण गरेकोमा २० रहेको, आधा घण्टाको दूरीमा आधारभतू स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार ८० प्रतिशत लक्ष्य निर्धारण गरेकोमा ६० प्रतिशत रहेको, बालबालिकामा रक्तअल्पता ४० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेकोमा ५५ प्रतिशत रहेको, महिलामा रक्तअल्पता ३० प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेकोमा ४३ प्रतिशत रहेको, १५ महिनामुनिका ९५ प्रतिशत बालबालिकालाई पूर्ण खोपको दायरामा ल्याउनेलक्ष्य निर्धारण गरेकोमा ७६प्रतिशत रहेको र झाडापखालाबाट प्रभावित ५ वर्ष मुनिका बालबालिकालाई ११ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेकोमा १३ प्रतिशत रहेको छ। लक्ष्य अनुरुप प्रगती हुनेगरी कार्यक्रम सञ्चालनगर्नुपर्दछ। | कार्यक्रम सञ्चालन गर्न निर्देशन दिने। |
| ४ | **दिगो विकास लक्ष्य** - नेपालले दिगो विकासका लक्ष्यमा प्रतिवद्धता जनाएअनुसार सबै तहकानिकायलेदिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरीराष्ट्रिय लक्ष्य हासिल हुनेगरी कार्यक्रम संचालनगर्नुपर्दछ। मन्त्रालयलेआफू सम्बद्ध दिगो विकासलक्ष्य, सम्बद्ध सूचकहरु र सोको प्रगति तयार गरी कार्यक्रम स्वीकृत गरेको देखिएन। मन्त्रालयलेउक्त लक्ष्य लाई ध्यान दिई परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्नुपर्दछ। | दिगो विकासका लक्ष्य प्राप्तिका लागि लक्ष्य सहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्न निर्देशन दिने। |
| ५ | **केन्द्रिय एकीकृत प्रगती विवरण-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७अनुसार मन्त्रालयलेमातहत कार्यालयबाट वार्षिक प्रगतीको विवरण लिई एकीकृतरुपमा केन्द्रियस्तरकोप्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय | न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरुको समीक्षा गरी सुधारका लागि आबश्यक पहल गर्न निर्देशन दिने। |

सभापति

| | | |
|---|---|---|
| | पक्षको सामुहिक समीक्षा गर्नुपर्नेव्यवस्था छ।प्रगति समीक्षा गर्दा सुधारकालागि चाल्नुपर्ने कदम र प्रगती न्यून भएको सम्बन्धमा जिम्मेवारव्यक्तिउपर आवश्यक कारबाहीसमेत गर्नुपर्नेउल्लेख छ।मन्त्रालयलेउक्त व्यवस्था अनुसार सबैकार्यालयबाट विवरण लिई केन्द्रिय प्रगती विवरण तयार गरेको छ। न्यून भौतिक तथा वित्तिय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरुको समीक्षा गरी सुधारका लागि आवश्यक पहल हुनुपर्दछ। | |
| ६ | **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८ कोदफा ३३ मा प्रदेश तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागूगर्नुपर्नेसाथैलेखा उत्तरदायी अधिकृतलेआफै वा आफू मातहतकोवरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भएनभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नुगराउनुपर्नेव्यवस्था रहेको छ।मन्त्रालयले आफू र अन्तर्गतका कार्यालयमा समेत लागूहुनेगरी आन्तरिक नियन्त्रण प्रणाली तयारगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन। अतः ऐनको प्रावधान पालना गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ७ | **कार्यसम्पादन करार-** प्रदेश सुशासन(व्यवस्थापन तथा संचालन) ऐन, २०७६ को दफा १८ माप्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नुपर्ने वा प्रदेशसरकारको प्राथमिकता प्राप्त आयोजना कुनै कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्नुपर्नेभएमा कुनैअधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्य सम्पादन गर्नेजिम्मेवारी निजलाई दिँदा कामकोविवरण, कार्यसम्पादन गर्नुपर्नेसमयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्नेव्यवस्था छ।ऐनमा भएको व्यवस्थाबमोजिम प्रदेश सचिवलेविभागिय मन्त्रीसँग र कार्यालय प्रमखुलेमन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेकोमा कार्य सम्पादनको गुणस्तर र परिमाण प्रगति प्रतिवेदनसँग गरेको पाइएन। पदाधिकारीलाई जिम्मेवार र | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन ऐनको व्यवस्था बमोजिम कार्यसम्पादन करार गर्न गराउन निर्देशन दिने। |

| | | |
|---|---|---|
| | जावाफदेही बनाउन कार्यसम्पादनलाई प्रगति प्रतिवेदनसँग आवद्ध गर्नुपर्दछ। | |
| ८ | **अनुगमन मूल्यांकन-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ लेप्रत्येक मन्त्रालयको कार्यविभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सञ्चालन व्यवस्था र प्रकृयाको अनुगमन मूल्यांकनगरी देखिएका समस्याको समाधान गर्नुपर्नेव्यवस्था गरेको छ। मन्त्रालयबाट विभिन्न अनुगमनकाकार्य गरिएको भएता पनि सोको एकीकृत अभिलेख तयार गरी मूल्यांकन गरेको देखिएन। वित्तियप्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनामा तदारुकताल्याउन, सेवा प्रवाहलाई जनमुखी एवं प्रभावकारी बनाउन, पूर्वाधार क्षेत्रको विकास गर्न तथा लक्षितकार्यक्रमहरु सफलीभूत तुल्याई आम नागरिकको जीवनस्तरमा सुधार ल्याउनका निमित्त वस्तनिष्ठअनुगमन मूल्यांकन गरी देखिएका समस्याहरु समाधान गर्नुपर्नेदेखिन्छ। | मन्त्रालय र अन्तरगत निकायको समग्र कार्य संचालन व्यवस्था र प्रक्रियाको वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्न निर्देशन दिने। |
| ९ | **थप दायित्व**-सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८को दफा ५ मा आर्थिक वर्ष २०७८।७९ मा थप नयाँ संगठन, संरचना र दरबन्दी सिर्जना नगर्नेउल्लेख गरेको देखिन्छ। प्रदेश सरकारले मिति २०७८।१०।१६ मा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ लाई खारेज गरी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८लागूगरेको देखिन्छ। साबिकको सामाजिक विकास मन्त्रालयको कार्य तथा जिम्मेवारीलाई विभाजनगरी स्वास्थ्य मन्त्रालय गठन गर्दा नयाँ मन्त्रालय व्यवस्थापनको लागि यो वर्ष सवारी साधन खरिद, मेशिनरी तथा उपकरण, कम्प्यूटर, लयापटपसमेतका लागि ८० लाख २५हजार खर्च भएकोछ।मन्त्रालय विभाजन गरी नयाँ मन्त्रालय स्थापना गर्दा व्यवस्थापन खर्चबापत प्रदेशलाई थपआर्थिक दायित्व सिर्जना भएको छ। | मन्त्रालय विभाजन गर्दा आबश्यकता र औचित्यताका आधारमा गर्न र व्यवस्थापन गर्दा भइरहेका सामानहरु सदुपयोग गरी थप दायित्वलाई कम गर्न निर्देशन दिने। |
| १० | **समायोजनग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत पदमाकार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले मुद्दाको टुङ्गो लागेपछि फैसला बमोजिम गर्न |

| | | |
|---|---|---|
| | मिलान तथा ग्रेड कायम हुनेसम्बन्धी व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितिय रप्रथम तथा राजपत्रांकित तृतिय र द्वितीय श्रेणीका कर्मचारीहरु प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छैन। तर मन्त्रालय र मातहतका कार्यालयसमेत गरी७ कार्यालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका १८ कर्मचारीलाई ग्रेड थप गरी ८लाख १६ हजार भुक्तानी गरेको छ। उक्त रकम असलु हुनुपर्दछ। | निर्देशन दिने। |
| ११ | **वित्तिय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७८को दफा ५२ र ५७ मा वित्तिय जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्नेव्यहोरा उल्लेख छ। उक्तजिम्मेवारी र जवाफदेहिताअनुसार गर्नुपर्नेकामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रालयलेअद्यावधिक गरेको छैन। तोकिएअनुसार जिम्मेवारी र जवाफदेहिता पालना भए नभएको व्यहोरापरीक्षण गर्दा बेरुजुफछ्यौंट गर्नेगराउनेउत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायीअधिकृत, केन्द्रिय आर्थिक विवरण तयार गर्ने, मातहत कार्यालयको केन्द्रिय हिसाबमा समावेश गरे नगरेको जाँचबुझ गर्नेजिम्मेवारी लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुपखर्च गर्न नसकेमा सोको जिम्मेवारी मन्त्रालयमा विभागिय मन्त्री र लेखा उत्तरदायी अधिकृतलेलिनुपर्नेउल्लेख छ। सोअनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन। ऐनकोव्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नुगराउनुपर्दछ। | ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्न र सो को अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |
| १२ | **सोझै खरिद-** सार्वजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यो ऐन अन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्नुनहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटकनियमावलीले तोकेको सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै | सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | खरिद गर्न नसकिने उल्लेख छ। मन्त्रालय र मातहतसमेत ७ कार्यालयलेमालसामान खरिद कार्यको प्रकृती अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमा अनुसारदरभाउ पत्र वा बोलपत्र मार्फत कार्य गराउनुपर्नेमा प्रतिस्पर्धा सीमित हुने गरी पटक पटक रु.४करोड ११ लाख ३ हजारको मालसामान, औषधि तथा औषधिजन्य सामग्री सोझैखरिद गरेको छ। सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रतिस्पर्धा हुनेगरी खरिद व्यवस्थापन गर्नुपर्दछ। | |
| | **स्वास्थ्य कार्यालयहरु** | |
| १३ | **कोभिड-१९ खोप अभियान-** कोभिड-१९ विरुद्ध खोप अभियान संचालनतथा व्यवस्थापन शिर्षकमासंखुवासभालाई रु. १ करोड ३२ लाख ७६ हजार प्राप्त भएकोमध्येकोभिड-१९ विरुद्ध खोप अभियानसंचालनतथा व्यवस्थापनगर्न अभिमुखीकरण, बैठक, जनशक्ति परिचालन, प्रचार प्रसार, ए.ई.एफ.आई. व्यवस्थापन र टीम परिचालन, सुपरिवेक्षण, अनुगमन, खोप तथा कोल्डचेन सामग्रीवितरण तथा ढुवानी बापत रु.६५ लाख ७९ हजार खर्च गरेको छ। स्वास्थ्य कार्यालय, संखुवासभाले यो वर्ष कोभिड-१९ विरुद्धको ५ प्रकारको २ लाख ६४ हजार डोज भ्याक्सीन प्राप्तभएकोमा २ लाख ४९ हजार खर्च भएको, १० हजार डोज प्रदेश कार्यालयमा फिर्ता गरेको र ५हजार डोज बाँकी रहेको देखिन्छ। मौज्दात रहेको खोपको सदुपयोग गर्नुपर्दछ। | मौज्दात रहेको खोपको समयमै सदुपयोग गर्नेनिर्देशन दिने। |
| १४ | **औषधि भण्डार परीक्षण-** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिकाबमोजिम खरिद गरेका तथा प्रदेशबाट हस्तान्तरण भई आएका औषधि तथा सर्जिकल सामानहरुमा“नेपाल सरकारको नि:शुल्क स्वास्थ्य कार्यक्रमका लागि” भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ। सार्वजनिक लेखा समितिले नि:शुल्क औषधि वितरण लोगोको व्यहोराका सम्बन्धमा कडाईका साथलागूगर्नेनिर्णय समेत गरेको देखिन्छ। स्वास्थ्य कार्यालय, संखुवासभाको भण्डार परीक्षण गर्दा केहीऔषधिमा नि:शुल्क वितरणको लोगो भएको देखिएन। नेपाली भाषामा सर्वसाधारणले बुझ्ने गरी उक्तलोगो | तोकिए अनुसारको लोगो राखी औषधि वितरण गर्न गराउननिर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | लगाउनुपर्नेमा एम.ओ.एच. नट फर सेल, इन्स्टिच्युशनल सप्लाई अन्ली भनी अंग्रेजीमा लेखेकोपाईयो। तोकिए अनुसार लोगो राखी औषधि वितरण गर्नुपर्दछ। | |
| १५ | **टाईफाइड खोप कार्यक्रम-** स्वास्थ्य कार्यालय, संखवुासभालाई टाईफाइड खोप अभियानका लागि रु. ५४ लाख ४३ हजार विनियोजन भएकोमध्ये लक्षित समूह१५ महिनादेखी १५ वर्षमुनिकाबालबालिकालाई टाईफाइड खोप अभियान संचालनतथा नियमित खोपको सुदृढीकरण रसरसफाइ प्रबन्धकोलागि अभिमुखीकरण तथा योजना गोष्ठी, स्वास्थ्यकर्मी र स्वयंसेवक तालिम, विद्यालय शिक्षक अभिमुखीकरण तथा विद्यालयमा कक्षा संचालन, जनशक्तित्त परिचालन, सुपरिवेक्षण, अनुगमन र अभियान संचालनजस्ता कार्यक्रम संचालनगरी रु.३९ लाख ३७ हजार खर्च गरेकोछ। कार्यालयलेउपलब्ध गराएको तथ्यांक अनुसार कार्यालयलाई ५२ हजार ७९० डोज टाइफाइडखोप उपलब्ध भएकोमध्ये४२ हजार ७ सय ६० डोज खोप प्रयोगमा आएको र१० हजार३० डोजखोप प्रदेशमा फिर्ता गरेको तथा खोप खेर जाने दर २.४२ रहेको देखिन्छ। यसबाट जिल्लामाटाइफाइड खोप लक्षित संख्या ४५ हजार ३८ जना रहेकोमध्ये जिल्लास्थित३सय १३खोपकेन्द्रबाट ४१ हजार७सय २५ जनालेखोप लगाई लाभान्वित भएको देखिन्छ भने ३हजार३सय१३ जना अर्थात ७.३५प्रतिशत लक्षित संख्या यो खोप लागाउनबाट बञ्चित रहेको देखीएकोलेयस्ता खोप अभियानबाट कोही पनि छुट्न नहुने र नछुटाउने तर्फ कार्यालयको विशेषध्यान जान जरुरी देखिन्छ। | खोप अभियानबाट कोही पनि छुट्न नहुने र नछुटाउने तर्फ विशेष ध्यान दिन निर्देशन दिने। |
| १६ | **सामग्री हस्तान्तरण-** स्वास्थ्य संस्थाको सबलीकरण कार्यक्रमबाट स्वास्थ्य कार्यालय, सोलुखुम्बुले रु. ३३ लाख ९३ हजारको स्वास्थ्य सामग्री तथा उपकरण खरिद गरेकोमा उक्त सामग्रीहरु २०७९।६।८ सम्म सम्बन्धित स्वास्थ्य संस्थामा पठाएको पाइएन। पालिका अन्तर्गतका स्वास्थ्यसंस्थाहरुको लागि खरिद गरिएका स्वास्थ्य सामग्री तथा उपकरण सम्बन्धित संस्थामा हस्तान्तरणगरी दाखिलाको प्रमाण पेश हुनुपर्दछ। | खरिद गरिएका स्वास्थ्य सामग्री तथा उपकरण सम्बन्धित स्वास्थ्य संस्थामा हस्तान्तरणगरी दाखिलाको प्रमाण पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | **जिल्ला अस्पतालहरू** | |
| १७ | **फार्मेसी सेवा**- अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम अस्पताल आफैले फार्मेसी सेवासंचालनगर्नुपर्नेमा बोलपत्र आह्वान गरी औषधि विक्रेतासँग औषधि बिक्री कक्ष उपलब्ध गराई शुल्क रु. ३० लाख १ हजार लिने, स्वास्थ्य बीमाका बीमितलाई औषधि उपलब्ध गराउने र स्वास्थ्यबीमाभित्र पर्ने बाहेकका औषधि बिक्रीमा १० प्रतिशत छुट दिने लगायतका सर्तहरु समावेश गरी२०७८।८।९ मा जिल्ला अस्पताल, खोटाङलेसम्झौता गरेको छ। सम्झौता अनुसार सोही फर्मलेफार्मेसी सेवा संचालनगर्नुपर्नेमा अर्कै फर्मले फार्मेसी संचालनगरी अस्पतालसँग बीमितलाईउपलब्ध गराएको औषधिको रु.३८ लाख ३१ हजार भुक्तानी लिएको देखियो। निर्देशिकाको पालनानगर्नेर खरिद सम्झौता बाहेकको फर्मबाट काम कारबाही गराउनेलाई जिम्मेवार बनाउनु पर्दछ। | निर्देशिका बमोजिम अस्पताल आफैले फार्मेसी सेवासंचालनगर्न निर्देशन दिने। |
| १८ | **करार कर्मचारी बीमाखर्च** - सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४।१।२५ माजारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।१।२१ को निर्णय अनुसार सबैनिकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्ती लाई मात्र२०७४।७५ बाट लागू हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एकमहिनाको आधारभत् पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्रमहिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा जिल्लाअस्पताल, इलामले ४८ जना करार सेवाका कर्मचारीहरुलाई करार सम्झौतामा उल्लेख भए विपरीत२०७९।२।२३ को अस्पताल विकास समितिको निर्णय अनुसार बीमा प्रिमियमबापत रु.५ लाख ७९हजार एक बीमा कम्पनीलाई भुक्तानी गरेको देखिएकोलेसोको कानूनी आधार देखिएन। | भुक्तानीको कानूनी आधार पेश गर्न निर्देशन दिने। |
| १९ | **करार तथा ज्यालादारी** - चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन | ऐन तथा कार्यविधि विपरित करार तथा ज्यालादारीमा कर्मचारी |

| | | |
|---|---|---|
| | गर्नेकार्यविधि २०७६मा संघ, प्रदेश वा स्थानीय तहका स्वास्थ्य संस्थामा चिकित्सक तथा स्वास्थ्यकमी अध्ययन वाअसाधारण विदामा रहेको अवधिभर र सेवाको कुनैपद कुनैकारणवस रिक्त हुन गई स्थायी पदपूर्ती भई नसकेको अवधिभरको लागि करारमा नियुक्त गर्न पाउने उल्लेख छ। स्थायी पदपूर्तिको लागिजिल्ला अस्पताल, सुनसरीले लोक सेवा आयोगमा माग नगरी करार तथा ज्यालादारीमा चिकित्सक, स्वास्थ्यकमी तथा कर्मचारी ५३ जना नियुक्ती गरी तलव भत्तामा २०७७।७८ मा रु.३९ लाख २हजार र २०७८।७९ मा रु.६६ लाख ८३ हजारसमेत रु.१ करोड ५ लाख ८५ हजार खर्च गरेकोछ। ऐन तथा कार्यविधि विपरीत करार तथा ज्यालादारीमा कर्मचारी नियुक्ती गर्न नियन्त्रणगर्नुपर्दछ। | नियुक्ती गर्ने कार्य बन्द गर्न र रिक्त पद स्थायी पदपूर्तिका लागि लोक सेवा आयोगमा माग गर्न निर्देशन दिने। |
| २० | **कार्यसम्पन्न** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा खरिद सम्झौतामाउल्लेख भए बमोजिम सामानको प्राविधिक स्पेसिफिकेशन र गुणस्तर जाँच गर्नेव्यवस्था छ, भने जाँच गर्दा स्पेसिफिकेशन र गुणस्तर बमोजिम नभए त्यस्तो मालसामान आपूर्तिकर्ता लाई नै फिर्ता गर्नेव्यवस्थाछ। जिल्ला अस्पताल, ताप्लेजुङले मेडिकल अक्सिजन जेनेरेटिङ्ग सिष्टम वीथ फिलिङ्ग स्टेशनकोलागत अनुमान रु.८४ लाख ८३ हजार रहेकोमा एक आपूर्तिकर्ता सँग रु.७१ लाख ५० हजारमा खरिदसम्झौता गरेको छ। उक्त कार्य सम्पन्न पश्चात सम्बन्धित प्राविधिकले प्राविधिक स्पेसिफिकेशन जाँचगरी दिएको प्रतिवेदनमा स्वीकृत स्पेसिफिकेशन बमोजिम नरहेको उल्लेख गरेकोमा समेत पूरै रकमभुक्तानी गरेको छ। स्वीकृत स्पेसिफिकेशन अनुसार सामान प्राप्त नभएको प्रस्ट हुँदा हुँदै भुक्तानीगरेको देखिएकोलेभुक्तानी गरेको रु.७१ लाख ५० हजार असुल गर्नुपर्दछ। | • खरिद कार्यका कागजातहरु पेश गर्न निर्देशन दिने।<br>• महालेखापरीक्षकको प्रतिनिधि सहितको बैठकमा आवश्यक छलफल गरी निर्णय गर्ने। |
| २१ | **साझेदारी खर्च** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसारसार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारको सर्त वमोजिमप्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानीगर्नुपर्नेउल्लेख छ। ताप्लेजुङले | • प्रोक्युरमेन्ट एट पेडियाट्रिक आइ.सी.यु. मेडिकल इक्यपुमेन्ट कार्य खरिद सम्बन्धमा मन्त्रालयले जाँचबुझ गरी यथार्थ विवरण पेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | प्रोक्युरमेन्ट एट पेडियाट्रिक आइ.सी.यु. मेडिकल इक्यपुमेन्ट कार्यएक सर्जिकल कम्पनीसँग रु.९४ लाख ८९ हजारमा खरिद गर्नेगरी सम्झौता गरेकोमा रु.११ लाख७० हजार बढी भुक्तानी गरेको छ। त्यसैगरी, अस्पताल र एक संस्थाबीच ५०-५० प्रतिशत लागतसाझेदारीमा पोष्ट म्याटर्नल वार्डको भवन निर्माण गर्नेगरी सम्झौता भएकोमा अस्पतालले मूल्यांकनबमोजिमको रु.३९ लाख ८२ हजार खर्च लेखेको र उक्त संस्थाबाट रु.१२ लाख ६ हजार मात्र व्यहोरेकोले रु.७ लाख ८५ हजार असलु गर्नुपर्दछ। | • पोष्ट म्याटर्नल वार्डको भवन निर्माणसम्बन्धमा साझेदार संस्थाबाट व्यहोर्नुपर्ने ५० प्रतिशत रकम रु. १९,५९,१०२/-पटक पटक गरी पुरै व्यहोरी सकेको भनी जवाफ प्राप्त भएको हुँदा सो को प्रमाण पेश गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| २२ | **अक्सिजन प्लान्टजडान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिकनिकायले आपूर्ती गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने र स्वीकृत स्पेसिफिकेशन र गुणस्तरबमोजिम नभए त्यस्तो सामान आपूर्तिलाई नै फिर्ता गर्नेव्यवस्था छ। जिल्ला अस्पताल, तेह्रथमुले३५ किलोवाटको कम्प्रेशेर मेशिनसहितको अक्सिजन प्लान्ट खरिद गर्दा प्रदेश स्वास्थ्य आपूर्तीव्यवस्थापन केन्द्रका बायोमेडिकल इन्र्जेनियरले मिति नखुलाई दिएको परीक्षण प्रतिवेदनमा स्पेसिफिकेशनमा अक्सिजन प्युरिफाई सुड वी ९३±३% उल्लेख भएकोमा प्लान्टले शुद्ध अक्सिजनउत्पादन गर्ने परिमाण र स्पेसिफिकेशनको सर्त सम्बन्धमा प्रतिवेदन मौन रहेको छ। सम्झौताअनुसार३५किलोवाटको एअर कम्प्रशेर आपूर्ती हुनुपर्नेमा आपूर्ती गरेको कम्प्रशेर २० हर्सपावर (२०एच.पी.)अर्थात १५(१४.९२) किलोवाट मात्र देखिएको प्रतिवेदनमा उल्लेख छ। उक्त प्रतिवेदनको आधारमा३५ किलोवाटको एअर कम्प्रसेर भएको अक्सिजन प्लान्ट आपूर्ती गर्नुपर्नेमा १५ किलोवाटको आपूर्तीगरेको र आपूर्ति लाई पुनः यकिन गर्न पत्राचार गरेकोमा आपूर्ति ले १५ किलोवाट (२० एच.पी.)एअर कम्प्रसेर नै प्रस्ताव गरेको जानकारी दिएको छ। उक्त अक्सिजन प्लान्ट नियमित संचालनमा नरहेको र लेखापरीक्षणको क्रममा पनि संचालन हुन सकेको देखिएन।अक्सिजन प्लान्ट संचालन हुन सक्ने अवस्थामा नरहेकोले सोको लागि | उल्लेखित वेरुजु मिति २०८०।०६।२० मा महालेखा परीक्षकको डोरमुकाम तेह्रथुमको निर्णय अनुसार सम्परीक्षण भईसकेको जवाफ प्राप्त भएको हुँदा सो को प्रमाण पेश गर्न निर्देशन दिने। साथै समितिमा छलफल नभई सम्परीक्षण भएको हुँदा महालेखापरीक्षकको प्रतिनिधिसँग समेत छलफल गर्ने। |

| | | |
|---|---|---|
| | भुक्तानी भएको रु.१ करोडको सम्बन्धमा छानविन गरीखरिद प्रकृयामा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। | |
| २३ | **स्वास्थ्य बीमा -** अस्पतालमा उपचार लिन आउने स्वास्थ्य बीमा गराएका व्यक्तिलाई सो बीमाअन्तर्गतको सुविधा दिए बापत मेची अञ्चल अस्पतालले २०७४।७५ देखि बीमा बोर्डमा दावीगरेकोमा लेखापरीक्षणको क्रममा दावी रकमको विवरण माग गरिएकोमा प्राप्त भएन। स्वास्थ्य बीमाबोर्डबाट सोधभर्ना प्राप्त भएको आयलाई अस्पतालले विविध आय शिर्षकमा समावेश गरेको छ।२०७८।७९ सम्म रु.१३ करोड ८९ लाख ९० हजार रकम बीमा बोर्डसँग माग दावी गरेकोमा रु.१२ करोड १६ लाख ५३ हजार सोधभर्ना भई रु.१ करोड ७३ लाख ३६ हजार सोधभर्ना पाउन बाँकी रहेको उल्लेख गरेको छ। बीमा बोर्डबाट प्राप्त हुनुपर्ने र प्राप्त भएको सोधभर्नाकोहिसाब दुरुस्त गरी लेखापरीक्षणमा समेत पेश गर्नेव्यवस्था गर्नुपर्दछ। | बीमा बोर्डबाट प्राप्त हुनुपर्ने र प्राप्त भएको सोधभर्नाकोहिसाब दुरुस्त गरी लेखापरीक्षणमा समेत पेश गर्न निर्देशन दिने। |
| २४ | **अस्पताल फार्मेसी -**मेची अस्पताललेयो वर्ष रु.७ करोड ९ लाख ७३ हजार मूल्यको औषधि तथाऔषधिजन्य सामग्री खरिद भएकोमा रु.३ लाख ५६ हजार फिर्ता गरी रु.७ करोड ६ लाख १७हजारको भुक्तानी माग भई आएकोमा रु.१ करोड ९१ लाख ६५ हजार आगामी वर्षकोलागिदायित्व सारेको छ। कुल औषधि खरिदमध्येबोलपत्रबाट रु.६ करोड २० लाख ९८ हजार र सोझैवा वैकल्पिक आपूर्तिबाट रु.८५ लाख १९ हजारको खरिद भएको देखिन्छ। प्रतिस्पर्धात्मकमाध्यमबाट खरिद गर्दा कम मूल्यमा सामान प्राप्त भई सेवाग्राहीलाई थप सहुलियत दिनसकिने रफार्मेसीको नाफा पनि वृद्धि हुन सक्नेमा पटक पटक गरी सोझै खरिद गरेको उचित देखिएन।प्रतिस्पर्धा हुनेगरी खरिद व्यवस्थापन गर्नुपर्दछ। | ऐन नियमको पालना गरी प्रतिस्पर्धात्मकमाध्यमबाट खरिद कार्य गर्न निर्देशन दिने। |
| २५ | **सम्झौताको सर्त र भुक्तानी-** मेची अञ्चल अस्पताल विकास समिति र एक हेल्थ केयर प्रा.लि.बीचसम्पन्न हेमोडायलायसिस संचालनर शुल्क भुक्तानी सम्बन्धी सम्झौतामा उक्त प्रा.लि.ले अस्पतालकोमेशिन, उपकरण, स्थान समेत उपयोग गरेबापत प्रति डायलायसिस | सम्झौताको शर्त अनुसारको सबै सेवा प्राप्त गरेपछि वास्तविक बिरामी संख्या र उपचार साइकिल यकिन गरेर मात्र रकम भुक्तानीकोव्यवस्था गर्न निर्देशन दिने। |

सभापति

| | | |
|---|---|---|
| | सेसन रु.२००/- तथा सेवासंचालनगर्न प्रयोग हुने विजुली तथा पानीको शुल्क बुझाउनु पर्ने उल्लेख छ। उक्त प्रा.लि.लेसेवासंचालनगरी उपलब्ध गराएको बिरामी संख्या र सोबापतको रकम अस्पतालले विपन्न नागरिकऔषधि उपचार कोषमा पेश गरेर भुक्तानी लिने र रकम कट्टा गरी संस्थालाई भुक्तानी दिने व्यवस्थाछ। यो वर्ष अस्पतालले उक्त हेल्थ केयरलाई गत आर्थिक वर्षको रु.३३ लाख ८७ हजारसमेत रु. ९१ लाख ७२ हजार भुक्तानी गरेको छ। सम्झौताको सर्त अनुसारको सबै सेवा प्राप्त नगरीभुक्तानी दिएकोले वास्तविक बिरामी संख्या र उपचार साइकिल यकिन गरेर मात्र रकम भुक्तानीकोव्यवस्था हुनुपर्दछ। | |
| २६ | **राशन** - मेची अस्पतालले २६ हजार बिरामीलाई राशन व्यवस्था गर्न रु.३३ लाख ५८ हजारकोलागत अनुमान तयार गरी एक आपूर्तिकर्तासँग रु.३३ लाख १७ हजारको सम्झौता गरेको छ। राशनको लागि रु.४४ लाख ५९ हजार बजेट थप प्राप्त भएकोले सोही आपूर्तिकर्तालाई सम्झौताकोदरअनुसार रु.७७ लाख ७६ हजार भुक्तानी गरेको छ। अस्पतालले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष भर्ना भएका ७ हजार २४ जना बिरामीलाई २२ हजार ५७७ फुल डाइटकोप्रतिव्यक्ति रु.१२७.५९ का दरले रु.२८ लाख ८१ हजार भुक्तानी गर्नुपर्नेमा ६० हजार ९४५डाइटको रु.७७ लाख ७६ हजार भुक्तानी गरेकोले रु.४८ लाख ९५ हजार बढी भुक्तानी भएकोछ। बिरामीको डाइट सिटमा फुल डाइट तथा हाफ डाइटको संख्या खुलाउनुपर्नेमा सो नखुलाई सबैलाई फुल डाइटको हिसाबलेभुक्तानी गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई छानबिन गरी बढी भुक्तानी भएको रकम असलु गर्नुपर्दछ। | सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई छानबिन गरी के कति रकम बढी भुक्तानी भएको हो सो को यथार्थ विवरण तथा कागजातहरु पेश गर्न निर्देशन दिने। |
| २७ | **समितिको निर्णय**- मेची अस्पताल विकास समितिलेमातहतका कर्मचारीलाई थप सेवा सुविधा उपलब्धगराउने निर्णय गरे अनुसार यो वर्ष समितितर्फ को भत्ता शिर्षकमा मात्र .१ करोड २६ लाख ९०हजार खर्च गरेको छ। समितिले आन्तरिक आयलाई मध्यनजर गरी दिर्घकालिन रुपमा व्ययभार नबढ्ने, अस्पतालको सुदृढीकरण गरी | सुझाव अनुसार गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | सेवाग्राहीलाई उपलव्ध गराउने सेवा सुविधामा बढोत्तरी हुने किसिमको निर्णय गर्नुपर्दछ। कर्मचारीलाई थप भत्ता प्रदान गर्नेपटक पटकको निर्णय अनुसार खर्चलेखेको कारण कोषमा न्यून बचत देखिएकोलेयस्तो थप सुविधा सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ। | |
| २८ | **भुक्तानी बाँकी -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(६) मा दायित्व सिर्जनाभई भुक्तानी दिन बाँकी विवरणमा समावेश रकममध्येभुक्तानी दिन बाँकी रहेमा चालुआर्थिक वर्षकोसम्बन्धित बजेट रकमबाट भुक्तानी बाँकी दिन पुग्ने देखिएका प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई भुक्तानी दिन सकिने व्यवस्था छ। मेची अस्पतालले विकास समितितर्फपारिश्रमिकबापत रु.२६ लाख ४८ हजार, कर्मचारी भत्ता रु.९६ लाख ३१ हजार, फार्मेसी औषधिखरिदको रु.३ करोड ८१ लाख ४१ हजार र बीमा औषधिको रु.१ करोड १० लाख ८६हजारसमेत रु.६ करोड १५ लाख ६७ हजार गत वर्षको दायित्व भुक्तानी गरेको छ। समितिकोनिर्णयको आधारमा मात्र गत वर्षको रकम भुक्तानी गरेको छ। नियमअनुसार भुक्तानी दिन बाकीँकोविवरण प्रमाणित गराई भुक्तानी दिनुपर्दछ। | नियमअनुसार भुक्तानी दिन बाकीँको विवरण प्रमाणित गराएर मात्र गत वर्षको दायित्व भुक्तानी दिन निर्देशन दिने। |
| २९ | **आयूर्वेद अस्पताल फार्मेसी-** अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को दफा १२ तथा १९अनुसार फार्मेसी सेवा संचालनको लागि उपलव्ध सिड मनी तथा सोको कारोबारको लेखापरीक्षणगराउनुपर्नेव्यवस्था छ। जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र, मोरङले २०७५/७६ देखी सो सेवासंचालनगरेको र सोबाट प्राप्त आम्दनी तथा खर्च राष्ट्रिय वाणिज्य बैकमा खाता संचालनगरीकारोबार गरेको देखियो। यो वर्षसम्म फार्मेसीले रु.३४ लाख ४२ हजारको औषधि खरिद बिक्रीकारोबार गरेको र उक्त कारोबारको बचत रु.६ लाख ४८ हजार मौज्दात रहेकोमा सोको अभिलेखकेन्द्रको हिसाबमा समावेश गरी लेखापरीक्षण गराएको छैन। वित्तीय विवरण तयार गरी लेखापरीक्षणगराउनुपर्दछ। | वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | **प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मोरङ** | |
| ३० | **जिम्मेवारी कार्यान्वयन** -प्रदेश स्वास्थ्य मन्त्रालय मातहतको प्रदेश जनस्वास्थ्य प्रयोगशालाको काम, कर्तव्य अन्तर्गत प्रदेशस्तरमा प्रयोगशाला सम्बन्धी आवश्यक निति तथा मापदण्ड निर्धारण गर्ने, विभिन्नसंक्रमण रोग तथा नसर्ने रोगहरुको सम्बन्धमा गुणस्तर मापदण्ड निर्धारण गर्ने, प्रेषण प्रयोगशालासम्बन्धी कार्य गर्ने, अनुसन्धात्मक कार्य गर्नेतथा सोको नतिजा सञ्चार गर्ने, खाद्य सामग्री तथापानीको गुणस्तर सर्भिलेन्स गर्ने, एन्टिमाईक्रोबियल रेजिस्टेन्स सम्बन्धी सर्भिलेन्स गर्ने, प्रयोगशालाकर्मीहरुको लागि टी.ओ.टी. तालिम संचालनगर्ने, प्रयोगशालालाई विश्व स्वास्थ्यसंगठन तथा आइ.एस.ओ. मान्यता दिलाउन आवश्यक सहजीकरण गर्ने लगायतका जिम्मेवारीतोकिएका छन्। कार्यालयले हालसम्म प्रयोगशाला सम्बन्धी आवश्यक नीति तथा मापदण्ड निर्धारणगरी जारी नगरेको, खाद्य सामग्री तथा पानीको गुणस्तर सर्भिलेन्स, एन्टिमाईक्रोबियल रेजिस्टेन्स सर्भिलेन्स लगायतका काम कारबाही नगरेको र प्रयोगशालाबाट अनुसन्धात्मक कार्य तथाप्रयोगशालालाई विश्व स्वास्थ्य संगठन तथा आइ.एस.ओ. मान्यता दिलाउन आवश्यक सहजीकरणगर्नेलगायतका कामहरु सम्पादन गरेको देखिएन। प्रयोगशालाले आफ्नो कार्य विवरणअनुसारकोकार्य सम्पादन गर्नको लागि कार्ययोजना बनाई कार्यन्वयन गर्नुपर्नेदेखिन्छ। | कार्य विवरण अनुसार तोकिएका कार्यहरु कार्ययोजना बनाई कार्यन्वयन गर्न निर्देशन दिने। |
| ३१ | **प्रयोगशालाहरुको दर्ता तथा नवीकरण-** जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ र १३मा प्रदेशभित्र संचालनमा रहने तथा रहेका स्वास्थ्य संस्थाहरुले अनुसूची ९ मा उल्लिखित प्रदेशसरकारले तोकेको निकायबाट इजाजत पत्र तथा नवीकरण गर्नुपर्ने व्यवस्था गरेको छ। प्रदेशमन्त्रीस्तरीय निर्णय अनुसार प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई "सी" वर्गको प्रयोगशालाहरुको इजाजत, नवीकरण, अनुगमन तथा निरीक्षण कार्यको जिम्मेवारी तोकिएकोमा २०७८।७९ सम्म २८ वटा "सी"वर्गको प्रयोगशालाहरु दर्ता भएको विवरण कार्यालयबाट प्राप्त भएको छ। २८ वटाप्रयोगशालाहरु मध्ये १० वटाको दर्ता म्याद सकिएता पनि नवीकरण हुन बाँकी | प्रदेशभित्र संचालित आफ्नो क्षेत्राधिकार भित्रका प्रयोगशालाहरुको अनुगमन गरी दर्ता तथा नविकरण गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रहेको देखियो। प्रदेशभित्र संचालित आफ्नो क्षेत्राधिकार भित्रका प्रयोगशालाहरुको लगत तयार गरी प्रयोगशालाहरुकोअनुगमन गरी दर्ता तथा नविकरण गराउनु पर्दछ। | |
| **प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, मोरङ** | | |
| ३२ | **विवरण अद्यावधिक -** औषधिजन्य मालसामान खरिद तथा आपूर्ती व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ अनुसार औषधिजन्य मालसामानको खरिद गर्दा विश्व स्वास्थ्य संगठनको गुड म्यानुफ्याक्चरिङ प्राक्टिस अनुसरण गरी उत्पादन भएको प्रमाणित उत्पादक तथा उत्पादन हुनुपर्ने उल्लेख छ। उपलब्धताको सुनिश्चितताका लागि खरिद गर्नेकार्यालयलेप्रत्येक वर्ष डब्लु.एच.ओ. प्रिक्वालिफाइड वाविभिन्न निकाय तथा विदेशी सरकारको सार्वजनिक निकायले निर्धारण गरेको उत्पादन, उत्पादक तथामूल्यसहितको जानकारीमूलक अद्यावधिक कागजात तयारी अवस्थामा राख्नु पर्ने व्यवस्था छ। कार्यालयले उपरोक्तानुसारको योग्यता प्राप्त उत्पादन तथा उत्पादक कम्पनीको जानकारीमूलक सूचीतयार गरी प्रत्येक वर्ष अद्यावधिक गरेको देखिएन। उपलब्धताको सुनिश्चितताको लागि आफ्नै मुलुककोसमेत विश्व स्वास्थ्य संगठनको गुड म्यानुफ्याक्चरिङ प्राक्टिस प्राप्त उत्पादन, उत्पादक तथामूल्यसहितको जानकारीमूलक विवरण अद्यावधिक गराई राख्नुपर्दछ। प्राक्टिस प्राप्त उत्पादन, उत्पादक तथामूल्यसहितको जानकारीमूलक विवरणअद्यावधिक गराई राख्नपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| **बेरुजु स्थितिः** लगति बेरुजुको यथाशिघ्र सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने। | | |

सभापति

**बैठक संख्याः २३**

**मितिः २०८०/१२/२२ गते**

**छलफल तथा निर्णयः**

१. आज मिति २०८०/१२/२२ गते विभिन्न मिडियामा प्रकाशित समाचार अनुसार आर्थिक मामिला तथ योजना राज्यमन्त्री माननीय इन्दिरा थापा अध्यक्ष रहेको केयर वुमेन नेपाल, पाखीवास ८, मुगाको नाममा २०७६ सालदेखि प्रदेश सरकारबाट बजेट विनियोजन भई शहरी विकास मन्त्रालय र पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट पटक पटक बजेट निकासा भएको र सो बजेटबाट निजी जग्गामा घर बनाएको भन्ने समाचारका बिषयमा छलफल भई सो सम्बन्धमा यथार्थ कुरा के हो ? सो को यथार्थ विवरण खुल्ने गरी ५ दिन भित्र यस समितिमा जवाफ पठाउन पर्यटन, वन तथा वातावरण मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।

२. महालेखापरीक्षकको पाँचौं बार्षिक प्रतिवेदन २०७९ ले औंल्याएको पर्यटन, वन तथा वातावरण मन्त्रालयको बेरुजु सम्बन्धमा दफावार छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन** - प्रत्येक मन्त्रालयकले बजेट वक्तव्यमा उल्लेख भएका योजना तथा कार्यक्रम सञ्चालन गरी सोको प्रगति विवरण तयार गर्नुपर्दछ। यो मन्त्रालय अन्तर्गत २०७८।८९ मा निजी वन कार्यक्रमलाई अभियान कै रुपमा सञ्चालन गर्ने नीति अनुरुप निजी क्षेत्रसमेतको सहभागितामा जडीबुटीको संरक्षण र खेतीको विस्तार तथा वनको बहुआयामिक उपयोग गर्न विक्रम सम्वत् २०७८ लाई वृक्षारोपण वर्षको रुपमा मनाइने र १३७ स्थानीय तहसँग सहकार्य गरी प्रत्येक पालिकाबाट २ हजार ७८ को दरले २ लाख ८४ हजार ६८६ बिरुवा रोपण गर्ने, स्थानीय वन समूह समेतको सहभागितामा प्रदेशभित्रबाट दुई करोड घनफिट काठ उत्पादन गरी वन क्षेत्रलाई आय आर्जनको प्रमुख आधारका रुपमा विकास गर्दै लगिने, हिमाली पहाडी क्षेत्रमा हिंउ चितुवा, रेड पाण्डा, भालु र तराई मधेशमा हात्ती, निलगाई, अर्ना तथा अन्य वन्यजन्तुको आक्रमण घटाउन वन्यजन्तु बासस्थान संरक्षण गर्ने, चोरी शिकारी हुन नदिने र संरक्षण केन्द्र र चिडियाखानामा व्यवस्थान | बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका योजना तथा कार्यक्रम प्राथमिकताकासाथ कार्यान्वयन गरी सोको बार्षिक प्रगति विवरण तयार गर्ननिर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | गर्ने, नेपाल सरकारको समन्वयमा प्रदेशका प्राकृतिक उत्पादनले उच्च मूल्य प्राप्त गर्न जीएमपी (Good Manufacturing Practice)स्तरको प्रयोगशाला स्थापना गर्ने जस्ता कार्यक्रम कार्यान्वयनको वार्षिक प्रगति विवरण तयार गरेको पाईएन। | |
| २ | **आवधिक योजना कार्यान्वयनको अवस्था**-कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७औ२०८०।८१) मा वनक्षेत्रको विकास तथा दिगो व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता तथा जलाधारकोसंरक्षण गर्नु, वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गरी समुदायलाईन्यायोचित वितरण सुनिश्चित गर्नु र उच्च मूल्य जडिबुटी र गैह्रकाष्ठ वनपैदावरको उत्पादन र मूल्य अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु लगायतकाउद्देश्य रहेको देखिन्छ। उक्त उद्देश्य प्राप्तिका लागि वन क्षेत्र तथा जैविकविविधताको वैज्ञानिक व्यवस्थापन र उपयोगमा स्थानीय जनताको पहुँच बढाउने, वनक्षेत्र तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन र उपयोगमा स्थानीय जनताकोपहुँच बढाउने, वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आयआर्जन ररोजगारीसँग आवद्ध गर्ने, जैविक विविधताको संरक्षण पर्यापर्यटनको विकास गर्ने, वनक्षेत्रभित्र र बाहिर धरातलीय सम्भाव्यताका आधारमा उच्च मूल्यका जडीबुटीको विकासर विस्तार गरी निर्यात प्रवर्द्धन गर्ने र अन्तर सरकार,सरोकारवाला निकाय रजडीबुटीको विकास र विस्तार गरी निर्यात प्रवर्द्धन गर्ने र अन्तर सरकार, सरोकारवाला निकाय र निजी क्षेत्रसँगको समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालनगर्ने रणनीतिका साथ विभिन्न कार्यनीतिहरु लिएको छ। उद्देश्य प्राप्तिको लागि लिएका रणनीति तथाकार्यनीतिको कार्यान्वयनबाट कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान १.७५पुगेको, वनले ढाकेको क्षेत्रफल वृद्धि ४४.४४ प्रतिशत पुगेको, समुदायबाटव्यवस्थान भएको वन समूह ४ हजार ७६३ तथा वनको क्षेत्रफल ४ लाख ५७ हजार हेक्टरपुगेको, उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको ४० लाख ३९ हजारकिलोग्राम, काठ १ करोड ५८ लाख ११ हजार घनफिट उत्पादन भएको तथा काठ दाउराकोविक्रीबाट रु. ३१ करोड ३८ लाख २२ हजार राजस्व, मूल्य अभिवृद्धि कर रु. ५८ करोड ३३लाख १७ हजार तथा प्रदेश सेवा शुल्क रु. ३ करोड २८ लाख २९ हजार | लक्ष्य निर्धारण गरी प्रगतिको लागि पहल गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | संकलन भएकोदेखिन्छ। हालसम्म विरुवा उत्पाद/खरिद संया ४३ लाख ४७ हजार भएको तथा वृक्षारोपण१६५.०२हेक्टर क्षेत्रफलमा भएको देखिन्छ। लक्ष्य निर्धारण गरी प्रगतिको लागिपहल गर्नुपर्दछ। | |
| ३ | **दिगो विकास लक्ष्य** -नेपालले दिगो विकासका लक्ष्यहरुमा प्रतिवद्धता जनाएअनुसार सबै तहका निकायले उक्त लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले आफू सम्वद्ध दिगो विकास लक्ष्यहरु सम्वद्ध सूचकहरुमध्ये जलवायु अनुकूलन सम्बन्धी सूचकहरुको प्रादेशिक लक्ष्य प्राप्तिमा कुनै प्रगति हासिल गरेको देखिएन। अन्य सूचकहरुमध्ये सन् २०२२ सम्म समुदायमा आधारित वन व्यवस्थापन क्षेत्रलाई २४.११ प्रतिशन पुऱ्याउने लक्ष्य रहेकोमा २३.४३ प्रतिशत पुगेको, सिमसार, ताल, पोखरी संरक्षण संख्या ३३८ पुऱ्याउने लक्ष्य रहेकोमा ३३० वटा पुगेको, विद्यालयमा जलवायु परिवर्तनसम्बनधी पठनपाठन ३५ प्रतिशतविद्यालयसम्ममा पुऱ्याउर्ने लक्ष्य रहेकोमा ३२ प्रतिशत पुगेको तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी प्रशिक्षित स्थानीय व्यक्तिहरु १२८ जना पुऱ्याउने लक्ष्य रहेकोमा हालसम्म १२२ जना पुगेको देखिन्छ। मन्त्रालयले उक्त लक्षहरुलाई ध्यान दिई परिमाणात्मक लक्ष्य हासिल गर्नुपर्दछ। | दिगो विकासका लक्ष्यहरुलाई ध्यान दिई परिमाणात्मक लक्ष्य हासिल गर्न निर्देशन दिने। |
| ४ | **कार्यसम्पादन करार-** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरी सक्नुपर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करारगरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उलेलेख गर्नुपर्ने व्यवस्था छ। ऐनमा प्रदेश सचिवले विभागीय मन्त्रसँग र कार्यालय प्रमुखले मन्त्रालयको सचिवसँग कार्यसम्पादन करारगरेकोमा कामको गुणस्तर र परिमाण सम्बन्धी प्रगति आवद्ध गरेको पाइएन। पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार बमोजिम प्रगतिलाई आवद्ध गर्नुपर्दछ। | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन ऐनको व्यवस्था बमोजिम कार्यसम्पादन करार गर्न गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ५ | **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने साथै लेखा उत्तरदायी अधिकृतले आफै वा आफू मातहतको वरिष्ठ  अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्न्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नु गराउनु पर्ने व्यवस्था गरेको छ। मन्त्रालयले आफू र अन्तर्गतका कार्यालयलाई लागू हुने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ६ | **एकीकृत प्रगति विवरण** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृतरुपमा केन्दीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समीक्षा गर्दा सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर बवश्यक कारबाहीसमेत गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट विववरण लिई केन्दीय प्रगति विवरण तयार गरेकोमा न्यून प्रगति देखिएका कार्यक्रम तथा योजनाहरुको समीक्षा गरी सुधारका लागि आवश्यक पहल हुनुपर्दछ। | न्यून प्रगति देखिएका कार्यक्रम तथा योजनाहरुको समीक्षा गरी सुधारका लागि आवश्यक पहल गर्न निर्देशन दिने। |
| ७ | **अनुगमन मूल्यांकन**- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सन्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवसथा गरेको छ। मन्त्रालयबाट विभिन्न अनुगमनका कार्य गरिएको भएता पनि सोको एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन। आर्थिक अनुशासनलाई सवल बनाउन, जिम्मेवारी बनाउन, पूर्वाधार क्षेत्रको विकास गर्न तथा लक्षित कार्यक्रमहरु प्रभावकारी बनाउन बस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्नुपर्दछ। | मन्त्रालय र अन्तरगत निकायको समग्र कार्यसंचालन व्यवस्था र प्रक्रियाको वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ८ | **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १०१ अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम भएको बेरुजु प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। तालुक निकायले आफू अन्तर्गतका निकायको बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनुपर्ने र सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफू अन्तर्गतका निकायको २०७४।७५ देखि २०६७।७७ सम्मको बाँकी बेरुजर रु. २४ करोड ६७ लाख ३१ हजारको लगत खडा गरेतापनि २०७७।७८ को बरुजु समावेश गरी लगत अद्यावधिक गरेको देखिएन। बेरुजुको लगत अद्यावधिक गरी नियम अनुसार फस्यौंट गर्नुपर्दछ। | बेरुजुको लगत अद्यावधिक गरी नियम अनुसार फस्यौंट गर्न निर्देशन दिने। |
| ९ | **तलबी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) अनुसार तलबी प्रतिवेदन पारित गराएर मात्र तलबमा खर्च गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय तथा मातहत समेतका १४७ कर्मचारीहरुको तलबी प्रतिवेदन प्रदेश लेख नियन्त्रक कार्यालय पारित नगरी रु. ६ करोड ७७ लाख ५१ हजार खर्च गरेको छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी हुनु पर्दछ। | समायोजन ग्रेडको समस्या नभएका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्न निर्देशन दिने। |
| १० | **समायोजनग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानिय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय र प्रथम तथा राजपत्राङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरु प्रदेश तथा स्थानिइ तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छैन। मन्त्रालय र मातहतको समेत ५ कार्यालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका ५१ कर्मचारीलाई ग्रेड थप गरी रु. २९ लाख ५९ हजार भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्छ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन अवस्थामा रहेकाले मुद्दाको टुङ्गो लागेपछि फैसला बमोजिम गर्न निर्देशन दिने। |
| | **डिबिजन वन कार्यालयहरु** | |

| | | |
|---|---|---|
| ११ | **चुनढुङ्गा उत्खनन-** साबिकको वन ऐन, २०४९ को दफा ५७ बमोजिम वन क्षेत्रको स्वामित्वनेपाल सरकारमा रहने तथा दफा ६८ बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त योजनाकालागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ को प्रक्रियापूरा गरी धनकुटा जिल्लास्थित निगाले कालिमाटी सिद्धेश्वरी सामुदायिक वन साबिककोमूर्तिढुङ्गा गाविस स्थित सात्तले सामुदायिक वनमा पर्ने राष्ट्रिय वनक्षेत्र भित्रको ४हेक्टर जमिन २० वर्षकोलागि चुनढुङ्गा उत्खनन्को लागि वन विभाग तथा एकसिमेण्ट उद्योगबीच २०६९।७।२ मा सम्झौता भएको देखियो। सम्झौताको बुँदा नं. १० माव्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको प्रतिवेदन, २०६७ कोनिर्देशनमा भएको व्यवस्था बमोजिम आयोजनाले खानी सञ्चालन ४ हेक्टर क्षेत्रफलबराबरमा सम्बन्धित जिल्लाको राष्ट्रिय वन क्षेत्रसँगै जोडिएको जग्गा जिल्ला वनकार्यालय, धनकुटाको सिफारिसमा नेपाल सरकार, जिल्ला वन कार्यालय, धनकुटाको नाममा ५वर्षभित्र खरिद गरी रजिष्ट्रेशन समेत पास गरी सो जग्गामा वृक्षारोपण र ५ वर्षसम्मसंरक्षण गरी सम्बन्धित जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेमा उक्तउद्योगले हालसम्म सम्झौता बमोजिम ४ हेक्टर जमिन खरिद गरी रजिष्ट्रेशन पासगर्नुपर्नेमा सम्झौता भएको १०वर्ष समाप्त भैसक्दा समेत रजिष्ट्रेशन पास गरेकोदेखिदैन। सम्झौताको शर्त वमोजिम जग्गा खरिद गरी रजिष्ट्रेशन पास गरेकोनदेखिएकोले नियमावली बमोजिम ४ हेक्टरका लागि रु.१ करोड २०लाख तथा सो जग्गामाप्रतिहेक्टर १ हजार ६०० विरुवारोपण गरी ५ वर्षसम्म हुर्काउनका लागि कार्यालयलेतयारगरेको लागतअनुमान वमोजिम लाग्ने रु.७६ लाख ४७ हजारसमेत रु.१करोड ९६लाख४७हजार सिमेण्ट उद्योगबाट असुलगरी वन विकास कोषमा दाखिला गर्नुपर्ने देखिएकोछ। | असुल उपरका लागि ताकेता गर्न निर्देशन दिने। साथै उद्योग संचालकलाई समेत समितिमा बोलाई छलफल गर्ने। |
| १२ | **क्षतिपूर्ति तथा वृक्षारोपण-** कोशी प्रदेश वन ऐन, २०७७ को परिच्छेद १२ मा वन क्षेत्रमा विकासआयोजना सञ्चालन सम्बन्धी व्यवस्था गरेको र वन ऐन, २०७६ को दफा ४२ मा राष्ट्रियप्राथमिकता प्राप्त आयोजना सञ्चालनको लागि वन क्षेत्र उपलब्ध गराउँदा जतिवनक्षेत्र प्रयोग गर्नुपर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोपी वन विकासगर्नुपर्ने र त्यस्तो रुख रोप्न जग्गा उपलब्ध नभएमा वन विकासको लागि बवश्यकपर्ने रकम आयोजनाले ऐनले तोकेको | आयोजनाबाट उक्त रकम प्राप्त गरी वन विकास कार्य गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। सगरमाथाविमानस्थलको भौतिक पूर्वाधार निर्माण गर्न डिभिजन वन कार्यालय उदयपुर अन्तर्गत त्रियुगानगरपालिकाको जोगिदहमा रहेको १५६.११ हेक्टर वनमध्येको १०५.१० हेक्टर वन क्षेत्रको१८ हजार ४२३ थान रुख विरुवा कटानी गर्न तथा ५०.४१ हेक्टर वन क्षेत्र प्रयोग गर्नवन तथा भू-संरक्षण विभागले अनुमति दिएकोमा सो वन क्षेत्र बराबरको जग्गामावृक्षारोपण गर्ने कार्यको लागत अनुमान रु. १० करोड ३६ लाख ६७ हजार र निर्माणकार्यको क्रममा हटाउनु पर्ने रुख वापत दिनुपर्ने क्षतिपूर्ति र वृक्षाररोपणकोलागत अनुमान रु. ७ करोड ७१ लाख ५३ हजारसमेत रु. १८ करोड ८ लाख २० हजार लागतअनुमान गरेकोमा हालसम्म उक्त रकम वन विकास कोषमा जम्मा गरेको देखिएन। वन विकासगर्न लागत अनुमान तयार गर्दा रुख कटानी गर्नु अघि नै तयार गरिने तर वन विकासगर्न ५ वर्षको हुने तर सो अवधिमा समेत स्थान उपलब्ध नहुने लगायत कारणले सोअवधिमा काम सम्पन्न नहुने, सो भन्दा पछिको अवधिमा जग्गा तथा सामग्रीको मूल्यमावृद्धि हुने हुँदा सुरुमा तयार गरिएको लागत अनुमान अनुसारको रकम प्राप्ति हुँदापनि कटानी गरेको क्षेत्र र हावापानीसँग मिल्ने क्षेत्रमा वन विकास गर्न रकमपुग्ने देखिदैन। वन विकास गर्न आवश्यक पर्ने जग्गा व्यवस्था नगरेको तथा आवश्यकजग्गा खरिद गर्न तथा विकास गर्न आवश्यक पर्ने रकम समेत आयोजनाबाट प्राप्त नगरी रुख कटानी स्वीकृति दिएको छ। उक्त रकम प्राप्त गरी कानूनमा व्यवस्था भए वमोजिमवन विकास कार्य सम्पन्न गर्नुपर्दछ। | |
| १३ | **कोशी कोरिडोर प्रशारण लाईन-** प्रशारण लाईन निर्माण गर्न वन क्षेत्रका रुख कटान लगायतका कार्यको लागि कोशी कोरिडोर आयोजनासँग भएको सम्झौता सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : | ………… |



सभापति

| | | |
|---|---|---|
| १३.१ | नेपाल विद्युत प्राधिकरण, कोशी कोरिडोर २२० के.भी.इनरुवा-वसन्तपुर-वानेश्वर-तुम्लिङटारसम्म १०५ किलोमिटर लम्बाई भएको विद्युतप्रसारण लाईन आयोजनाको राइट अफ वे भित्र टावरहरुको निर्माण गरी विद्युत सञ्चालनगर्नका लागि सुनसरी, धनकुटा, तेह्रथु र संखुवासभा जिल्लाहरुको विभिन्न वनक्षेत्रको जम्मा १०७.८०१हेक्टर जग्गा २२ वर्ष अवधिसम्मका लागि भोगाधिकार उपलब्धगराउने र त्यहाँ रहेका ४ लाख १३ हजार गोटा रुख विरुवाहरु हटाउन स्वीकृति दिनेनेपाल सरकार (मन्त्रीपरिषद्) को २०७४।१२।१७ को निर्णय अनुसार वन विभाग रआयोजना बीच २०७५।१।२३ मा सम्झौता भएको। सम्झौता अनुसार आयोजना निर्माणक्षेत्रबाट हटाउनु पर्ने रुख विरुवा १:२५ का दरले विरुवाहरु सम्बन्धित जिल्ला वनकार्यालयले तोकेको क्षेत्रमा आयोजनाले आफ्नै खर्चमा वृक्षारोपणको कार्य २ वर्षभित्र सम्पन्न गरिसक्नु पर्नेमा आयोजनास्थल धनकुटा टावर निर्माण गर्नका लागिअस्थायी भोगाधिकार भएको क्षेत्रमा रहेका विरुवा २८ हजार, लाथ्रा १४ हजार र रुख९०१ समेत ४६ हजार रुख विरुवा नोक्सान भै हटाउनु पर्ने विरुवाको २५ गुणाका दरलेहुने ११ लाख ४३ हजार विरुवा वृक्षारोपण गर्नुपर्ने देखिन्छ। स्थायी भोगाधिकारलिई सट्टा दिएको क्षेत्र बाहेक हालसम्म १६.२६ हेक्टर जमिनमा २६ हजार विरुवा मात्रलगाएको विवरणबाट देखिन्छ। आयोजनाले प्रतिहेक्टर १ हजार ६०० विरुवाका दरले६९७.८८ हेक्टरमा वृक्षारोपण गर्न बाँकी रहेको छ। डिभिजन वन कार्यालय, धनकुटालेतयार गरेको लागत अनुमान अनुसार उक्त क्षेत्रमा वृक्षारोपण गरी ५ वर्षसम्मसंरक्षण गर्न प्रति हेक्टर रु. १९ लाख १२ हजारका दरले रु. १ अर्ब ३३ करोड ४१ लाख३३ हजार लाग्ने देखिन्छ। तोकिएको समयमा वृक्षारोपण गरी हस्तान्तरण गर्नुपर्नेमासो समयावधिको पालना गरेको देखिएन। सम्झौताका सर्तको पालना गर्ने गराउने तर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्दछ। | सम्झौताका सर्त अनुसार वृक्षारोपण गर्न बाँकी जमिनमा वृक्षारोपण गराउन निर्देशन दिने। |
| १३.२ | **जरिवाना** -सम्झौताको बुँदा नं. ९ र १० अनुसार ९६.४६ हेक्टर जग्गाको साबिकको वन नियमावली, २०५१ को अनुसूची २० मा उल्लेखित कबुलियती वनको लागि तोकिएको दस्तुर बराबरको रकम आयोजनाले वार्षिक रुपमा प्रत्येक आर्थिक वर्ष सुरु भएको दुई | सम्झौताका शर्त बमोजिम कडाइका साथ जरिवाना समेत असुल गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | महिनाभित्रै सम्बन्धित जिल्ला वन कार्यालय मार्फत राजस्व खातामा जम्मा गर्नुपर्ने, पौष मसान्तसम्मको लागि १० प्रतिशत, चैत्र मसान्तसम्मको लागि ५० प्रतिशत र आषाढ मसान्तसम्मको लागि शत प्रतिशन जरिवाना गरी दस्तुर असुल गरिने उलेलेख छ। आयोजनाले आर्थिक वर्षको राजश्व प्रतिहेक्टर रु. ३ हजार ५०० र वार्षिक १० प्रतिशत थप समेतको दस्तुर रकम बुझाएको देखिएन। सम्झौताका सर्तबमोजिम तोकिएको समयावधिमा नबुझाएकोले शत प्रतिशन जरिवानासमेत रु ६ लाख ३९ हजार असुल गरी राजश्व दाखिला गर्नुपर्दछ। | |
| १४ | **सोलु कोरिडोर-** साविक वन ऐन, २०४९ को दफा ६८ बमोजिम नेपाल विद्युत प्राधिकरणद्वारा निर्माण प्रस्ताव गरिएको सोलु कोरिडोर (मिर्चैया-कटारी-ओखलढुङ्गा-सोलु दोश्रो खण्ड) को राईट अफ वे सहित केही टावर संरचनाहरु निर्माण गर्न ओखलढुंगा जिल्लामा रहेका १३ वटा सामुदायिक वनहरुसहितको राष्ट्रिय वन क्षेत्रको १२.८६७ हेक्टर जग्गा २५ वर्षसम्म प्रयोग गर्न दिई त्यहाँ रहेका विभिन्न प्रजातीका ३ हजार ५०९ वटा रुख विरुवाहरु हटाउन स्वीकृत दिने नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७५।१२।४ मा निर्णय भएकाले सोही निर्णय साथ रहेको सर्तहरु पालना गर्ने गरी र वन नियमावली, २०५१ तथा राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ समेतको अधिनमा रहने गरी वन क्षेत्र प्रयोग गर्न गराउन वन तथा भू-संरक्षण विभाग र प्रवर्द्धक नेपाल विद्युत प्राधिकरण सोलु कोरिडोर १३२ के.भी. प्रशारण लाईन आयोजना दुबै पक्ष सहमत भएकाले विभाग र आयोजनाबीच सम्झौता भएकोमा सर्तको पालना भएको पाइएन। | सम्झौताका सर्तहरु पालना गर्न दुवै पक्षलाई निर्देशन दिने। |
| १५ | **वन क्षेत्र उपयोग-** पूर्वाधार निर्माण र उपयोगको लागि राष्ट्रिय वनको प्रयोग गर्दासम्झौताको सर्त पूरा गर्नुपर्ने गरी तोकिएको छ। नेपाल सरकार (मन्त्रिपरिषद्) कोनिर्णयको आधारमा वन विभाग तथा सम्बन्धित आयोजनाबीच जग्गा उपयोग अवधि, कटान गरिनेरुख विरुवा तथा सोको क्षतिपूर्ति, वृक्षारोपण, संरक्षण अवधि, वन क्षेत्रकोरेखाङ्कन, जग्गा लिने प्रयोजन, करार अवधि सट्टाभर्ना जग्गा उपलब्ध गराउनेसमेतको सर्तसहित सम्झौता हुने गरेको आधारमा रुख | सम्झौताका सर्त अनुसार वृक्षारोपण गरी स्याहार सम्भार गर्न गराउन निर्देशन दिने। |

| | | |
|---|---|---|
| | विरुवा कटानको कार्य हुँदै आएको छ। साविकमा वन मन्त्रालय मातहत रहेका जिल्ला वन कार्यालयहरु प्रदेश सरकारको गठनपश्चात प्रदेश सरकार मातहत हस्तान्तरण भएको र हाल वन क्षेत्रको उपयोग र सोसम्बन्धी सम्झौताको कार्यान्वन गराउने दायित्वसमेत डिभिजन वन कार्यालयकै हुनेअवस्थामा डिभिजन वन कार्यालय सोलुखुम्बु अन्तर्गत ४ सामुदायिक वनको २२.८८ हेक्टरतथा ६ स्थानीय तहमा रहेका राष्ट्रिय वन क्षेत्रको ३५.९५८७ हेक्टर जग्गा ८ वटाहाइड्रोपावर कम्पनी र सोलुदूधकुण्ड नगरपालिकाले सडक खोल्ने कामको लागि उपयोगगर्ने सम्झौता भई जग्गा उपलब्ध गराएको पाइयो। वन विभाग र सम्बन्धित आयोजना तथा स्थानीय तहबीच भएका सम्झौता अनुसार ११३.८७ हेक्टर क्षेत्रफलमा १ लाख ८२ हजार १६७वटा विरुवाहरु रोपण गरी आयोजनाहरुले ५ वर्षसम्म स्याहार सम्भार गर्नुपर्नेसमेतको सर्त रहेको भएतापनि हाइड्रोपावरकम्पनीहरुसँग भएको सम्झौता अवधि ५ वर्ष पूराभई सकेकोमा सम्झौताको प्रावधान पूरा गरेको छैन। सम्झौताका सर्तहरु पालनागर्ने सम्बन्धमा आयोजनालाई जिम्मेवारी बनाउनु पर्दछ। | |
| १६ | **वन अतिक्रमण-** वन ऐन, २०७६ को दफा ४९ मा वन क्षेत्रको जग्गा फडानी गर्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर बनाएको अवस्थामा कसुर हुने व्यवस्था रहेको तथा वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ मा कार्यविधि बनाई वन कार्यालयले वन अतिक्रमण हद्उनुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय बनाई वन कार्याले वन अतिक्रमण हटाउनुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय धनकुटा र संखुवासभाबाट प्राप्त विवरण अनुसार ४०१.२३ हेक्टर वन क्षेत्र अतिक्रमण भएको देखिएको छ। कार्यालयले अतिक्रमित वन क्षेत्रलाई संरक्षणका लागि वृहत कार्यक्रम सञ्चालन गरी वन अतिक्रमण भएको क्षेत्रमा वृक्षारोपण गर्नुपर्दछ। | अतिक्रमित वन क्षेत्र संरक्षणका लागि योजनावद्ध रुपमा वृहत कार्यक्रम सञ्चालन गरी अतिक्रमित क्षेत्रमा वृक्षारोपण गर्न निर्देशन दिने। |
| १७ | **नापी किताब-** निर्माण कार्यकोविस्तृत अभलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताबमा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ। डिभिजन वन कार्यालय ओखलढुङ्गाले एक निर्माण व्यवसायीलाई लिखु चम्पादेवी सब डिभिजन कार्यालयको भवन निर्माण वापत तेश्रो तथा अन्तिम बिल रु.२४ | निर्माण कार्यको पुष्ट्याई हुने नापी किताब पेश गरी सम्पादित कार्य यकिन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | लाख १६हजार भुक्तानी गरेकोमा सार्वजनिक निर्माण कार्यको परिमाण खुल्ने नापी किताब पेश भएको छैन। निर्माण कार्यको पुष्ट्याई हुने नापी किताब पेश नहुँदा सम्पादित कार्य यकिन नहुने हुँदा नापी किताब पेश हुनुपर्दछ। | |
| १८ | **काठको मौज्दात-** डिभिजन वन कार्यालय सुनसरीमा रहेको काठ बिक्री नभई बाँकी रहेको र जिल्ला वन पैदावार आपूर्ति समिति सुनसरीमा मौज्दात रहेको ४७८ थान सालको काठको परिमाण ५ हजार १०० क्युविक फिट रहेको र सोको मूल्य रु. ४५ लाख ९६ हजार रहेको छ। आपूर्ति समितिमा रहेको काठको राजस्व लगत तयार गर्नपर्दछ। | आपूर्ति समितिमा मौज्दात रहेको काठको राजस्व लगत तयार गर्न निर्देशन दिने। |
| १९ | **हिसाब मिलान-** डिभिजन वन कार्यालय सुनसरीबाट प्राप्त विवरण अनुसार जिल्ला वन पैदावार आपूर्ति समितितर्फ काठ दाउरा बिक्री गर्दा यो वर्ष प्राप्त भएको संकलन खर्च रु. १० लाख ३९ हजार कार्यसञ्चालन कोषमा दाखिला गरेको हुँदा उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गरनुपर्दछ। | उक्त रकम संचित कोषमा दाखिला भएको जवाफ प्राप्त भएको हुँदा सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| २० | **रकम दाखिला -** कार्यालयले काठ दाउरा लिलाम गर्न सूचना निकालेकोमा सकारकर्ताले नियमानुसार कबोल अंक दाखिला गरेर मात्र छोडपूर्जी प्राप्त गर्ने व्यवस्था वन पैदावार बिक्री सम्बन्धी निर्देशिकामा रहेको छ। डिभिजन वन कार्यालय सुनसरीको विवरण अनुसार कबोलकर्ताले सकार रकम, संकलन खर्च र मूल्य अभिवृद्धि कर सम्बन्धित राजश्व शीर्षकमा दाखिला गर्नुपर्नेमा कबोल अंकभन्दा घटी रकम दाखिला गरेकोले कम दाखिला भएको रु. ८ लख ७ हजार असुल गर्नुपर्दछ। | कम दाखिला भएको रकम पैंतालिस दिन भित्र असुल उपर गर्न निर्देशन दिने। |
| २१ | **संकलन खर्च** -डिभिजन वन कार्यालय सुनसरीले काठ दाउरा बिक्री गर्दा वन पैदावार संकलन तथा बिक्री वितरण सम्बन्धी निर्देशिकाअनुसार ठेक्का कबोल गर्ने विभिन्न व्यवसायी तथा व्यक्तिहरुबाट संकलन खर्च बापतको रु. ३८ लाख ६४ हजार आम्दानी गरेकोमा उक्त रकम प्रदेश राजश्व खातामा दाखिला गर्नुपर्नेमा कार्य सञ्चालन कोषमा राखेको हुँदा उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ। | उक्त रकम संचित कोषमा दाखिला भएको जवाफ प्राप्त भएको हुँदा सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| २२ | **कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा निर्माण कार्यको त्रुटी सच्चाउने अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको कार्यसम्पादन जमानतको म्याद हुनुपर्ने, सार्वजनकि खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्ने निर्माण व्यवसायीले सम्झौता अनुसार काम नगरेमा काम सुरु गरी बीचैमा छोडेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता रद्द गरी बैङ्क जमानत जफल गर्नुपर्ने व्यवस्था छ। प्रदेश वन निर्देशनालय सुनसरीले २०७७।७८ मा तत्कालीन पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयको कम्पाउण्डभित्र पालेघर, ग्यारेज र सभाहल निर्माण सम्बन्धी खरिद सम्झौता रद्द गरी कार्यसम्पादन जमानत रु. १३ लाख ९७ हजार जफत गरी धरौटी खातामा राखेको पाइएकोले सदर स्याहा गरी प्रदेश सञ्चित कोषमा आम्दानी बाध्नुपर्दछ। | काम भइरहेको जवाफ प्राप्त भएको हुँदा नियमानुसार कार्यसम्पन्न गर्न निर्देशन दिने। |
| २३ | **व्यक्तिगत जग्गामा घर निर्माण-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(८) मा सरकारी रकम भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय सोलुखुम्बुले जडीबुटी भण्डारण गर्ने घर निर्माण गर्ने प्रयोजनकोलागि सहकारी/समूह मार्फत प्रस्ताव आव्हान गरी उक्त कार्यमा रु. १० लाख व्यहोर्ने गरी प्रस्ताव स्वीकृत गर्दा एक सामुदायिक वन समूहलाई छनोट गरी घर निर्माणमा लागत सहभागिता रहेको छ। भण्डारण घर निर्माणस्थल व्यक्तिको जग्गामा वहालमा लिएको उल्लेख गरेको छ। कार्यक्रम सञ्चालन कार्यविधिमा समूहले व्यक्तिको जग्गा भाडामा लिएर स्थायी संरचना निर्माण गर्ने व्यवस्था नभएकोमा उक्त घर निर्माण गरेको जग्गाको जग्गा धनी प्रमाण पूर्जा कार्यालयको नाममा रहेको पाइएन। स्थायी संरचना निर्माण गर्दा जग्गा धनी पूर्जा लिनु पर्दछ। | जग्गा प्राप्त भएको प्रमाण पेश गर्न निर्देशन दिने। |
| २४ | **मूल्य अभिवृद्धि कर-**वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा नं. ४७ अनुसार बोलपत्र स्वीकृत भएपछि १५ दिनभित्र कबोल रकम र मूल्य अभिवृद्धी करबापतको रकम तथा बुँदा नं. ३० अनुसार संकलन खर्च जम्मा गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय मोरङले काठ दाउरा लिलाम सम्बन् २०७८।५।७ को सूचनाबाट लट नं. १ देखि ६६ सम्म र दोश्रो पटक सूचनाको ६ वटा गरी जम्मा ७१ वटा लटमध्ये | नियमानुसार राजश्व रकम, मूल्य अभिवृद्धी कर तथा संकलन खर्च पैंतालिस दिन भित्र असुल उपर गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | २०७८।७९ को अन्तमा रकम दाखिला हुन बाँकी लटहरुको एक उद्योगको बोलपत्र स्वीकृत गरी सो अनुसार जानकारी दिएकोमा उक्त फर्मले तोकिएको समयभित्र पूर्णरुपमा राजश्व रकम, संकलन खर्च र मूल्य अभिवृद्धि करबापतको रकम जम्मा गरेको देखिएन। नियमानुसार राजश्व रकम, मूल्य अभिवृद्धी कर तथा संकलन खर्च रु. १ करोड ५ लाख ११ हजार असुल गर्नुपर्दछ। | |
| २५ | **काठ दाउराको मौज्दात विवरण** - वन पैदावर संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा नं. १२ अनुसार घाटगद्दी स्थलमा सम्पूर्ण काठ दाउराको घाटगद्दी रजिष्टर खडा गरी घाटगद्दीको पन्ध्र रोजाको लगत राख्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय मोरङबाट प्राप्त विवरण अनुसार सालको काठ ५५ लाख ६८ हजार घनफिट र अन्य काठ ७ लाख ९ हजार घनफिट रहेको छ। कार्यालयको काठ दाउराको आम्दानी तथा बिक्री रजिष्टर अद्यावधिक गरेको पाइएन। रुख कटान भई घाटगद्दीस्थलमा रहेका काठदाउराको राजस्व लगत कायम गरी समयमै लिलाम गर्नु पर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ। | निर्देशिकामा भएको व्यवस्था अनुसार काठ दाउराको आम्दानी तथा बिक्री रजिष्टर अद्यावधिक गर्न र घाटगद्दी स्थलमा रहेका काठदाउराको राजस्व लगत कायम गरी समयमै लिलाम गर्न निर्देशन दिने। |
| २६ | **काठ दाउरा बिक्री-** वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा नं. १८ मा व्यवस्था भएअनुसार आफूले संकलन गरी घाटगद्दी गरेको काठदाउरा सम्बन्धित निकायले सदुपयोगको व्यवस्था गर्नुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय मोरङ रवन निगमबीच भएको समझदारीअनुसार विभिन्न मिति र प्लटमा वन निगमलाई कटान मुछान गरी घाटगद्दी गर्न अनुमति दिएकोमा संकलित काठदाउरा तथा संकलन खर्चमा साझेदार गरेकोदेखियो। कार्यालयले आफ्नो हिस्सामा पर्ने काठदाउराको बिक्रीबाट संकलन खर्च निगमलाई नै भुक्तानी दिने गरेको छ। निगमको हिस्सामा परेको काठ दाउराको परिमाण२६ लाख ४५ हजार घनफिट रहेकोमा १० लाख २४ हजार घनफिट बराबरको राजस्व तथा मूल्य अभिवृद्धि करबुझाएको र १लाख ६१हजार घनफिट काठको राजश्व तथा मूल्य अभिवृद्धि करबुझाएको देखिएन।संकलन गरिएको काठदाउरा लामो समयसम्म घाटगद्दीस्थलमा रहँदा सोको गुणस्तर र उपयोगितामा ह्रास आउन सक्ने भएकोले निगमको | संकलनगरिएको काठ दाउरा लामो समयसम्म घाटगद्दी स्थलमा रहँदा सोको गुणस्तर र उपयोगितामा ह्रास आउन सक्ने भएकोले समयमै सदुपयोग गरी राजश्व आम्दानी गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | हिस्सामा परेको काठ दाउराको समयमै सदुपयोग गरी राजश्व आम्दानी गर्नुपर्दाछ। | |
| २७ | **धरौटी-** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६४ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको सर्तनामा बमोजिम धरौटी रकम राजश्व खातामा दाखिला गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले प्रचलित कानून वा करारको सर्तनामामा म्याद तोकिएको भए सो म्यादभित्र र म्याद नतोकिएको भए १५ दिनभित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजश्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय झापाले प्रयोजन नखुलाई ८ व्यवसायीको धरौटी रु. ६८ लाख ४४ हजार विगत वर्षदेखि जिम्मेवारी सार्दै आएको छ। प्रयोजन नखुलेको उक्त धरौटी रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ। | प्रयोजन नखुलेको उक्त धरौटी रकम नियमावली बमोजिम राजश्व खातामा दाखिला गर्न निर्देशन दिने। |
| २८ | **विरुवा वितरण -** राष्ट्रिय वृक्षारोपण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को बुँदा नं. ९(२) आ-आफ्नो क्षेत्रमा भएको वृक्षारोपण तथा संरक्षण कार्यको य्यवस्थित प्रतिवेदन तयार पारी सम्बन्धित विभागमा पठाउने कर्तव्य निकाय परियोजना तथा स्थलगत कार्यालयहरुको हुने व्यवस्था छ। डिभिजन वन कार्यालय, झापाले वितरण गरेको १ लाख ३९ हजार विरुवाको वृक्षारोपण तथा संरक्षण कार्य भएको अनुगमन प्रतिवेदन तयार गरी अभिलेख राखेको देखिएन। व्यक्ति, वन उपभोक्ता समूह तथा विभिन्न संघ संस्थाले वृक्षारोपणको लागि लगेको विरुवाको सालाखाला प्रतिविरुवा रु. १० का दरले हुने रु. १३ लाख ८८ हजार मूल्यको विभिन्न जातका विरुवा सदुपयोग भएको प्रतिवेदन तयारगरी वृक्षारोपण अभिलेख अद्यावधिक गर्नुपर्दछ। | वृक्षारोपण तथा संरक्षण कार्यको अनुगमन प्रतिवेदन तयारगरी वृक्षारोपण अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |
| २९ | **विरुवाको मौज्दात-** डिभिजन वन कार्यालय, ताप्लेजुङले विरुवा उत्पादन गरी रु. १९ लाख २० हजार खर्च लेखेकोमा विरुवा वितरण गरेको र बाँकी मौज्दातको अभिलेख राखेको छैन। जसले गर्दा उत्पादन गर्दा खर्च र विरुवाको उपयोग यकिन गर्न नसकिएकोले विस्तृत रुपमा छानविन गरी आम्दानी र खर्च यकिन गर्नुपर्दछ। | विरुवा उत्पादन, वितरण र मौज्दातको अभिलेख तयार गरी एक महिना भित्र विवरण पठाउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| **जलाधार व्यवस्थापन कार्यान्वयन इकाई, मोरङ** | | |
| ३० | **ओभरहेड भुक्तानी**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको ओभरहेड र मूल्य अभिवृद्धि कर रकम कट्टी गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ। कार्यालयले ब्रिच पार्टसन र अर्थ फिलिङ्ग कार्य उपभोक्ता समितिमार्फत गरी रु. १४ लाख ५६ हजार खर्च लेखेकोमा माटोको बाँध निर्माण कार्यको दर विश्लेषण गर्दा ओभरहेड रकम समावेश गरी दर विश्लेषण गरेको र ओभरहेड रकम समावेश नगरी दर विश्लेषण गर्दा उक्त कार्य प्रति घनमिटर रु. ३६७.७२ का दरले भुक्तानी हुनुपर्नेमा ओभरहेड रकम समावेश गरी प्रति घनमिटर रु.४२२.८८ का दरले भुक्ती भएकोले ३ हजार ८५६ घनमिटर कार्यको प्रति घनमिटर रु.५५.१६ का दरले बढी भुक्तानी भएको रु. २ लाख १२ हजार समितिबाट असुल गर्नुपर्दछ। | असुल भएको प्रमाण पेश गरी लगत कट्टागर्न निर्देशन दिने। |
| ३१ | **ढुङ्गा फिलिङ**- सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य वा मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ३ वटा योजनाहरुको भुक्तानी गर्दा ढुङ्गाको ढुवानी खर्चमा बढी भुक्तानी भएको रु. ३ लाख ९५ हजार असुल गर्नुपर्दछ। | एक महिनाभित्र असुल उपर गर्नु पर्ने नपर्ने यकिन गरी प्रमाण पेश गर्न निर्देशन दिने। |
| **साविकको पर्यटन तथा संस्कृति मन्त्रालय तर्फ** | | |
| १ | **जिम्मेवारी कार्यान्वयन** - प्रदेश सरकार (कार्य विभाजन)नियमावली, २०७८ बमोजिम यो मन्त्रालयलाई तोकिएका कार्यहरुमध्ये संघीय कानून बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन र प्रदेश पर्यटक प्रहरी व्यवस्थापन गर्ने कार्यहरु हालसम्म सम्पादन गरेको देखिएन। तोकिएको कार्यसम्पादन नहुनुमा उक्त कार्यसँग सम्बन्धित कानूनको निर्माणमा ढिलाई रहेको उल्लेख गरेकोले नियमावलीले तोकिएका कार्यहरु कार्ययोजना सहित सम्पादन गर्नुपर्दछ। | कार्य विभाजन नियमावली बमोजिम तोकिएका कार्यहरु कार्ययोजना सहित सम्पादन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २ | **आवधिक योजना कार्यान्वयनको अवस्था -** कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा प्रदेशलाईमुलूकको पर्यावरण अनुकूल प्रमुख पर्यटन गन्तव्यको रुपमा विकास गर्नु, पर्यटककोसंख्या, बसाई र क्रयशक्ति वृद्धि गर्नु, पर्यटनलाई स्थानीय अर्थतन्त्र ररोजगारीसँग आवद्ध गर्नु, प्रदेशभित्रको भाषा, कला, साहित्य तथा संगीत क्षेत्रकोसंवर्द्धन र विकास गरी धार्मिक, भाषिक र साँस्कृतिक एकता र सद्भाव कायम गर्नुलगायतका उद्देश्य रहेको देखिन्छ। यसका लागि पर्यटकीय गन्तव्य र उपजको विकास, विविधीकरण र प्रवर्द्धन र विकास गरी धार्मिक भाषिक र साँस्कृतिक एकता र सद्भावकायम गर्नु लगायतका उद्देश्य रहेको देखिन्छ। यसका लागि पर्यटकीय गन्तव्य रउपजको विकास, विविधीकरण र प्रवर्द्धन गर्ने, पर्यटन सेवा सुविधाको व्यवसायीकरणगरी अन्तर्राष्ट्रि मापदण्ड तथा मान्यता अनुरुप स्तरीकरण गर्ने, पर्यटकीय सेवासुविधाको वृद्धि गरी पर्यटनलाई स्थनीय अर्थतन्त्र र रोजगारीसँग आवद्ध गर्ने, पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान र विकासमाजोड दिने, संस्थागत व्यवस्था, समन्वय र सहकार्य गर्ने र भाषा, लिपि, सँस्कृति, कला तथा धार्मिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने रणनीतिहरु अपनाएको पाइयो। मन्त्रालयबाट प्राप्त विवरण अनुसार पर्यटकीय गुरुयोजना निर्माण (सम्भाव्यताअध्ययन) कार्यमा शून्य प्रतिशत प्रगति भएको, मत्स्यगन्धा फनीपार्क निर्माणमा ३०प्रतिशत तथा सिलौटी लुब्रीकुट्टी क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयनमा५ प्रतिशत प्रगति भएको देखिन्छ। प्रगति कम देखिएका शीर्षकहरुमा आवधिक रुपमाकार्यसम्पन्न गर्न मन्त्रालयले थप पहल गर्नुपर्दछ। | प्रगति कम देखिएका शीर्षकहरुमा आवधिक रुपमा कार्यसम्पन्न गर्न थप पहल गर्न निर्देशन दिने। |
| ३ | **दिगो विकास लक्ष्य -** नेपालले दिगो विकासका लक्ष्यहरुमा प्रतिवद्धता जनाए अनुसार सबै तहका नियकाले दिगो विकास लक्ष्य प्राप्तिकोलागि लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी लक्ष्य हासिल हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले आफूसम्बद्ध दिगो विकास लक्ष्यहरु, सम्बद्ध सूचकहरु र सोको प्रगति तयार गरी कार्यक्रम स्वीकृत गरेको देखिएन। मन्त्रालयले उक्त लक्ष्यहरुलाई ध्यान दिई परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्नुपर्दछ। | दिगो विकासका लक्ष्य प्राप्तीका लागि लक्ष्य सहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी परिमाणात्मक लक्ष्यसहित कार्यक्रममा समावेश गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ४ | **केन्द्रीय एकीकृत प्रगति विवरण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ अनुसार मन्त्रालयले मातहत कार्यालयबाट वार्षिक प्रगतिको विवरण लिई एकीकृतरुपमा केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको भौतिक वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समिक्षा गर्दा सुधारकालागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्तिउपर आवश्यक कारवाहीसमेत गर्नु पर्ने उल्लेख छ।मन्त्रालयले उक्त व्यवस्था अनुसार सबै कार्यालयबाट विवरण लिई केन्द्रीय प्रगति विवरण तयार गरेको छ। न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरुको समीक्षा गरी सुधारका लागि बवश्यक पहल हुनुपर्दछ। | न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरुको समीक्षा गरी सुधारका लागि आबश्यक पहल गर्न निर्देशन दिने। |
| ५ | **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रदेश तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतकाकार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने साथै लेखा उत्तरदायी अधिकृतले आफै वा आफू मातहतको वरिष्ठ अधिकृत मार्फत कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ। मन्त्रालयले आफू र अन्तर्गतका कार्यालयमा समेत लागू हुने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन। अतः ऐनको प्रावधान पालना गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ६ | **कार्यसम्पादन करार -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नु पर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करारगरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण कार्यसम्पादन गर्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्था वमोजिम प्रदेश सचिवले विभागीय मन्त्रीसँगर कार्यलय प्रमुखले मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेकोमा कार्य सम्पादनको गुणस्तर र परिमाण प्रगतिसँग आवद्ध गरेको पाइएन। | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्य सम्पादनलाई गुणस्तर र परिमाण प्रगतिसँग आवद्ध गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्य सम्पादनलाई प्रगतिसँग आवद्ध गर्नुपर्दछ। | |
| ७ | **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा तलबी प्रतिवेदन पारित गरेरमात्र तलबमा खर्च लेख्नुपर्ने व्यवस्था छ। मन्त्रालयले ४ कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु. २८ लाख ६४ हजार खर्च गरेको छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी हुनुपर्दछ। | समायोजन ग्रेडको समस्या नभएका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्न निर्देशन दिने। |
| ८ | **अनुगमन मूल्याङ्कन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सन्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्न पर्ने व्यवस्था छ। मन्त्रालयबाट विभिन्न अनुगमनका कार्य गरेको भएता पनिसोको एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन। वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनामा तदारुकता ल्याउन, सेवा प्रवाहलाई जनमुखी एवं प्रभावकारी बनाउन, पूर्वाधार क्षेत्रको विकास गर्न तथा लक्षित कार्यक्रमहरु सफलीभूत तुल्याई आम नागरिकको जिवनस्तरमा सुधार ल्याउनका निमित्त वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्नुपर्ने देखिन्छ। | मन्त्रालय र अन्तरगत निकायको समग्र कार्य संचालन व्यवस्था र प्रक्रियाको वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्न निर्देशन दिने। |
| ९ | **थप व्ययभार-** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ५ मा आर्थिक वर्ष २०७८।७९ मा थप नयाँ संगठन, संरचना र दरबन्दी सिर्जना नगर्ने उल्लेख गरेको छ। प्रदेश सरकारले २०७८।१०।१६ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ लाई खारेज गरी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ लागू गरेको देखिन्छ। साबिकको उद्योग, पर्यटन, वन तथा वातावरण मनत्त्रालयको कार्य तथा जिम्मेवारीलाई विभाजन गरी पर्यटन तथा सँस्कृति मन्त्रालय गठन गर्दा नयाँ मन्त्रालय व्यवस्थापनको लागि यो वर्ष सवारी साधन खरिद, मेशिनरी तथा उपकरण, कम्प्यूटर, ल्यापटपसमेतका लागि रु. ४४ लाख ५४ हजार खर्च भएको देखिन्छ। मन्त्रालय विभाजन गरी | मन्त्रालय विभाजन गर्दा आबश्यकता र औचित्यताका आधारमा गर्न र व्यवस्थापन गर्दा भइरहेका सामानहरु सदुपयोग गरी थप व्ययभारलाई कम गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | नयाँ मन्त्रालय स्थापना गर्दा व्यवस्थापन खर्च बापत प्रदेशलाई थप आर्थिक दायित्व सिर्जना भएको देखिन्छ। | |
| १० | **बेरुजुको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम १०१ अनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई कायम भएको बेरुजु प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। तालुक निकायले आफू अन्तर्गतका निकायको बेरुजुको लगत अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्ने र सोको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले बेरुजुको एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आफू अन्तर्गतका निकायको एकीकृत बेरुजुको लगत खडा गरी राखेको पाइएन। | बेरुजुको लगत अद्यावधिक गरी नियम अनुसार फस्यौंट गर्न निर्देशन दिने। |
| ११ | **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजना गर्दा तह मिलान तथा ग्रेड कायम हुने सम्बन्धी व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय, राजपत्र अनंकित प्रथम, राजपत्रांङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरुप्रदेश तथा स्थानीयतहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छैन। मन्त्रालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोन भएका ४ कर्मचारीलाई ग्रेड थप गरी रु. १ लाख ३४ हजार भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले मुद्दाको टुङ्गो लागेपछि फैसला बमोजिम गर्न निर्देशन दिने। |
| १२ | **वित्तीय जिम्मेवारी र जाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरुपखर्च गर्न नसकेमा सोको | ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्न र सो को अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री रलेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय रमातहतको समेत संशोधन रकमान्तर श्रोतान्तरबाट अन्तिम बजेट रु. ९२ करोड २२ लाख ४७ हजार कायम भएकोमा रु. ६५ करोड ९४ लाख ५९ हजार (७१.५०%) खर्च भएको देखिन्छ। खर्चमध्ये चालुतर्फ रु. ८ करोड ७६ लाख ४७ हजार विनियोन भएकोमा रु. ५ करोड ७० लाख ५२ हजार (६५.०९%) तथा पुँजीगततर्फ रु. ८३ करोड ४६ लाख विनियोजन भएकोमा रु. ६० करोड २४ लाख ७ हजार (७२.१८%) खर्च गरेको छ। विनियोजन बजेट भन्दा कम खर्च भएकोले वित्तीय जिम्मेवारी पालना भएको देखिएन। मन्त्रालयले जिम्मेवारी र जाफदेहिताको पालना भएको अवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन। ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गर्नु पर्दछ। | |
| १३ | **अनुदानको अनुगमन** - प्रदेश सरकारको २०७८।१२।२१ को निर्णयबाट स्मृति प्रतिष्ठान फाउण्डेशन र अध्ययन केन्द्रलाई अनुदान रकम प्रदान गर्ने सम्बन्धी कार्यविधि २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। कार्यविधिमा अनुदान प्रदान गर्ने रकमको सीमा ३ देखि २०लाख रुपैयाँसम्म अनुदान निकासा र भुक्तानी गर्ने प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार हुने व्यवस्था छ। अनुदान रकम २ किस्तामा भुक्तानी हुने, आषाढ १५ सम्ममा कार्य सम्पन्न गरिसक्नु पर्ने, अनुदानमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन लिने काम मन्त्रालयलाई तोकेको छ। उक्त कार्यविधिको आधरमा यो वर्ष मन्त्रालयबाट ३२ स्मृति प्रतिष्ठान, फाउण्डेशन र अध्ययन केन्द्रलाई रु. ३ करोड अनुदान दिएको छ। निजी तथा गैरसरकारी निकायलाई अनुदान दिँदा अनुदानको प्रयोजन तथा औचित्य खुलाएको पाईएन। कार्यक्रमको प्रस्तावना तथा स्वकीकृति बेगर एकमुष्ठ अनुदान वितरण गरेको र सञ्चालित कार्यक्रमको कार्यविधि अनुसार मन्त्रालयले अनुगमन गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले अनुदानको सदुपयोग सम्बन्धमा ठोस नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। | अनुदानको प्रयोजन तथा औचित्य नखुलाई अनुदान दिने कार्य बन्द गर्न र अनुदान सदुपयोग सम्बन्धमा ठोस नीति तर्जुमा गरी कार्यान्वयन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| १४ | **दर्ता र नवीकरण -** पर्यटन विकास नियमावली, २०७७ मा पर्यटन व्यवसायीहरुले पर्यटन व्यवसाय सञ्चालन इजाजत तथा नवीकरणको कार्य मन्त्रालयले उपयुक्त देखेमा इजाजतपत्र दिन सक्ने, इजाजतपत्रको म्याद समाप्त भए पश्चात नवीकरण गर्न सकिने र म्यादभित्र इजाजतपत्रको नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र मन्त्रालयले सूचना प्रकाशन गरी खारेज गर्न सकिने उल्लेख छ। मन्त्रालय अन्तर्गत दर्ता भएका १५३ पर्यटन व्यवसायीमध्ये ३५ व्यवसायीले नवीकरण गरेको र ११८ व्यवसायीले नवीकरण गरेका छैनन्।मन्त्रालयले व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी म्याद समाप्त भएका व्यवसायहरुमा अनुगमन गरी नियमावलीको व्यवस्था बमोजिम इजाजतपत्र थप नवीकरण गर्ने अथवा इजाजतपत्र खारेज गर्नुपर्ने देखिन्छ। | व्यवसायीहरुको अभिलेख अद्यावधिक गर्न र म्याद समाप्त भएका व्यवसायहरुमा अनुगमन गरी नियमावलीको व्यवस्था बमोजिम इजाजतपत्र नविकरण वा खारेज गर्न निर्देशन दिने। |
| | **पर्यटन विकास आयोजना** | |
| १५ | **गुरु योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने व्यवस्था छ। आयोजनालाई रु. ८२ करोड ६५ लाख ५० हजारको सुरु बजेट विनियोजन भएकोमा रु. ५९ करोड ४६ लाख ६३ हजार खर्च गरेको छ। कोशी प्रदेशका सबै जिल्लामा योजना सञ्चालन गरी खर्च गर्ने गरेको आयोजनाले गुरु योजना स्वीकृत नगरी सालबसालीरुपमा बजेट विनियोजन गर्दै खर्च गर्ने गरेको छ। गुरु योजनाको आधारमा वार्षिक खरिद योजना तयार गरेर मात्र खरिद सम्बन्धी कार्यहरु गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| १६ | **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ र नियमावलीको नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डिपिआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। आयोजनाले ४ वटा विस्तृत आयोजना प्रतिवेदनको काम परामर्शदाताबाट गराई रु. १९ लाख ३४ | विस्तृत आयोजना प्रतिवेदन सम्बन्धी नर्म्स बनाई सकेसम्म आफ्नै प्राविधिक जनशक्तिबाट गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | हजार भुक्तानी गरेको छ। कार्यालयको जनशक्तिको जनशक्तिले गर्न नसक्ने काम र कार्यान्वयन हुने आयोजनाको विस्तृत परियोजना तयार गर्ने काममा परामर्श सेवा लिनुपर्दछ। | |
| १७ | **रकमान्तर तथा अबण्डा बजेट -** आयोजनाले वार्षिक स्वीकृत बजेट र स्वीकृत कार्यक्रमअनुसार बजेटको कार्यान्वयन गर्नुपर्ने तथा आयोजना कार्यक्रम छनोट गर्दा श्रोत साधनको व्यवस्थापनसहित तोकिएको साधन श्रोतबाट मितव्ययी र प्रभावकारी तरिकाले सञ्चालन गर्नुपर्दछ। आयोजनाले चालुतर्फबाट रु. २ करोड ४१ लाख, अन्य क्रियाकलापबाट रु. ४ करोड ८४ लाख र थप निकासा रु. १ करोडसमेत अनुमानित बजेट रु. ८ करोड ९५ लाख कायम गरी २०७८।१२।२३ को मन्त्रीस्तरीय निर्णयबाट १४६ साना टुक्रे योजनामा रकम बाँडफाँड गरी यो वर्ष रु. ५ करोड १५ लाख खर्च गरेको छ। आर्थिक वर्षको अन्तिम चौमासिकमा विभिन्न ३९ आयोजनालाई संशोधन र खारेज गरी रु. ४ करोड ८४ लाख अवण्डा शीर्षकमा रकम जम्मा गरी पुनः लाभ लागत विश्लेषण नगरी नयाँ आयोजना छनोट गरी कार्यान्वयन गर्दा एकातर्फ सबै आयोजनाले पूर्णता भएको देखिएन भने सञ्चालित आयोजनाको कार्यान्वयन अवधि निकै न्यून रहेको अवस्थामा गुणस्तरीय तथा तोकिएकै प्रयोजनमा खर्च भएको भनी आश्वस्त हुने अवस्था रहेन। बजेट अवण्डा राख्ने तया पर्याप्त कारण रआधार तथा सरोकार पक्षको पूर्ण सहमतिबेगर रकमान्तर गर्ने प्रवृत्तिमा नियन्त्रण हुनु पर्दछ। | बजेट अवण्डा राख्ने तया पर्याप्त कारण र आधार तथा सरोकार पक्षको पूर्ण सहमति बेगर रकमान्तर गर्ने प्रवृत्तिमा नियन्त्रण गर्न निर्देशन दिने। |
| १८ | **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ बमोजिमका विषयमा ध्यान दिनुपर्ने, नियम १०(६) बमोजिम लागत अनुमान माथिल्लो तहको प्राविधिकाट जाँच्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।आयोजनाले उपभोक्ता समिति मार्फत संचालित विभिन्न १७ योजनाको लागत अनुमानको दर विश्लेषण गर्दा फरक दर कायम गरीलागत अनुमान तयार गराई सोही अनुसार सम्झौता गरी रु. १९ लाख ८५ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम सम्बन्धितलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ। | बढी भुक्तानी भएको रकम सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्न निर्देशन दिने। |

**बेरुजु स्थितिः** लगति बेरुजुको यथाशिघ्र सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने।

**बैठक संख्याः २४**

**मितिः २०८०/१२/२३ गते**

**महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदनउपर छलफल**

## उद्योग, कृषि तथा सहकारी मन्त्रालय

**पाचौं बार्षिक प्रतिवेदन, २०७९ उपर भएका छलफलका निर्णयहरुः**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णयहरु |
|---|---|---|
| १ | **आवधिक योजना कार्यान्वयनको अवस्था**—प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा प्रत्यक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने र आयोगले समग्र प्रदेशको मध्यमकालीन खर्च संरचना निर्माण गरी सोही अनुसार मन्त्रालयको बार्षिक बजेट तथा कार्यक्रम तय गरी आवधिक योजनाको कार्यान्वयन गर्ने व्यवस्था छ। कोही प्रदेशको प्रथम आवधिक योजना(२०७६/७७-२०८०/८१) अनुसार आवधिक योजनाको अन्त्यसम्म कृषि भूमीको उत्पादकत्व ४.५ मेट्रिक टन प्रतिहेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा ३.३७ मेट्रिक टन प्रतिहेक्टर पुगेको, खाद्यान्न उत्पादन २ हजार ६१५ हजार मेट्रिक टन प्रतिहेक्टर पुऱ्याउने लक्ष्य रहेकोमा हालसम्म २ हजार ४२१ मेट्रिक टन पुगेको, वागवानीजन्य उत्पादन २ हजार ३७५ हजार मेट्रिक टन पुऱ्याउने लक्ष्य रहेकोमा २ हजार २६० हजार मेट्रिक टन पुगेको, पशुपंक्षीजन्य उत्पादन ७१७ हजार मेट्रिक टन पुऱ्याउने लक्ष्य रहेकोमा ६७१ हजार मेट्रिक टन पुगेको र तुलनात्मक लाभ भएका बालीको उत्पादनमा मूल्य अभिवृद्धि | • प्रगति कम देखिएका शीर्षकहरुमा लक्ष्य प्रासिको लागि थपपहल गर्न निर्देशन दिने।<br>• बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका योजना तथा कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरी सोको बार्षिक प्रगति विवरण तयार गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | ४० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ३० प्रतिशत पुगेको देखिन्छ। आवधिक योजनामा लिएको लक्ष्य र प्रगतिबाट समग्र कृषि क्षेत्रको उपलब्धी सन्तोषजनक देखिएता पनि तुलनात्मक लाभ भएका बालीको उत्पादनमा मूल्य अभिवृद्धि, खाद्यान्न उत्पादन, पशुपंक्षीजन्य उत्पादन, जस्ता सूचकमा अन्यको तुलनामा कम प्रगति देखिएको र कृषि सूचकको मूल आधार नै ती सूचक भएकोले खाद्यान्न तथा पशुपंक्षीजन्य उत्पादनमा मन्त्रालयको ध्यानाकर्षण हुनुपर्दछ। प्रगति कम देखिएका शीर्षकहरुमा लक्ष्य प्राप्तीको लागि थप पहल गर्नुपर्दछ। | |
| २ | **बार्षिक कार्यक्रम** -बजेट वक्तव्यमा उल्लेख गरिए बमोजिमका कार्यक्रमहरुमध्ये प्रदेशस्तरीय कृषि प्राविधिक कार्य समूहको नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वयमा गोष्ठी, कृषि विकास सम्बन्धी अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रम, सहकारी संस्थाबाट कर्जा लिई कृषिमा लगानी गर्नेलाई सहकारी मार्फत ब्याज अनुदान लगायतका कार्यक्रमहरुमा शून्य प्रगति देखिन्छ। प्रदेश प्रमुख नव प्रवर्तन कृषि कार्यक्रम, प्राङ्गारिक प्रमाणिकरणका लागि अनुदान कार्यक्रम, सक्रिय कृषि/पशु सहकारी संस्था वा समिति र अन्य संस्थाहरुसँग सहकार्यमा व्यवसायिक गाई भैंसी पालन कार्यक्रम, कृषि वस्तु उत्पादन तथा प्रशोधनपूर्वाधार निर्माण सहयोग(स्टार्ट अप), सहकार्य कस्टम हायरिङ्ग सेन्टर स्थापना दगायतका कार्यक्रमहरुमा भोतिक प्रगति न्यून देखिन्छ। कार्ययोजना सहित बार्षिक कार्यक्रमहरु तोकिएको समयमा सम्पादन गर्नुपर्दछ। | बार्षिक कार्यक्रमहरु कार्ययोजना सहित तोकिएको समयमा सम्पादन गर्न निर्देशन दिने। |
| ३ | **घोषित नीति तथा कार्यक्रम**-—"मेरो कृषि, मेरो पौरख" नाराका साथ सुरु गरिएको "प्रदेश प्रमुख नव प्रवर्तन कृषि कार्यक्रम"मा कोभिड १९ का कारण विदेशबाट फर्केका ७९५ युवा छनोट गरी ३५० लाई स्थलगत गाई/भैंसी, बाख्रा, बंगुर, कुखुरा, तरकारी, च्याउ र मौरी पालन सम्बन्धी व्यवहारिक तालिम प्रदान गरिए तापनि सुलभ ऋणको अभावमा तालिम प्राप्त जनशक्तिको उपयोग हुन नसकेको, चैते धान, हाइब्रिड मकै, लसुन, प्याज उत्पादक किसानलाई उत्पानमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने गरी लसुन तथा प्याज उत्पादन कार्यक्रम कार्यान्वयन नभएको, कृषि कर्जामा ब्याज अनुदान तथा कृषि | घोषित नीति तथा कार्यक्रमको समयमै पृष्ठपोषण लिई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन निर्देशन दिने। |

| | | |
|---|---|---|
| | औजार र उपकरण आयातमा लाग्ने भंसार शुल्कमा अनुदान उपलब्ध गराइने कार्य नभएको, चिया परीक्षण तथा प्रवर्द्धन गर्नको लागि फिक्कलमा चिया प्रशोधन केन्द्र स्थापना गर्ने कार्य निर्माणाधिन रही पूरा हुन सकेको देखिएन। घोषित नीति तथा कार्यक्रमको समयमै पृष्ठपोषण लिई कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनु पर्दछ। | |
| ४ | **दिगो विकास** - नेपालले दिगो विकासका लक्ष्यहरुमा प्रतिवद्धता जनाए अनुसार सबै तहका नियकाले उक्त लक्ष्य हासिल हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार दुईवटा दिगो विकास लक्ष्यहरुसँगसम्बन्धित सूचकहरु मध्ये सन् २०२२ सम्म जमिनको उत्पादकत्वप्रति हेक्टर अमेरिकी डलर ४ हजार ९५० पुर्‍याउने लक्ष्य राखेकोमा सोको प्रगति प्राप्त भएन, कुल खेती योग्य भूमी मध्ये ४३ प्रतिशतमा बर्षभरी सिंचाई सुविधा पुर्‍याउने लक्ष्य रहेकोमा ४२.८ प्रतिशत प्रगति हासिल गरेको अवस्था देखिन्छ। मन्त्रालय सम्वद्ध दिगो विकास लक्ष्यहरुलाई ध्यान दिई परिमाणात्मक लक्ष्य तय गरी कार्यक्रममा समावेश गर्नुपर्ने तथा तोकिएको समयावधिमा लक्ष्य हासिल गर्नुपर्ने देखिन्छ। | मन्त्रालय सम्वद्ध दिगो विकास लक्ष्यहरुलाई ध्यान दिई परिमाणात्मक लक्ष्य तय गरी कार्यक्रममा समावेश गर्न र तोकिएको समयावधिमा लक्ष्य हासिल गर्न निर्देशन दिने। |
| ५ | **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) अनुसार तलबी प्रतिवेदन परित गरेर मात्र तलबमा खर्च गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयलमाकार्यरत कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु. २ करोड ४३ लाख ५० हजार खर्च गरेको छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी हुनु पर्दछ। | समायोजन ग्रेडको समस्या नभएका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्न निर्देशन दिने। |
| ६ | **जिम्मेवारी कार्यान्वयन**- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम योमन्त्रालयलाई तोकिएका कार्यहरु मध्ये कृषि तथा पशु रोग निदान प्रयोशाला व्यवस्थापन र नियमन, कृषि उपज, कृषिजन्य वस्तु पशुपंक्षी, पशुपंक्षीजन्य पदार्थ र पशु उत्पादन समाग्री तथा वीऊ बजन एवं नक्ष्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्वद्धता निर्धारण, स्तरीकरण, प्रमाणिकरण र नियमन, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य संप्रभुता र खाद्य गुणस्तर, कृषि मल, वीऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन, कृषि | कार्य विभाजन नियमावली बमोजिम तोकिएका कार्यहरु कार्ययोजना सहित सम्पादन गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, कृषि र पशुपंक्षी वीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नविकरण, खारेजी र नियमन, सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन, चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, कृषिजन्य र पशुपंषीजन्य औषधी, बिषादी र सुक्ष्म पोषण तत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन लगायतका कार्यहरु हालसम्म सम्पादन गरेको देखिएन। नियमावलीले तोकिएका कार्यहरु कार्ययोजना सहित सम्पादनगर्नुपर्दछ। | |
| ७ | **कार्यसम्पादन करार-** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नु पर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना कुनै कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करारगरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्था बमोजिममन्त्रालय तथा कार्यालयको प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै कामको कार्यालय प्रमुखले सम्बन्धित मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेको देखिएन। पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार गर्नुपर्दछ। | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन ऐनको व्यवस्था बमोजिम कार्यसम्पादन करार गर्न गराउन निर्देशन दिने। |
| ८ | **अनुगमनमूल्यांकन-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सन्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्न पर्ने व्यवस्था छ। मन्त्रालयबाट विभिन्न अनुगमनका कार्य गरेको भए पनि एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन। वित्तीय प्रशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनामा तदारुकता ल्याउन, सेवा प्रवाहलाई जनमुखी एवं प्रभावकारी बनाउन, पूर्वाधार | मन्त्रालय र अन्तरगत निकायको समग्र कार्य संचालन व्यवस्था र प्रक्रियाको वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | क्षेत्रको विकास गर्न तथा लक्षित कार्यक्रमहरु सफलीभूत तुल्याई आम नागरिकको जिवनस्तरमा सुधार ल्याउनका निमित्त वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरु समाधान गर्नुपर्ने देखिन्छ। | |
| ९ | **समायोजनग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानिय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ। उक्त व्यवस्था अनुसार ५ वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनंकित द्वितीय र प्रथम तथा राजपत्राङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरु प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छैन। मन्त्रालयले यो वर्ष ग्रेड नपाउने तहमा समायोजन भएका २१ कर्मचारीलाई ग्रेड थप गरी रु. ११ लाख ८८ हजार भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ। | यस बिषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा परी विचाराधिन अवस्थामा रहेकाले मुद्दाको टुङ्गो लागेपछि फैसला बमोजिम गर्न निर्देशन दिने। |
| १० | **अनुदान फिर्ता** - प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा ३(३) मा रु. एक करोड वा सो भन्दा बढी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको आर्थिक बर्ष समाप्त भए पश्चात अर्को आर्थिक बर्षमा अनुदान रकमको पाँच प्रतिशत, दोस्रो बर्षमा दश प्रतिशत, तेस्रो बर्षमा दश प्रतिशत, र चौथो बर्षमा दश प्रतिशत गरी कुल अनुदाको पैंतिस प्रतिशत रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले रु. २ करोड १८ लाख १६ हजारको लागत अनुमानको कोल्ड स्टोर निर्माण तथा संचालनका लागि रु. १ करोड ६३ लाख ६२ हजार कृषि बजार व्यवस्थापन समिति, विर्ताकोड, झापालाई अनुदान उपलब्ध गराएको छ। त्यस्तै मन्त्रालयले संघ बिशेष अनुदान अन्तर्गत लागत साझेदारीमा धुलो दूध कारखाना निर्माण सहयोग कार्यक्रमका लागि एक मिल्क एण्ड वेभेरेज इण्डष्ट्रिजलाई रु. १ करोड ९७ लाख अनुदान भुक्तानी गरेको छ। कार्यविधि बमोजिम कृषि बजार व्यवस्थापन समितिबाट रु. ५७ लाख २६ हजार तथा मिल्क एण्ड वेभेरेज इण्डष्ट्रिजबाट रु. ७० लाख गरी कुल रु. १ करोड २७ लाख २६ हजार आगामी ५ बर्षभित्र फिर्ता पाउनु पर्दछ। | कार्यविधि बमोजिम फिर्ता हुनुपर्ने अनुदान तोकिएको समय भित्र फिर्ता गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| ११ | **धुलो दूध कारखाना -** सुनसरी स्थित एकविशिष्टिकृत सहकारी संघले पेश गरेको डिपिआर अनुसार रु. ३१ करोड ७ हजारको लागत अनुमान मध्ये मन्त्रालयले रु. २० करोड अनुदान दिने र प्रस्तावकले रु. ११ करोड ७ हजार व्यहोर्ने गरी सम्झौता भएको छ। सम्झौतामा सहकारी संघले सुरुमा आफ्नो लगानीमा कार्य गरी सम्पन्न भएको कामको विल, दाखिला प्रतिवेदन, रनिङ विल, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्य स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा बढीमा तीन किस्तामा अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिने उल्लेख छ। सम्झौता अनुसार २०७९ असार मसान्तसम्ममा सम्पन्न हुनुपर्ने योजना लेखा परीक्षणको क्रममा २०७९/१०/७ मा स्थलगत अनुगमन गर्दा अधिकांश निर्माण कार्य नभएको तथा उपकरण खरिद जडान लगायतका काम सम्पन्न नहुदै मन्त्रालयबाट रु. १९ करोड ३० लाख ४ हजार भुक्तानी भएको छ। मन्त्रालयबाट अनुदान व्यहोरिने शीर्षकहरुमा रु. १८ करोड ४२ लाख ११ हजार खर्च देखिएकोमा रु. १९ करोड ३० लाख ४ हजार अनुदान भुक्तानी भएकोले सम्झौता विपरित बढी भुक्तानी भएको रु. ८७ लाख ९३ हजार असुल गर्नुपर्दछ। | महालेखापरीक्षकको प्रतिनिधि सहितको बैठकमा आबश्यक छलफल गरी निर्णय गर्ने। |
| १२ | **अनुदान वितरण-** कृषि क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सिर्जना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न दिइने अनुदानको वितरण गर्न प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ लागू भएको छ। उक्त ऐनको दफा ३ मा मन्त्रालय र मातहतका निकायले अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक बर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराउनुपर्ने र अनुदान प्राप्ती पश्चात आफ्नो व्यवसायलाई निरन्तरता दिनुपर्ने उल्लेख छ। मन्त्रालयले यो बर्ष १३० बिभिन्न फर्मलाई कुल रु. २७ करोड ५४ लाख ८१ हजार अनुदान उपलब्ध गराएको छ। मातहतका कार्यालयबाट अनुदान वितरण गरी मन्त्रालयले कार्यान्वयन भन्दा अनुगमन तथा मूल्यांकनको भूमिकमा रहनु पर्दछ। ऐनको परिच्छेद ३ मा अनुदानग्राहीले सम्झौतामा उल्लेख भए बमोजिमको अवधिसम्म व्यवसायको निरन्तरता नदिएमा जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ। मन्त्रालयले गत विगतदेखि वितरण गरेको अनुदानबाट सम्झौतामा | हालसम्म अनुदान वितरण गरिएका व्यवसायहरुले सम्झौतामा तोकिए बमोजिम व्यवसायको निरन्तरता गरे नगरेको अनुगमन मूल्यांकन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | तोकिए बमोजिम व्यवसायको निरन्तरता गरे नगरेको र सोको मूल्यांकन गर्ने गरेको पाइएन। | |
| १३ | **बढी भुक्तानी** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ (८)मा कुनै सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले दूध उत्पादन, प्रशोधन र पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत एक कृषि सहकारी संस्थालाई कार्यक्रम सम्पन्न पश्चात सम्झौता अनुसार रु. १४ लाख ७८ हजार अनुदान भुक्तानी गर्नुपर्नेमा रु. २९ लाख ५५ हजार भुक्तानी गरेकोले भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रु. १४ लाख ७८ हजार सम्बन्धित सहकारी संस्थाबाट असुल गर्नुपर्दछ। | चालु आ.व. भित्रै असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने। |
| १४ | **संरचनाको उपयोग तथा संरक्षण -** कटहरी फलफुल तथा तरकारी थोक बजार निर्माण गर्न जनप्रिय माध्यमिक विद्यालय, कटहरी गाँउपालिका, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय हरिहर भवन, विराटनगर महानगरपालिका र एकिकृत कृषि थोक बजार निर्माण उपभोक्ता समितिवीच विद्यालयको स्वामित्वमा रहेको ४ बिघा दुई कठ्ठा र गाँउपालिकाको स्वामित्वमा रहेको १८ कठ्ठा २ धुर समेत ५ बिघा दुई धुर जग्गामा कृषि उपज बजार स्थापना गरी संचालन गर्न ५० बर्षको म्याद राखी २०६८/१२/९ मा पाँच पक्षीय सम्झोता भएको देखिन्छ। उक्त बजार स्थापनाका लागि विश्व बैंकको सहायतामा व्यवसायिक कृषि तथा व्यपार आयोजनाबाट रु. १५ करोड ४८ लाख ४९ हजारको लागतमा २०७५ मा कृषि बजारका संरचनाहरु निर्माण सम्पन्न भएको पाइयो। उक्त बजारमा निर्मित संरचना कृषि तथा पशुपंषी विकास मन्त्रालयबाट २०७५/११/२३ मा कोशी प्रदेश सरकारलाई हस्तान्तरण गरेकोमा प्रदेश सरकारले विकास समितिको गठन गरी काम कर्तव्य र अधिकार प्रदान गरेको छ। कटहरी फलफुल तथा तरकारी थोक बजार सञ्चालन नियमावली, २०७७ अनुसार भाडा निर्धारण उप समितिको सिफारिश पश्चात एक विशिष्ठिकृत सहकारी संघलाई २०७७/१०/८ देखि बार्षिक रु. १९ लाख २० हजार भाडा प्राप्त गर्ने गरी बजार संचालनमा आए पनि बार्षिक भाडा रकम असुल भएको देखिएन। उक्त बजारको स्थलगत | सम्बन्धित स्थानीय तह समतेको समन्वयमा निर्मित संरचनाको संरक्षण र सदुपयोगको लागि प्राथमिकताका साथ पहल गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | निरीक्षण गर्दा निर्मित भौतिक संरचनाको संरक्षण गर्दै उपयोगमा ल्याएको नदेखिएकोले सम्बन्धित स्थानीय तह समतेको समन्वयमा निर्मित संरचनाको प्रभावकारी उपयोग गर्दै भाडा असुलीको लागि मन्त्रालयले प्राथमिकताका साथ पहल गर्नुपर्दछ। | |
| | **पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय** | |
| १५ | **अनुदानको अनुगमन** -कृषिव्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा २५ मा अनुदानग्राहीले एकै प्रकृतिको कामका लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न नहुने र अनुदान सम्झौता गर्दा ५ देखि १० बर्षसम्म व्यवसाय निरन्तरता हुनुपर्ने उल्लेख छ। निर्देशनालयबाट २४ संस्थालाई रु. २ करोड ६३ लाख ५६ हजार अनुदान उपलब्ध गराएकोमा अन्य निकायबाट अनुदान नलिएको सुनिश्चित गरेको छैन। अनुदान रकमबाट व्यवसायको निरन्तरता र अनुदानको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ। | अनुदानग्राहीले अन्य निकायबाट अनुदान लिए नलिएको, व्यवसायको निरन्तरता गरे नगरेको र अनुदानको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन गरी सुनिश्चित गर्न निर्देशन दिने। |
| | **कृषि ज्ञान केन्द्रहरु** | |
| १६ | **कार्यविधि भन्दा फरक खर्च** – प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कार्यान्वयन म्यानुअल२०७७ मा ब्लक संचालनको पहिलो बर्षमा कृषि तर्फका वाली/वस्तुको हकमा वीऊ, विरुवा, क्षेत्रफल बिस्तार कार्यक्रम संचालन गर्न कम्तिमा ६० प्रतिशत रकम परिचालन गर्नुपर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, झापाले एक कृषि फर्मको नेतृत्वमा झापा गाँउपालिकाका कृषकहरु समेटी केरा ब्लक कार्यक्रम संचालन गर्न रु. २४ लाख ९८ हजार अनुदान दिएकोमा उक्त फर्मले पिक अप भ्यान रु. २३ लाख ५८ हजारमा खरिद गरेको छ। ब्लक कार्यक्रम संचालन गर्दा म्यानुअलमा भएको व्यवस्था विपरित पिकअप भ्यान खरिद गर्दा परियोजनाको उद्देश्य पूरा हुने देखिएन। परियोजनाको म्यानुअलमातोकिएका कार्यक्रम मात्र संचालन गर्नुपर्दछ। | सुझाव अनुसार गर्न निर्देशन दिने। |
| १७ | **सार्वजनिक सुनुवाई** - कृषिव्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ को दफा ९ (५) मा अनुदानग्राहीलाई कार्यसम्पन्न प्रतिवेदन र कार्यसम्पन्न भएको सार्वजनिक सुनुवाई | कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गरे पछि मात्र अन्तिम किस्ता भुक्तानी गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | कार्यक्रमको प्रतिवेदन प्राप्त नभई अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्न नहुने उल्लेख छ। कृषि ज्ञान केन्द्र, सुनसरीले बिभिन्न अनुदान कार्यक्रम संचालन गरी रु. ३ करोड ३६ लाख २८ हजार खर्च गरेकोमा सो कार्यक्रम संचालन गर्दा रीतपूर्वकको सार्वजनिक सुनुवाई गरेको विवरण संलग्न गरेको छैन। कार्यविधिको पालना गरी सार्वजनिक सुनुवाई गरे पश्चात मात्र अन्तिम भुक्तानीहुनुपर्दछ। | |
| १८ | **प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (ब्लक) कार्यक्रम संचालनको सम्झौताको बुँदा नं. ७ मा कार्य संचालनमा खरिद गर्नुपर्ने सामाग्रीहरु नेपाल र प्रदेश सरकारको आर्थिक ऐन नियम अनुसारको परिधिमा रही विलभर्पाई पेश गर्नुपर्ने उल्लेख छ। सम्झौताको बुँदा नं.९ मा समितिले खरिद गरेका सामाग्रीहरु कृषि ज्ञान केन्द्रको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा संचालन समन्वय समितिमा जानकारी गराई समितिले कार्यको विवरण हेरी प्रतिवेदन दिएपछि मात्र समितिलाई भुक्तानी गरिने उल्लेख छ।प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र, सुनसरीले एक कृषि सहकारी संस्था लिमिटेडलाई रु.४१ लाख ५५ हजार अनुदान उपलब्ध गराएको छ। उक्त संस्थाले कार्य सम्पन्न भएको भनी पेश गरेको निवेदनमा संलग्न भर्पाई तथा कामको पुष्टि गर्ने विल विजक कामको मूल्यांकन भन्दा रु. ८ लाख ४ हजार घटी रहेको छ। कामको मूल्यांकन भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। | जवाफ पेश गर्न निर्देशन दिने। |
| १९ | **उपभोक्ताबाट खरिद** -- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (ब्लक) कार्यक्रम संचालनको सम्झौताको बुँदा नं. ७ मा कार्य संचालनका लागि खरिद गर्नुपर्ने सामाग्री संघ र प्रदेश सरकारको आर्थिक ऐन नियम अनुसारको परिधिमा रही विलभर्पाई कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ। कृषि ज्ञान केन्द्र, सुनसरीले रु.२ करोड रु. ७६ लाख १३ हजार खर्च गरेकोमा अनुदान दिइने सामाग्रीहरु सार्वजनिक खरिद ऐन,२०६३ को प्रक्रिया पूरा गरेर खरिद गर्नुपर्नेमा उपभोक्ताले सोझै खरिद गरेको मध्ये रु. १५ लाख २३ हजारका सामान अनुदान प्राप्तगर्ने निकायले सम्पत्तिको रुपमा दाखिला गरेको प्रमाण वेगर खरिद विलको आधारमा भुक्तानी गर्नाले अनुदान वितरण गरिएको समाग्रीमा मितव्ययीता, प्रतिस्पर्धा | सुझाव अनुसार गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | र गुणस्तर परीक्षण हुन सकेको देखिदैन। अनुदान दिइएका संस्थाले सार्वजनिक खरिद ऐन, नियम पालना गरी गुणस्तरयुक्त सामान खरिद गरी तोकिएको कार्यमा प्रयोग हुने सुनिश्चित गरी अनुदान दिने व्यवस्था हुनुपर्दछ। | |
| २० | **अनुदानको अनुगमन -** प्रदेशकृषिव्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को नियम १९ मा सम्बन्धित निर्देशनालय र कार्यालयहरुले अनुदान सम्बन्धी कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन मन्त्रालयले तोके बमोजिमको ढाँचामा मन्त्रालयमा पेश गर्नुपर्ने, नियम २० मा संचालित अनुदानका कार्यको अनुदानग्राहीले कार्यक्रम सम्प्न्न पश्चात भुक्तानी लिनु अगावै सामाजिक परिक्षण गराउनु पर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, धनकुटाले १७२ कृषक तथा कृषक समूह र फर्मलाई मागमा आधारित कार्यक्रम, कफिखेती बिस्तार कार्यक्रम, युवा लक्षित विकास कार्यक्रम, महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम, सुन्तलाजात बगैंचा व्यवस्थापन एवंसुदृढीकरण कार्यक्रम, एभोकाडो खेती प्रवर्द्धन लगायतका कार्यक्रममा रु. २ करोड ३४ लाख ८१ हजार अनसदान उपलबेध गराएको छ। वितरित अनुदान।रकमको वास्तविक प्रयोग र दिगोपना, अनुदान प्राप्तीमा हुने दोहोरोपना, अनुदान प्राप्त गर्दा भएको सम्झौताको परिपालना र समग्र अनुदनाबाट प्राप्त भएको उपलब्धीको मूल्यांकन गर्न कार्यक्रमको निरन्तर अनुगमन गर्ने गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ। | वितरित अनुदानको वास्तविक प्रयोग र दिगोपना, अनुदान प्राप्तिमा हुने दोहोरोपना, अनुदान प्राप्त गर्दा भएको सम्झौताको परिपालना र समग्र अनुदानबाट प्राप्त भएको उपलब्धीको मूल्यांकन गर्न कार्यक्रमको निरन्तर अनुगमन गर्न गराउन निर्देशन दिने। |
| २१ | **कृषि यान्त्रीकरण कार्यक्म –**कृषि यान्त्रिकरण कार्यक्रमतर्फ कृषि ज्ञान केन्द्र, संखुवासभाले मिनिटिलर तथ ब्रस कटर खरिद गरी ७५ प्रतिशत अनुदान रु. ४९ लाख ४३ हजार वितरण गरेको छ।अनुदान प्राप्त गर्नको लागि १५ दिनको सूचना आवेदन माग गरेकोमा ३१४ ले आवेदन दिएकोमा ११० लाई यन्त्र उपकरण अनुदान उपलब्ध गराएको छ।कृषिव्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ मा कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम अन्तर्गत उपभोक्ताको योग्यता सक्रियता तथा सवलता, गत बर्ष छनोटमा परी बजेटको सीमाले र अन्य कुनै कारणले गर्दा अनुदान लिन बन्चित भएका, हालसम्म यो सम्मबन्धी कार्यक्रममा समावेश नभएका, सेटमा यन्त्र उपकरण निर्णयलाई | अनुदानग्राही छनोट गर्दा तोकिएका आधारहरु खुलाई छनोट गर्न र अनुदानग्राहीको खातामा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर मार्फत भुक्तानी गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | प्राथमिकता तथा समावेशीतालाई आधार लिएर छनोट गर्नुपर्ने व्यवस्था भएता पनि अनुदानग्राही छनोटको आधार खुलाएको देखिएन। त्यसरी अनुदान भुक्तानी गर्दा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर मार्फत गर्नुपर्नेमा एक कर्मचारीको खातामा चेक मार्फत रकम निकासा गरी रु. २७ लाख २ हजार बुझाएको भर्पाई राखेको छ। अनुदानग्राही छनोट गर्दा तोकिएका आधार खुल्ने प्रमाण कागजात सहित अनुदानग्राहीको खातामा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर मार्फत रकम बुझाउनुपर्ने देखिन्छ। | |
| **साविकको भूमि व्यवस्था (हाल आन्तरिक मामिला तथा कानून मन्त्रालय), सहकारी (हाल उद्योग, कृषि तथा सहकारी मन्त्रालय) तथा गरिबी निवारण (हाल आर्थिक मामिला तथा योजना मन्त्रालय) मन्त्रालय** | | |
| १ | **आवधिक योजना कार्यान्वयन** - कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा भूमिको नक्साङ्कन तथा अभिलेख व्यवस्थित गर्दै प्रभावकारी उपयोग गर्ने, गुठीसँग सम्बन्धित ऐतिहसिक मठ, मन्दिर तथा सम्पदाको संरक्षण सम्द्धर्दन र विकास गर्ने, सहकारी क्षेत्रको विकास एवं प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याई बहुआयामिक गरिबी न्यूनिकरण गर्ने लगायतका नोति रहेका छन। जसका लागि भू-उपयोग नीति अनुरुप कृषि जमिनको संरक्षण र उपयोग गर्ने, कृषिको व्यवसायीकरणमा निजी क्षेत्र, सहकारी तथा अन्तर सरकार समन्वय र सहकार्य गर्ने, भूमिको चाक्लाबन्दी गरी यान्त्रीकरण मार्फत व्यवसायिक कृषि प्रवर्द्धन गर्ने, वर्गीकृत भूमिको अन्य कार्यमा हुने रुपान्तरण गर्ने, गुठी सम्पत्तिको अभिलेखीकरण, संरक्षण एवं व्यवस्थापन गर्ने, गुठी सम्पत्तिको उपयोगिता अभिवृद्ध गरी सामुहिक हितमा उपयोग गर्ने रणनीति सहित कृषि विकासका लागि आबश्यक प्रादेशिक नीति नियमको तर्जुमा गरिने, सहकारी खेती एवं जग्गाको चाक्लाबन्दीलाई प्रोत्साहन गरिने कार्यनीति लिएकोमा यो बर्ष सहकारी संघ संस्थाहरुको क्षमता विकास, पूँजी परिचालन जस्ता लक्ष्यहरु आंशिक पूरा भएको उल्लेख गरेतापनि सूचक सहितको अभिलेख तयार गरेको छैन। सूचकसहित लक्षित कार्यक्रमको प्रगति उपलब्धीको अभिलेख राखी योजनाले लक्षित गरे अनुसारको प्रगति हासिल गर्न थप | सूचक सहित लक्षित कार्यक्रमको प्रगति तथा उपलब्धीको अभिलेख राखी योजनाले लक्षित गरे अनुसारको प्रगति हासिल गर्नका लागि थप पहल गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| | प्रयास गर्नुपर्दछ। | |
| २ | **घोषित नीति तथा कार्यक्रम** –प्रदेश सरकारको २०७८/७९ को नीति तथा कार्यक्रममा उल्लेख भएका कृषियोग्य भूमि बाँझो राख्ने प्रवृति र खण्डिकरणलाई निरुत्साहित गरिने, भूमि बैंक स्थापना गरी व्यवसायिक प्रयोजनकालागि जग्गा उपलब्ध गराउने, भूमिहिन नागरिकका लागि सुरक्षित आवास कार्यक्रम लगू गर्नकालागि सम्बन्धित सरोकारवालासँग सहकार्य गरिने, स्थानीय तहसँगको सहकार्यमा सकर्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमण रोकिने, भूमिको चाक्लाबन्दीलाई प्रोत्साहन गरी व्यवसायिक कृषिलाई प्रोत्साहन गरिने, जडिबुटी, फलफुल तरकारी खेती लगायत खाद्यान्न उत्पादनका लागि भूमिहीन किसानलाई सहकारीमा आधारित करार खेतीका लागि जग्गा उपलब्ध गराइने, प्रदेश भरीका सार्वजनिक एवं निजी गुठीसँग सम्बन्धित सम्पदा/ सम्पत्तिको विवरण संकलन गरी अद्यावधिक पारिने, गुठी संपत्ति अतिक्रमण रोकी प्रभावकरी उपयोग सुनिश्चित गरिने, गुठी संपत्तिलाई सामुहिक हितमा उपयोग ल्याउन मापदण्ड तयार गरी कार्यान्वयन गरिने, गुठी संपत्तिको संरक्षण, व्यवस्थापन र विकासका लागि स्थानीय तहसँग सहकार्य गरिने, विपन्न वर्गलाई सहकारीमा संगठित गरी व्यवसायिकतातर्फ उन्मुख गर्न वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउने, सहकारीमा कार्यरत जनशक्तिलाई क्षमता विकास तालिम र सहकारी शिक्षा विस्तार गरिने लगायतका कार्यक्रम कार्यान्वयन भएको देखिएन। यो बर्षको वीचमा मन्त्रालय गठन भएको हुँदा नीतिगत एवं कार्यक्रमगत बजेट विनियोजन नभएको र सकविक मन्त्रालयको बजेटबाट सचेतनामूलक कार्यक्रम मात्र संचालन भएको मन्त्रालयले जानकारी गराएको छ। बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्य योजना सहित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। | घोषित नीति तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्य योजना सहित कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने। |
| ३ | **तलवी प्रतिवेदन** -निजामती सेवा ऐन,२०४९ को दफा ७ ख(२) अनुसार तलबी प्रतिवेदन परित गरेर मात्र तलबमा खर्च गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले कार्यरत निजामती कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु. १ करोड १६ लाख ६० हजार खर्च गरेको | समायोजन ग्रेडको समस्या नभएका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | छ। तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी हुनु पर्दछ। | |
| ४ | **थप व्ययभार-** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ५ मा थप नयाँ संगठन, संरचना र दरबन्दी सिर्जना नगर्ने व्यवस्था उल्लेख छ। प्रदेश सरकारले २०७८।१०।१६ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ प्रतिस्थापन गरी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ कार्यान्वयनमा ल्याएको छ। साबिकको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्य तथा जिम्मेवारीलाई बिभाजन गरी यो मन्त्रालय गठन गर्दा मन्त्रालयको संचालन र व्यवस्थापनको लागि सवारी साधन, मेशिनरी तथा उपकरण, कम्प्यूटर, ल्यापटपसमेतका लागि रु.३६ लाख ५२ हजार खर्च भएको छ। मन्त्रालय विभाजन गरी नयाँ मन्त्रालय स्थापना गर्दा व्यवस्थापन खर्चमा बढोत्तरी भई प्रदेशलाई थप आर्थिक दायित्व सिर्जना भएको देखिन्छ। थप आर्थिक व्ययभार हुने गरी संगठन संरचना थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | मन्त्रालय विभाजन गर्दा आबश्यकता र औचित्यताका आधारमा गर्न र व्यवस्थापन गर्दा भइरहेका सामानहरु सदुपयोग गरी थप व्ययभारलाई कम गर्न निर्देशन दिने। |
| ५ | **जिम्मेवारी कार्यान्वयन-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम योमन्त्रालयलाई तोकिएका कार्यहरु मध्ये भूमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी प्रादेशिक नीति कानून मापदण्ड तयारी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख, संघीय सरकारबाट भूमि सम्बन्धी प्रादेशिक अभिलेख प्राप्त गर्ने, नाप नक्सा नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना, क्रमवद्ध कित्ता नापी, प्रदेश सरकार स्वामित्वको जग्गा भाडा, गरिबी निवारण सम्बन्धी प्रादेसिक नीति, कानून, मापदण्ड एवं योजनाको तर्जुमा कार्यान्वयन तथा गरिब घर परिवार पहिचानलगायतका कार्यहरु कार्यान्वयन भएको देखिएन। नियमावलीतोकेका कार्यक्षेत्रको कार्ययोजना तयार गरीकार्यसम्पादनगर्नुपर्दछ। | कार्य विभाजन नियमावली बमोजिम तोकिएका कार्यहरु कार्ययोजना सहित सम्पादनगर्न निर्देशन दिने। |
| ६ | **कार्यसम्पादन करार** -प्रदेश सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन,२०७६ को दफा१८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नु पर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन ऐनको व्यवस्था बमोजिम कार्यसम्पादन करार गर्न गराउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | कुनै अधिकारीसँग कार्यसम्पादन करारगरी त्यस्तो कार्यसम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण कार्यसम्पादन गर्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्था बमोजिम मन्त्रालय तथा मातहत कार्यालयबाट सम्पादन हुने कामकोलागि कार्यसम्पादन करार गरेको देखिएन। | |
| ७ | **एकै प्रकृतिका दुई कार्यालय-** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ ले सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेउद्देश्य लिएको छ। सार्वजनिक खर्चमा मितव्ययिता कायम समान प्रकृतिका कार्यक्षेत्र भएका कार्यालयहरु दोहोरो नपर्ने गरी स्थापना तथा संचालन हुन आबश्यक देखिन्छ। मन्त्रालय मातहत १४७ जिल्ला कार्यक्षेत्र रहने गरी सहकारी संघ संस्थाहरुको नियमन, प्रवर्द्धन तथा प्रशिक्षणका लागि इटहरी उपमहानगरपालीका सुनसरीमा प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय रहेकोमा समान प्रकृति तथा नामको प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षण कार्यालय, इनरुवा सुनसरी पनि रहेको देखियो। एकै जिल्लामा समान प्रकृतिको कार्यालय रहँदा प्रशासनिक खर्च बढ्ने तथा कार्यक्षेत्र दोहोरो पर्ने संभावना हुने हुँदा यसतर्फ मन्त्रालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। | हाल एउटै कार्यालय भइसकेको हुँदा केही भन्न नपर्ने। |
| **साविकको उद्योग (हाल उद्योग, कृषि तथा सहकारी मन्त्रालय), श्रम तथा रोजगार (हाल सामाजिक विकास मन्त्रालय) मन्त्रालय** | | |
| १ | **बार्षिक प्रतिवेदन** -प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ मा मन्त्रालय तथा प्रदेशस्तरका सरकारी नियकाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधि भित्र आफुले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पाद गरेको काम, त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरु समावेश गरी मन्त्रालय तथा प्रदेशस्तरका निकायले मुख्यम्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेश गरी सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले वार्षिक प्रतिवेदन तयार गरी प्रकशन गरेको देखिएन। ऐन बमोजिम वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ। | ऐनमा व्यवस्था भए बमोजिम तोकिएको समयमा बार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक रुपमा प्रकाशन गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| २ | **कार्यसम्पादन करार -** प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नु पर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करारगरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण कार्यसम्पादन गर्नुपर्ने समयावधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। ऐनमा प्रदेश सचिवले विभागीय मन्त्रीसँगर कार्यलय प्रमुखले मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेकोमा कामको गुणस्तर र परिमाण सम्बन्धी प्रगति आवद्ध गरेको पाइएन। पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार बमोजिम कार्यप्रगतिलाईआवद्ध गर्नुपर्दछ। | पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्य सम्पादनलाई गुणस्तर र परिमाण प्रगतिसँग आवद्ध गर्न निर्देशन दिने। |
| ३ | **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ मा प्रदेश तहका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतकाकार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने रआन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुने व्यवस्था छ। आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम क्षेत्रको पहिचान, अनुगमन र नियन्त्रण जस्ता बिषय समेटी मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ। | आन्तरिक नियन्त्रण प्रणाली चालु आ.व. भित्रै तयार गरी कार्यान्वय गर्न निर्देशन दिने। |
| ४ | **बिराट ट्रेड एक्स्पो -**प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ मा प्रदेश सरकारको कार्य विभाजन नियमावली वमोजिम सम्बन्धित मन्त्रालयलाई तोकिएको कार्य सरकारको मौजुदा नीति, कार्यक्रम र प्रदेश आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रमको आधारमा बजेट प्रस्ताव तयार गर्ने उल्लेख छ। यो मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रममा उद्योग संगठन मोरङ व्यापार संघ र अन्य उद्योगी तथा व्यापारीहरूको संलग्नतामा सञ्चालन हुने अन्तर्राष्ट्रियस्तरको कृषि तथा औद्योगिक प्रदर्शनी (बिराट ट्रेड एक्स्पो २०२१) सहयोग कार्यक्रममा रु.१० लाख बजेट विनियोजन | बिराट ट्रेड एक्स्पो २०२१ मा रु. दश लाख वजेट विनियोजन भएको थियो जसमा स्टल खरिद कार्यक्रम रहेकोमा घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका उद्योगी तथा उद्यमीहरुको संलग्नता रहेको थियो र उद्यमीहरुलाई निःशुल्क स्टल राख्ने व्यवस्था पनि भएको थियो र मन्त्रालयवाट अनुगमनमा खटिएका कर्मचारीहरुले पनि स्टल राख्ने उद्यमीहरु संग सोधपुछ गरी निःशुल्क दिएको हो भन्ने जानकारी प्राप्त |



सभापति

| | | |
|---|---|---|
| | भएको देखियो। प्रदेश उद्योग बाणिज्य तथा आपूर्ति कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०७८ मा प्रदेश भित्रका लघु, घरेलु तथा साना उधोगहरूबाट उत्पादित बस्तुहरुको पहिचान, प्रचारप्रसार र बजारीकरणमा टेवा पुर्याई आन्तरिक उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले औधोगिक प्रदर्शनी सहभागी तथा स्टल खरिद कार्यक्रम सञ्चालन गरिने उल्लेख भएकोमा उक्त प्रदर्शनीमा मन्त्रालय अन्तर्गतका १४ मध्ये कुनै पनि घरेलु तथा साना उद्योग कार्यालय र सोसँग सम्बद्ध लघु उद्यमीहरु सहभागी भएको देखिएन। विनियोजित बजेट ब्यापार तथा औद्योगिक मेला प्रदर्शनीमा लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित बस्तुहरुको प्रदर्शन गर्नको लागि स्टलको व्यवस्थापनमा खर्च गर्नुपर्नेमा मोरङ व्यापार संघलाई सम्झौता गरी विनियोजित रकम पूरै भुक्तानी दिएको छ। संगठनको नाम तोकी बजेट प्रस्ताव गर्ने र आफ्नो तथा मातहत निकायको कुनै स्टल नराखी व्यापारिक प्रयोजनले आयोजना गरेको प्रदर्शनीको लागि सहयोग स्वरुप निकासा भुक्तानी दिएको नियमसम्मत देखिएन। | भएको र उद्योग श्रम तथा रोजगार मन्त्रालयले आफै रोजगार सम्वन्धी स्टल राखेको र अव उप्रान्त कुनै संघ संस्थाको नाममा मेला महोत्सवको वजेट विनियोजन नगरिने जानकारी समेत गराउछु भनी जवाफ प्राप्त भएको हुँदा उक्त बेरुजु नियमित गरी लगत कट्टा गर्न निर्देशन दिने। साथै अव उप्रान्त ब्यापार तथा औद्योगिक मेला प्रदर्शनीमा मन्त्रालय वा अन्तर्गतका निकायहरुसँग सम्वद्ध लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित बस्तुहरुको प्रदर्शन गर्नको लागि स्टलको व्यवस्थापनमा खर्च गर्न निर्देशन दिने। |
| ५ | **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने व्यहोरा उल्लेख छ। उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जबाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फस्यौट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत विनियोजित बजेट सक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने देखिन्छ। सुरु बजेट रु.३७ करोड ४८ लाख ३३ हजार रहेकोमा रकमान्तरबाट थप भई अन्तिम बजेट रु.४२ करोड ५२ लाख १५ हजार कायम भएकोमा रु.३० करोड ६४ लाख ६८ हजार (७२.०७%) खर्च भएको देखिन्छ। खर्चमध्ये चालु तर्फ रु.२९ करोड ८१ लाख ७० हजार विनियोजन भएकोमा रु.२१ करोड २४ लाख ८४ हजार (७१.२६%) तथा पुंजीगत तर्फ रु.१२ करोड ७० लाख ४५ हजार विनियोजन भएकोमा | ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्न र सो को अवस्था देखिने अभिलेख अद्यावधिक गर्न निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| | रु.९ करोड ३९ लाख ८४ हजार (७३.९८) खर्च गरेको छ। विनियोजित बजेटभन्दा कम खर्च भएकोले वित्तीय जिम्मेवारी पालना भएको देखिएन। मन्त्रालयले जिम्मेवारी र जवाफदेहिताको पालना भएकोअवस्था देखिने अभिलेख अद्यावधिक गरेको छैन। ऐनको व्यवस्थानुसार तोकिएको जिम्मेवारी र जबाफदेहिताको पालना गर्नुपर्दछ। | |
| **बेरुजु स्थितिः** लगति बेरुजुको यथाशिघ्र सम्परीक्षण गराई अद्यावधिक विवरण पेश गर्न निर्देशन दिने। | | |

**बैठक संख्याः २५**

**मितिः २०८१/०३/०८ गते**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठकमा देहाय बमोजिमका बिषयमा छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः

१. कोशी प्रदेश सरकारका मन्त्रालय तथा निकाय र अन्तर्गतका कार्यालयहरुबाट चालु खर्चमा विनियोजन गरिएको रकम पूर्वनिर्धारित कार्यक्रम बाहेक आर्थिक बर्षको अन्तमा अनाबश्यक ढंगले रकमान्तर गरी वा नगरी अनुगमन, सेमिनार, गोष्ठी लगायतका कुनै पनि कार्यक्रम नगर्न नगराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत सबै मन्त्रालयहरुमा तत्काल लेखी पठाउने गरी निर्देशन दिने।

२. सार्वजनिक लेखा समितिबाट प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको सहयोगमा मधेश प्रदेश, वागमती प्रदेश र लुम्विनी प्रदेशका सार्वजनिक लेखा समितिसँग अनुभव आदान प्रदान गर्न यही मिति २०८१/०३/१० गतेदेखि अन्तर प्रदेश भ्रमण गर्ने।

३. सार्वजनिक लेखा समितिबाट मिंति २०८१/०३/२० गतेदेखि बेरुजुको अवस्था सम्बन्धमा जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, झापा र इलाम जिल्लाका केही बहुबर्षीय आयोजनाहरुको अनुगमन गर्ने।

**बैठक संख्याः २६**

**मितिः २०८१/०४/३१ गते**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठकमा महालेखापरीक्षकको चौथो र पाँचौं बार्षिक प्रतिवेदन, २०७९ उपर मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, कृषि तथासहकारी मन्त्रालयको बेरुजु सम्बन्धमा छलफल गर्न बाँकी रहेका दफाहरुमा दफावार छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः

**पाँचौ बार्षिक प्रतिवेदन, २०७९**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त व्यहोरा | समितिको निर्णयहरु |
|---|---|---|
| ११ | **लेखापरीक्षणः-** नेपाल सरकार र दातृ सरकार वीच सम्झौता भई प्रदेशमा संचालनमा आएका कार्यक्रमको ५ करोड १० लाख ५६ हजार सोझै भुक्तानी अन्तर्गत खर्च भएको उल्लेख छ। सम्झौतामा कार्यक्रमको लेखापरीक्षणमहालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यहोरा गत बर्ष औंल्याएकोमा यो बर्ष समेत गराएको छैन। | नेपाल सरकार तथा स्वीजरल्याण्ड सरकार वीच भएको सम्झौताको दफा ९ को उपदफा ९.४ बमोजिम नेपाल सरकारको प्रचलित कानून बमोजिम दर्ता भएको क वर्गको चार्टर्ड एकाउन्टेन्टद्वारा बार्षिक लेखापरीक्षण गराई लेखापरीक्षणको प्रतिलिपी महालेखापरीक्षकको कार्यालयलाई दिइने छ भन्ने उल्लेख भएको तथा स्वीस सरकारको SDC मार्फत प्राप्त हुने रकम गैर बजेटरी भएको र आफ्नै इकाई खडा गरी रकम भुक्तानी दिएकोमा सम्झौता बमोजिम चार्टर्ड एकाउन्टेन्टबाट लेखापरीक्षण गराएको प्रतिवेदन पेश हुन आएको हुँदा उक्त बेरुजु सम्परीक्षण गर्न निर्देशन दिने। |
| | **संगठित संस्था र समिति**<br><br>**प्रदेश लगानी प्राधिकरण** | |
| १९ | **आर्थिक कारोवार -** प्राधिकरणको आर्थिक कारोवार संचालनका लागि यो बर्षसम्म कुनै कानून तर्जुमा नभएकोले आवश्यक कानून तर्जुमा गरी आर्थिक कारोवार सरकारी लेखा | आवश्यक कानून तर्जुमा गरी सरकारी लेखा प्रणाली अनुसार |



सभापति

| | | |
|---|---|---|
| | प्रणाली अनुसार गर्नुपर्दछ। | आर्थिक कारोवार सञ्चालन गर्न निर्देशन दिने। |
| २० | **कार्यक्षेत्र तथा सेवा -** परियोजनाहरुको अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयारीमा यो बर्ष रु. १ करोड ९६ लाख ४४ हजार खर्च गरेको छ। प्रदेशको समग्र आर्थिक विकासको लागि यस्ता परियोजनाहरु कार्यान्वयनमा ल्याई अधिकतम प्रतिफल प्राप्त गर्नुपर्दछ। | अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार भएका परियोजनाहरु कार्यान्वयनमा ल्याई अधिकतम प्रतिफल प्राप्त गर्न निर्देशन दिने। |
| २१ | **प्रतिवेदन स्वीकृति तथा दाखिला -** प्राधिकरणले गत बर्ष परामर्शदाता मार्फत तयार गरिएका १४ जिल्लाका परियोजना समेभाव्यता बध्ययन प्रतिवेदनहरु कार्यक्षेत्रगत सर्त अनुसार भएको भनी कार्यालय प्रमुखद्वारा कार्य स्वीकार प्रतिवेदन प्रमाणित गरेतापनि उक्त प्रतिवेदनहरु लगानी वोर्डबाट स्वीकृत भएका छैनन्। उक्त प्रतिवेदनहरु लगानी वोर्डबाट स्वीकृति तथा प्रमाणीकरण गराई कार्यान्वयन गर्ने एवं प्रतिवेदनहरु सार्वजनिक संपत्ति व्यवस्थापन प्रणालीमा दाखिला गर्नुपर्दछ। | प्रतिवेदनको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| २२ | **बार्षिक प्रतिवेदन -** प्राधिकरणले बार्षिक प्रतिवेदन पेश नगरेकोले ऐनले तोके बमोजिम प्रतिवेदन पेश हुनुपर्दछ। | ऐनमा भएको व्यवस्था अनुसार बार्षिक प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| २३ | **लगानी सम्मेलन -** प्रदेशमा स्वदेशी तथा विदेशी लगानीको प्रवर्द्धन गर्ने उदेश्यले सम्मेलन आयोजना गर्ने निर्णय गरेतापनि सम्मेलन हुन नसक्दा निजी तथा बाह्य लगानीको प्रवाह प्रदेशको विकास निर्माणमा हुन सकेको छैन। | यथा शिघ्र लगानी सम्मेलन गरी निजी तथा बाह्य क्षेत्रको लगानी प्रवर्द्धन गर्न निर्देशन दिने। |
| **प्रदेश प्रशिक्षण प्रतिष्ठान, झापा** | | |
| २४ | **आर्थिक कारोवार -** | केही भन्न नपर्ने। |
| २५ | **घटी जिम्मेवारी -** गतबर्षबाट जिम्मेवारी रु. ३ लाख ६१ हजार सार्नु पर्नेमा रु. १ लाख ७९ हजार मात्र सारेकोले रु. १ लाख ८२ हजार जिम्मेवारी फरक परेकोले उक्त रकम आम्दानी देखाउनु पर्दछ। | जिम्मेवारी सार्न फरक परेको रकम जिम्मेवारी सारी आम्दानी देखाउन निर्देशन दिने। |



सभापति

| | | |
|---|---|---|
| २६ | **आवधिक योजना निर्माण -** स्थानीय तहहरुको आवधिक योजना तर्जुमा प्रतिवेदन तयारीका लागि १५ लाख प्रतिष्ठानले दिने र नपुग पालिका स्वयंले व्यहोर्ने गरी पालिकाहरुसँग सम्झौता गरेको छ। यो बर्ष १४ स्थानीय तहको आवधिक योजना तयार गरे वापत परामर्शदातालाई रु. १ करोड ९४ लाख ३९ हजार, ४१ स्थानीय तहको राजश्व सुधार कार्ययोजना निर्माण कार्यमा रु. १ करोड ९३ लाख ९२ हजार र ३१ स्थानीय तहको क्षमता विकास योजना निर्माण कार्यमा रु. १ करोड ५८ लाख ९१ हजार खर्च गरेको छ। परामर्शदाताले तयार गरेको प्रतिवेदनका अधिकांश बिषयहरु समान रहेकोले सम्बन्धित तहको स्थानीय वस्तुस्थितिको बिश्लेषण गरी तयार भएको छ भनी आश्वस्त हुन सकिएन। स्थानीय तहका आवधिक योजना र खर्च संरचना सम्बन्धित पालिकाहरुलेसर्वसाधरणको जानकारीको लागि आ-आफ्नो वेभसाइटमा राख्न प्रतिष्ठानले पत्राचार गरेतापनि सो अनुसार गरेको देखिएन। योजना तथा खर्च संरचनाको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ। | परामर्शदाताले तयार पारेका प्रतिवेदनहरु सम्बन्धित तहको स्थानीय वस्तुस्थितिको बिश्लेषण गरी तयार भए, नभएको सम्बन्धमा विश्वस्त हुन आवश्यक परिक्षण समेत गर्ने व्यवस्था गर्न निर्देशन दिन। |
| २७ | **लिजा मूल्यांकन -** लिजा मूल्यांकनमा बढी अंक प्राप्त गर्ने पालिकाको सेवा प्रवाहमा परेको प्रभाव र घटी अंक प्राप्त गर्ने पालिकाले सेवा प्रवाहमा सुधार गर्नुपर्ने कार्ययोजना सहितको प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ। | महालेखापरीकको प्रतिवेदनको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| २८ | **भवन मर्मत -** प्रतिष्ठानका भवनहरु २०२८ सालभन्दा अगाडी निर्माण भएको र भवनको मर्मत सुधारमा बर्षेनी ठूलो रकम खर्च हुदै आएको छ। पुराना भवनहरुको मर्मत सुधारमा यो बर्ष रु. १ करोड ८३ लाख ४४ हजार गरेको छ।जीर्ण अवस्थामा रहेका पुराना भवनमा थप लगानी गर्नुको सट्टा नयाँ भवन तथा संरचना निर्माण गर्नुपर्दछ। | प्रतिवेदनको सुझाव अनुसार गर्न निर्देशन दिने। |
| **उद्योग, कृषि तथासहकारी मन्त्रालय** | | |
| ११ | **धुलो दूध कारखाना -** सुनसरी स्थित एकविशिष्टिकृत सहकारी संघले पेश गरेको डिपिआर अनुसार रु. ३१ करोड ७ हजारको लागत अनुमान मध्ये मन्त्रालयले रु. २० करोड | यस समितिमा पेश भएको जवाफ र कागजातहरुबाट सगरमाथा डेरी विशिष्टिकृत सहकारी संघ लि. ले धुलो दूध |



सभापति

| | | |
|---|---|---|
| | अनुदान दिने र प्रस्तावकले रु. ११ करोड ७ हजार व्यहोर्ने गरी सम्झौता भएको छ। सम्झौतामा सहकारी संघले सुरुमा आफ्नो लगानीमा कार्य गरी सम्पन्न भएको कामको विल, दाखिला प्रतिवेदन, रनिङ विल, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्य स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा बढीमा तीन किस्तामा अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गरिने उल्लेख छ। सम्झौता अनुसार २०७९ असार मसान्तसम्ममा सम्पन्न हुनुपर्ने योजना लेखा परीक्षणको क्रममा २०७९/१०/७ मा स्थलगत अनुगमन गर्दा अधिकांश निर्माण कार्य नभएको तथा उपकरण खरिद जडान लगायतका काम सम्पन्न नहुदै मन्त्रालयबाट रु. १९ करोड ३० लाख ४ हजार भुक्तानी भएको छ। मन्त्रालयबाट अनुदान व्यहोरिने शीर्षकहरुमा रु. १८ करोड ४२ लाख ११ हजार खर्च देखिएकोमा रु. १९ करोड ३० लाख ४ हजार अनुदान भुक्तानी भएकोले सम्झौता विपरित बढी भुक्तानी भएको रु. ८७ लाख ९३ हजार असुल गर्नुपर्दछ। | कारखाना निर्माणका लागि पेश गरेको DPR अनुसार भएको सम्झौतामा ५ मेट्रिक टन क्षमताको SMP उत्पादनमा प्रयोग हुने मेशिनहरु (ETP plant, Butter Making Machine तथा अन्य मेशनरी सहित) को लागि रु. १७,१४,२२,०२०/- अनुदान दिने भनी सम्झौता भएकोमा DPR मा समावेश भएको बटर चर्नर मेशिन कारखानाबाट प्रति दिन ५००० के.जी. धुलो दूध उतपादन हुँदा सह-उत्पादनको रुपमा दैनिक उत्पादन हुने ३२०० के.जी. नौनी प्रशोधन गर्न उपयुक्त नभएको कारण उक्त सहकारी संघले प्रचलित कानून बमोजिम बोलपत्र आव्हान गर्दा DPR संशोधन गरी उक्त मेशिनको सट्टा Continuous Butter Making Machine समावेश गरी खरिद गरिएको पाइएको र सो सम्बन्धमा यस समितिबाट स्थलगत अनुगमन गर्दा उक्त मेशिन जडान समेत भई कारखाना संचालनमा आइसकेको पाइएको हुँदा उक्त बेरुजु रकम असुल गर्नु नपर्ने ठहर गरिएकोले सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| १८ | **प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम** - प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम अन्तर्गत कृषि ज्ञान केन्द्र, सुनसरीले एक कृषि सहकारी संस्था लिमिटेडलाई रु.४१ लाख ५५ हजार अनुदान उपलब्ध गराएको छ। उक्त संस्थाले कार्य सम्पन्न भएको भनी पेश गरेको निवेदनमा संलग्न भर्पाई तथा कामको पुष्टि गर्ने विल विजक कामको मूल्यांकन भन्दा रु. ८ लाख ४ हजार घटी रहेको छ। कामको मूल्यांकन भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। | कामको मुल्यांकन बमोजिमका विल भरपाई र प्रमाणका कागजातहरु पेश भएको हुँदा असुल गर्नु नपर्ने देखिएकोले उक्त बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| **चौथो बार्षिक प्रतिवेदन, २०७९**<br>**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | | |



सभापति

| | | |
|---|---|---|
| ११ | **लेखापरीक्षणः-** नेपाल सरकार र दातृ सरकार वीच सम्झौता भई प्रदेशसरकारको संरचनात्मक र संस्थागत क्षमता विवका, नीति निर्माण, व्यवस्थापकीय सुधार, विश्वस्नीय सेवा प्रवाह, समावेशी विकास र सुशासन गरिबी निवारणमा सहयोग गर्न नेपाल सरकारको रु. २० करोड र दातृ सरकारको १ अर्ब प्राप्त हुने तथा २०२४ को जनवरी ३१ सम्म यो कार्यक्रमको अवधि रहेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयको बार्षिक प्रतिवेदन अनुसार मार्च २०२० देखि जुन २०२१ सम्म रु. ३० करोड ५९ लाख ८८ हजार प्राप्त हुने मध्ये यो बर्ष ३ करोड ५० लाख ५० हजार खर्च भएको उल्लेख छ। सम्झौतामा कार्यक्रमको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यहोरा गत बर्ष औंल्याएकोमा यो बर्ष समेत गराएको छैन। | नेपाल सरकार तथा स्वीजरल्याण्ड सरकार बीच भएको सम्झौताको दफा ९ को उपदफा ९.४ बमोजिम नेपाल सरकारको प्रचलित कानून बमोजिम दर्ता भएको क वर्गको चार्टर्ड एकाउन्टेन्टद्वारा बार्षिक लेखापरीक्षण गराई लेखापरीक्षणको प्रतिलिपी महालेखापरीक्षकको कार्यालयलाई दिइने छ भन्ने उल्लेख भएको तथा स्वीस सरकारको SDC मार्फत प्राप्त हुने रकम गैर बजेटरी भएको र आफ्नै इकाई खडा गरी रकम भुक्तानी दिएकोमा सम्झौता बमोजिम चार्टर्ड एकाउन्टेन्टबाट लेखापरीक्षण गराएको प्रतिवेदन पेश हुन आएको हुँदा उक्त बेरुजु सम्परीक्षण गर्न निर्देशन दिने। |

**बैठक संख्याः २७**

**मितिः २०८१/०४/३२ गते**

**छलफल तथा निर्णयः**

१. समितिको आजको बैठकमा महालेखापरीक्षकको पाँचौं बार्षिक प्रतिवेदन २०७९ उपर स्वस्थ्य मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय र खानेपानी, सिंचाई तथाउर्जा मन्त्रालयको बेरुजु सम्बन्धमा छलफल गर्न बाँकी रहेका दफाहरुमा दफावार छलफल भई देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः

## स्वस्थ्य मन्त्रालय

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त व्यहोरा | समितिको निर्णयहरु |
|---|---|---|
| २० | **कार्यसम्पन्न** -जिल्ला अस्पताल, ताप्लेजुङले मेडिकल अक्सिजन जेनेरेटिङ्ग सिष्टम वीथ फिलिङ्ग स्टेशनकोलागत अनुमान रु.८४ लाख ८३ हजार रहेकोमा एक आपूर्तिकर्ता सँग रु.७१ लाख ५० हजारमा खरिदसम्झौता गरेको छ। उक्त कार्य सम्पन्न पश्चात सम्बन्धित प्राविधिकले प्राविधिक स्पेसिफिकेशन जाँचगरी दिएको प्रतिवेदनमा स्वीकृत स्पेसिफिकेशन | छानविन गरी ५ दिन भित्र प्रतिवेदन पेश गर्ने। |

| | | |
|---|---|---|
| | बमोजिम नरहेको उल्लेख गरेकोमा समेत पूरै रकमभुक्तानी गरेको छ। स्वीकृत स्पेसिफिकेशन अनुसार सामान प्राप्त नभएको प्रस्ट हुँदा हुँदै भुक्तानीगरेको देखिएकोलेभुक्तानी गरेको रु.७१ लाख ५० हजार असुल गर्नुपर्दछ। | |
| २२ | **अक्सिजन प्लान्टजडान-** जिल्ला अस्पताल, तेह्रथुमले३५ किलोवाटको कम्प्रेशेर मेशिनसहितको अक्सिजन प्लान्ट खरिद गर्दा प्रदेश स्वास्थ्य आपूर्तीव्यवस्थापन केन्द्रका बायोमेडिकल इन्र्जीनियरले मिति नखुलाई दिएको परीक्षण प्रतिवेदनमा स्पेसिफिकेशनमा अक्सिजन प्युरिफाई सुड वी ९३±३% उल्लेख भएकोमा प्लान्टले शुद्ध अक्सिजनउत्पादन गर्ने परिमाण र स्पेसिफिकेशनको सर्त सम्बन्धमा प्रतिवेदन मौन रहेको छ। सम्झौताअनुसार३५किलोवाटको एअर कम्प्रशेर आपूर्ती हुनुपर्नेमा आपूर्ती गरेको कम्प्रशेर २० हर्सपावर (२०एच.पी.)अर्थात १५(१४.९२) किलोवाट मात्र देखिएको प्रतिवेदनमा उल्लेख छ। उक्त प्रतिवेदनको आधारमा३५ किलोवाटको एअर कम्प्रसेर भएको अक्सिजन प्लान्ट आपूर्ती गर्नुपर्नेमा १५ किलोवाटको आपूर्तीगरेको र आपूर्ति लाई पुनः यकिन गर्न पत्राचार गरेकोमा आपूर्ति ले १५ किलोवाट (२० एच.पी.)एअर कम्प्रसेर नै प्रस्ताव गरेको जानकारी दिएको छ। उक्त अक्सिजन प्लान्ट नियमित संचालनमा नरहेको र लेखापरीक्षणको क्रममा पनि संचालन हुन सकेको देखिएन। अक्सिजन प्लान्ट संचालन हुन सक्ने अवस्थामा नरहेकोले सोको लागि भुक्तानी भएको रु.१ करोडको सम्बन्धमा छानविन गरीखरिद प्रकृयामा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। | • सम्परीक्षण गर्दा पेश भएका प्रमाणका कागजातहरु ५ दिन भित्र यस समितिमा पेश गर्न निर्देशन दिने।<br>• समितिमा छलफल नभई के कस्ता प्रमाणका अधारमा वेरुजु सम्परीक्षण भएको हो सोको महालेखापरीक्षकको कार्यालयसँग जवाफ माग गर्ने। |
| २६ | **राशन** - मेची अस्पतालले २६ हजार बिरामीलाई राशन व्यवस्था गर्न रु.३३ लाख ५८ हजारकोलागत अनुमान तयार गरी एक आपूर्तिकर्तासँग रु.३३ लाख १७ हजारको सम्झौता गरेको छ।राशनको लागि रु.४४ लाख ५९ हजार बजेट थप प्राप्त भएकोले सोहीआपूर्तिकर्तालाई सम्झौताकोदरअनुसार रु.७७ लाख ७६ हजार भुक्तानी गरेको छ। अस्पतालले उपलब्ध गराएको विवरणअनुसार यो वर्ष भर्ना भएका ७ हजार २४ जना बिरामीलाई २२ हजार ५७७ फुल डाइटकोप्रतिव्यक्ति रु.१२७.५९ का दरले रु.२८ लाख ८१ हजार भुक्तानी गर्नुपर्नेमा ६० हजार ९४५डाइटको रु.७७ लाख ७६ हजार | छानविन गरी ५ दिन भित्र प्रतिवेदन पेश गर्ने। |



सभापति

| | | |
|---|---|---|
| | भुक्तानी गरेकोले रु.४८ लाख ९५ हजार बढी भुक्तानी भएकोछ। बिरामीको डाइट सिटमा फुल डाइट तथा हाफ डाइटको संख्या खुलाउनुपर्नेमा सो नखुलाई सबैलाई फुल डाइटको हिसाबलेभुक्तानी गरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई छानबिन गरी बढी भुक्तानी भएको रकम असलु गर्नुपर्दछ। | |
| **भौतिक पुर्वाधार विकास मन्त्रालय** | | |
| ११ | **बढी भुक्तानी-** पूर्वाधार विकास कार्यालय पाँचथरले शखरखण्डे यासोक सडक ठेक्कामा इम्ब्याङ्कमेन्ट, सबग्रेड र सबवेस गर्दा आयोजनाको १.२ मिटरको ड्रेनेजसहित ८ मिटरको मोटर बाटोको ड्रईङ्ग डिजाईन अनुसार अधिक्तम ६.८ मिटरमा मात्र इम्ब्याङ्कमेन्ट, सबग्रेड र सबबेस हाल्नु पर्नेमा हरेक चेनेजमा ७ मिटरको भुक्तानी दिएकोले इम्ब्याङ्कमेन्टमा १३९.१०, सबग्रेडमा १ हजार ८२९.६७ र सबबेशमा २६३.५३ घनमिटरको रू.११ लाख ४६ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ। | उक्त आयोजनाको स्वीकृत डिजाइन/ड्रइङ्ग अनुसार Side Drain= १.२ मि. + Solder (२*०.७५) = १.५ मि. र Carriage Way = ५.५ मि. गरी जम्मा सडकको चौडाई ७.०० मि. रहेको र सोही अनुसार ७ मिटर सडक खण्डमा Embankment, Sub-Grade र Sub-Base को कार्य गरिएको हुँदा असुल गर्नु नपर्ने देखिएकोले उक्त बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| **खानेपानी, सिंचाई तथाउर्जा मन्त्रालय** | | |
| १५ | **घरेलु सौर्य उर्जा जडानः**-एउटै कामलाई दोहोरो भुक्तानी हुने गरी लागत अनुमानमा आइटम समावेश गर्दा रू.९ लाख ९२ हजार थप व्ययभार परेको छ। थप व्ययभार पर्ने गरीलागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ। | बोलपत्र गर्दा बिल अफ क्वान्टिटीमा आपूर्ति र जडानको एउटै आइटम राखेपछिपुनः जडानको छुट्टै आइटम राखी सम्झौता गरेको भएतापनि दोहोरो भुक्तानी भएको नदेखिएकोले उक्त बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| २० | **खर्च शिर्षकः**-डिभिजन कार्यालय, सुनसरीले एक क्षेत्रको नदी नियन्त्रण कार्यक्रममा स्वीकृत भएको बजेट रू.१ करोड ४ लाख २८ हजार स्वीकृतिबेगर अन्य क्षेत्रको नदी नियन्त्रणको काम गराई उपभोक्ता समितिलाई भुक्तानी दिएको छ। एक क्षेत्रको नदी नियन्त्रणको लागि आएको रकम सम्बन्धित निकायको स्वीकृतिवेगर अन्य क्षेत्रको नदी नियन्त्रणमा खर्च गर्नु उचित होइन। | • प्रमाणका कागजात पेश गरी बेरुजु सम्परीक्षण गर्न निर्देशन दिने।<br>• अब आइन्दा सम्बन्धित निकायको स्वीकृती बेगर एक क्षेत्रको कार्यक्रममा स्वीकृत भएको बजेटबाट अर्को क्षेत्रमा काम नगराउन तथा खर्च नगर्न निर्देशन दिने। |
| ३२ | **सीमा भन्दा बढीको काम** -डिभिजन कार्यालय, भोजपुरले उपभोक्ता समितिबाट कार्य गराई यो वर्ष दुई आयोजनामा रू.३ करोड ३८ लाख ५२ हजार खर्च गरेको छ। नियमावलीले | • अब आइन्दा नियमावलीले तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिवाट नगराउन यस पटकका लागि उक्त |



सभापति

| | | |
|---|---|---|
| | तोकेको सीमाभन्दा बढीको काम उपभोक्ता समितिवाट गराउन मिल्ने देखिएन। | बेरुजु सम्परीक्षण गरी नियमित गर्न निर्देशन दिने।<br>• यस्ता गम्भिर खालका बेरुजुहरु औंल्याउदा भुक्तानी दिने पदाधिकारीहरुलाई जिम्मेवार बनाउने वा छानविन गर्ने सम्म लेख्नु पर्ने देखिएको तर त्यती पनि नलेखेकोमा महालेखापरीक्षकको कार्यालयसँग जवाफ माग गर्ने। |
| ३३ | **उपभोक्ता समितिमार्फत खरिद** -यो वर्ष विभिन्न खानेपानी आयोजनाको लागि आवश्यक पर्ने पाइप, फिटिङ्गस तथा विद्युतीकरणका सामग्री उपभोक्ता समिति मार्फत खरिद गरी डिभिजन कार्यालय, भोजपुरले रू.६ करोड ६३ लाख ७२ हजार, सुनसरीले रू.९५ लाख ८० हजार, ओखलढुंगाले रू.२ करोड १४ लाख ३७ हजार, धनकुटाले रू.१ करोड ९३ लाख ८३ हजार र पाँचथरले रू.१ करोड ८१ लाख १८ हजार र खोटाङले रू.७१ लाख ८५ हजार खर्च गरेका उपभोक्ता समितिले गर्न सक्ने कार्य मात्र उपभोक्ता समितिलाई दिई पाइप खरिद कार्य प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्दछ। | • अब आइन्दा उपभोक्ता समितिले गर्न सक्ने कार्य मात्र उपभोक्ता समितिलाई दिईखरिद कार्य प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नर एक पटकका लागि उक्त बेरुजु सम्परीक्षण गरी नियमित गर्न निर्देशन दिने।<br>• यस्ता गम्भिर खालका बेरुजुहरु औंल्याउदा भुक्तानी दिने पदाधिकारीहरुलाई जिम्मेवार बनाउने वा छानविन गर्ने सम्म लेख्नु पर्ने देखिएको तर त्यती पनि नलेखेकोमा महालेखापरीक्षकको कार्यालयसँग जवाफ माग गर्ने। |
| ३७ | **मौज्दात राख्ने गरी खरिद** - निर्माण व्यवसायीले पाइप खरिद गरी निर्माण स्थलको गोदाममा पुगिसकेको हुँदा सोलाई रनिङ्ग बिलमा समावेश गरी भुक्तानी दिन निर्माण व्यवसायीले माग गरेको आधारमा डिभिजन कार्यालय, पाँचथरले प्रथम रनिङ्ग विलमा पाइपको रकम समावेश गरी भुक्तानी गरेको रू.७५ लाख १३ हजार भुक्तानी दिन नमिल्ने हुँदा सो रकमको ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ। | उक्त आयोजनाको सम्पूर्ण पाइप तथा फिटिङ्स जडान भई अन्तिम भुक्तानी भई सकेको र प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रित नपुगेको भएता पनि सरकारी हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |
| ४० | **जनसहभागिता** -डिभिजन कार्यालय, पाँचथरले १० आयोजनाहरूमा उपभोक्ता समितिको योगदानसमेत राखेर सम्झौता गरे तापनि योगदानको अनुपात बमोजिम निर्माण कार्यको मूल्याङ्कित रकमबाट जनसहभागिताको योगदान कट्टा गर्ने गरेको पाइएन। सम्झौता बमोजिम जनसहभागिताको अंश घटी कट्टा गरेको र नगरेको समेत पाइएको हुँदा सम्झौताभन्दा बढी भुक्तानी रू.७१ लाख ६९ हजार असुल गर्नुपर्दछ। | उक्त आयोजनाहरु सम्पन्न हुँदा तोकिएको जनसहभागिता पुगेको प्रमाण पेश भएको र यसबाट कुनै सरकारी हानी नोक्सानी नभएको देखिएको हुँदा उक्त बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने। |

| | | |
|---|---|---|
| ४४ | **बढी भुक्तानी** -डिभिजन कार्यालय, झापाले १२ योजनाहरूको नापजाँच गरी भुक्तानी गर्दा आर.सी.सी. वर्क, एम. २०, एक्स्ट्रा वार, रि-वार, अर्थवर्क एक्जाभेसन, अर्थवर्क फिलिङ, आर.सी.सी. वर्क, रि-बार लगायतका काममा नापीभन्दा रू.१ करोड १ लाख ५९ हजार बढी भुक्तानी गरेकोले असुल हुनुपर्दछ। | मन्त्रालयले छानविन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने। |
| ४५ | **स्थलगत परीक्षण-** डिभिजन कार्यालय, झापाले पथरिया खानेपानी योजना, कचनकवलको प्राविधिकसहित स्थलगत परीक्षण गर्दा बी.ओ. क्यू.को आइटम नं.३ एअर कम्प्रेसर ७.५ एच.पी. लगायतका ५वटा काम साइटमा निर्माण भएको नदेखिएकोले रू.६लाख ३६ हजार असुल गर्नुपर्ने। | मन्त्रालयले छानविन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने। |

२. महालेखापरीक्षकको पाचौं बार्षिक प्रतिवेदन, २०७९ र यससँग सम्बन्धित हुदै आएका विगतका प्रतिवेदनका सम्बन्धित दफाहरु माथि छलफल गरियो। सो को प्रतिवेदन तयार गरी प्रदेश सभामा पेश गर्ने निर्णय गरियो।

**बैठक संख्याः २८**

**<u>मितिः २०८१/०५/१७ गते</u>**

**छलफल तथा निर्णयः**

समितिको आजको बैठकमा देहाय बमोजिमका बिषयमा छलफल भई देहाय बमोजिम गर्ने निर्णय भयोः

१. आजको बैठकमा पेश भएको सार्वजनिक लेखा समितिको पाँचौं बार्षिक प्रतिवेदन, २०८१ को प्रारम्भिक मस्यौदा पारित गरियो। यस प्रतिवेदनमा आनुषाङ्गिक लगायतका सुधार गर्नु पर्ने कुराहरु सुधार गर्न माननीय सभापति किशोरचन्द्र दुलाल, माननी रेवती रमण भण्डारी र माननीय सदानन्द मण्डललाई जिम्मा दिने र उक्त सुधार गरे पश्चात प्रदेश सभामा पेश गर्नका लागि माननीय सभापतिज्यू मार्फत माननीय सभामुखज्यू समक्ष पेश गर्ने।

२. सार्वजनिक लेखा समितिको पहिलो कार्यकाल देखि हालसम्म समितिको सचिव भई कामकाज गर्दै आउनुभएका अधिकृतस्तर आठौं श्री भवानी घिमिरे प्रदेश सरकारको उपसचिव पदमा बढुवा भई घरेलु तथा साना उद्योग कार्यालय, मोरङ जानुभएकोमा वहाँलाई समितिको तर्फबाट विदाई र समिति सचिवको जिम्मेवारी पाउनुभएका अधिकृतस्तर सातौं श्री निरोज ढकाललाई स्वागत गरियो।

## २.२ समितिले हालसम्म सम्पन्नगरेका मुख्य मुख्य गतिविधिहरु

क) समितिको आन्तरिक कार्यविधि निर्माण गरियो।

ख) प्रदेश सरकारले ठूला कृषि अनुदान प्रदान गरेका निजी तथा सरकारी दूग्ध विकास आयोजना तथा सहकारीहरुको अनुगमन गरियो।

ग) वागमती र मधेश प्रदेशका सार्वजनिक लेखा समितिसँग अनुभव आदान प्रदान गरियो।

घ) प्रदेश सरकारद्वारा सञ्चालित केही बहुबर्षीय आयोजनाहरुको अनुगमन गरियो।

ङ) प्रदेश सरकारले समय समयमा घोषणा गरी सञ्चालन गरेका बिभिन्न कार्यक्रमहरुको आबश्यकता, औचित्यता र अनियमितताका बिषयमा सम्बन्धित मन्त्रालयहरुसँग जवाफ मागियो।

च) महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरु उपर छलफल गरी आबश्यक निर्देशनहरु दिइयो।

## २.३ आर्थिक अनुशासनमा सार्वजनिक लेखा समितिको भूमिका

प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी बनाउनका लागि बिषयगत समितिको गठन गरिएको हुन्छ। यसै मान्यताको आधारमा सार्वजनिक लेखा समितिले आफ्नो कार्य क्षेत्र भित्रका निकायहरुको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायी तथा सहभागिता कायम गर्नका निम्ति निम्न भूमिका निर्वाह गरिरहेको छ।

१. आर्थिक गतिविधिहरु नियम कानून सम्मत सञ्चालन भए नभएको बारेमा अनुगमन गर्ने,

२. समितिको कार्य क्षेत्र भित्रका निकायले गरेको काम कारवाहीको सम्बन्धमानागरिकहरुको गुनासो, सिकायत र सुझावको बारेमा समितिमा छलफल गर्ने,

३. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउनका निम्ति समितिमा परेका उजुरी, गुनासो, आदि बिषयको सम्बोधन गर्न आवश्यकता अनुसार समितिमा छलफल तथा स्थलगत अनुगमन गर्ने,

४. समितिले काम कारवाहीको सिलसिलामा कुनै सार्वजनिक सरोकारको महत्वपूर्णबिषयमा निर्णय गर्नुपर्दा सम्बन्धित क्षेत्रका विज्ञसँग राय लिई निर्णय गर्ने।

# परिच्छेद-३
# समीक्षा र निष्कर्ष

## ३.१ समीक्षा

प्रदेश सरकारका निकायहरुको कार्यसम्पादनको अवस्था सन्तोषजनक देखिदैन। सरकारको आफ्नै नीति तथा कार्यक्रममा समावेश गरिएका अधिकांश कार्यक्रमहरु कार्यान्वयन नहुँदा तोकिएको अवधिमा निर्धारित लक्ष्य हाँसिल हुन सकेको छैन। योजना निर्माणमा देखिएको कुशलता, कार्यदक्षता र कार्यसम्पादनको प्रभावकारिता अत्यन्त कमजोर रहेको छ।योजना छनोट कार्य वास्तविक लाभग्राहीहरुको मागको आधारमा निर्वाचन क्षेत्र तथा जिल्लाहरुको वस्तुस्थिति अनुसार सन्तुलित र समानुपातिक ढंगले हुने गरेको पाइएन। मन्त्रालय तथा निकायहरु समितिले गरेका बिभिन्न निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्न गम्भीर भएको पाइदैन।स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तिव्र आर्थिक बृद्धि हाँसिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आबश्यक नीति तथा कानून तर्जुमा गरी सो अनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप संचालन तथा परिचालन लगायतका कार्यहरु गर्नुपर्दछ।

## ३.२ निष्कर्ष

प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि गठन भएका बिषयगत समितिहरुको कार्यको गहनतम महत्व रहेको हुन्छ।संसदीय सर्वोच्चता अँगालिएको हाम्रो जस्तो मुलुकमा संसदीय समितिलाई Mini Parliament पनि भनिन्छ। समितिले बिभिन्न समयमा गरेका निर्णय एवं निर्देशनहरुको सम्पूर्ण रुपमा पालना गर्नु र तिनमा केही कठिनाई भए समितिलाई सुसूचित गर्ने परिपाटी बसाल्न सकिएमा समितिको कार्यको प्रभावकारितामा बृद्धि भई संसदीय सर्वोच्चताको व्यावहारिक प्रयोग भएको ठानिनेछ भन्ने समितिको निष्कर्ष रहेको छ। प्रदेश सभा र समितिहरुले उत्तरदायी, जिम्मेवार, अनुशासित र जवाफदेही ढङ्गले काम गर्नु आजको आवश्यकता हो। यस कुरालाई सबैले आत्मसात गर्नु पर्दछ। प्रदेश सभा मार्फत प्रदेश सरकारलाई समितिको तर्फबाट निम्न वमोजिम सुझाव दिइन्छ।

**<u>तपशील</u>**

१. आर्थिक गतिविधिहरु नियम कानून सम्मत सञ्चालन भए नभएको सम्बन्धमा सार्वजनिक लेखा समितिलेमाग गरेको विवरण यथा समयमा उपलब्ध गराउन।

२. महालेखा परिक्षकको बार्षिक प्रतिवेदन उपर औंल्याइएको वेरुजु समयमै सम्बन्धित निकायले फर्छ्यौट गर्न।

३. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउनका निम्ति समितिमा परेका उजुरी, गुनासो आदि बिषयको सम्बोधन गर्न समितिले आवश्यकता अनुसार छलफल, स्थलगत अनुगमन गरी सो सम्बन्धमा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्न।

४. सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको सम्बन्धमा आवश्यक अध्ययन, अनुगमन र मूल्यांकन गरी समितिले दिएको सुझाव र निर्देशनकोसरोकारवाला निकायले पालना गर्ने।

५. प्रदेश सरकारका मन्त्रालय तथा मातहत कार्यालयमा सार्वजनिक खरिद सम्बन्धी कानूनको पालना गर्ने क्रममा सरकारको बजेट खर्च गर्दा सकेसम्म कम खर्चमा कार्य सम्पादन गर्न निरन्तर प्रयत्न गर्नुपर्दछ। उपभोक्ता समितिबाट कार्य सम्पादन गराउदा सेड्युल दरमा आधारित भएर नघट्ने गरी काम गराउने अभ्यास उपयुक्त छैन। तसर्थ उपभोक्ता समितिबाट काम गराउदा कम्तिमा पन्ध्र प्रतिशत जन सहभागिता सुनिश्चित हुने र कोटेशनको प्रक्रियाबाट काम गराउदा पनि कम्तिमा पन्ध्र प्रतिशत घटी रेटमा काम गराउन वा पाँच लाख भन्दा बढी अंकको काम गराउदा काबु वाहिरको परिस्थितिमा बाहेक प्रतिस्पर्धा नै गराउने प्रक्रिया अवलम्वन गर्न अनिवार्य गर्न उचित हुने निर्देशन दिन प्रदेश सरकारको ध्यानाकर्षण गर्ने।

६. समितिको काम कारवाहीलाई प्रविधि मैत्री बनाउनु पर्ने।

७. समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने।

८. समितिका सदस्य एवं कर्मचारीहरुलाई पर्याप्त मात्रमा अध्ययन भ्रमण, अन्तरक्रिया, छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त वजेटको व्यवस्था गर्नुपर्ने।

९. समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवस्यक वैदेशिक भ्रमण, अध्ययन, अनुभव आदान-प्रदान, तालिम आदि उपलब्ध गराउनु पर्ने।

अनुसूची -१

## समितिका मा. सदस्यहरुको बैठकहरुमा उपस्थिति

| क्र.सं. | नाम,थर | उपस्थित दिन | कैफियत |
|---|---|---|---|
| १ | मा. किशोरचन्द्र दुलाल | २८ | |
| २ | मा. गितारानी महतो | २४ | |
| ३ | मा. दुर्गा प्रसाद चापागाई | २४ | |
| ४ | मा. पाँचकर्ण राई | ११ | मिति २०८१/२/४ गतेदेखि मन्त्री हुनुभएको। |
| ५ | मा. प्रदिप कुमार सुनुवार | १५ | २०८०/१०/२६ मामन्त्री हुनुभएको। |
| ६ | मा. प्रेमराज थाम्सोहाङ | ५ | |
| ७ | मा. भीम पराजुली | ६ | |
| ८ | मा. यशोदा कायस्थ | १६ | |
| ९ | मा. रेवती रमण भण्डारी | २३ | |
| १० | मा. सदानन्द मण्डल | २६ | |
| ११ | मा. हिमाल कर्की | ९ | |



सभापति

अनुसूची -२

# फोटोहरु



## सार्वजनिक लेखा समितिको पहिलो बैठक





का.वा. महालेखापरीक्षकसँगको बैठक तथा छलफल





सगरमाथा डेरी विशिष्टिकृत सहकारी अनुगमन



## अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम, बागमती प्रदेश







**अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम, बागमती प्रदेश**



**अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम, बागमती प्रदेशका मुख्यमन्त्रीसँग**




अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम, मधेश प्रदेश



अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम, मधेश प्रदेशका सभामुखसँग



रम्फोक खोला ढोडे सिँचाई योजना सूर्योदय नपा ९, इलाम



रम्फोक खोला ढोडे सिँचाई योजना सूर्योदय नपा ९, इलाम



सुकेनिन्दा सिँचाई योजना रोङ ५, इलाम



सुकेनिन्दा सिँचाई योजना रोङ ५, इलाम



बेरुजु सम्बन्धी छलफल, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय झापा





**बेरुजु सम्बन्धी छलफल, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय झापा**




**बेरुजु फछ्र्यौट व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम भेडेटार**